सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ माघ २०८१, मंगलबार (11 Feb 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २९६ ■ पृष्ठ १२+४ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

चौतर्फी विरोधपछि सत्येन्द्र र नेहालाई घर पठाइयो

सडकदेखि सदनसम्म गृहमन्त्रीको चर्को आलोचना भएपछि आइजिपीले प्रहरीमै कार्यरत सत्येन्द्रका बुबालाई पटक-पटक फोन गरेर छोराबुहारीलाई घर लैजान दिएका थिए निर्देशन, बरहथवा बजारबाट घरसम्म स्कर्टिङ, दुई प्रहरी घरमा तैनाथ

सर्लाहीका सहायक सिडिओ होमप्रसाद घिमिरे, एसपी रवीन्द्रकुमार सिंह, सशस्त्रका एसपी विनोदराज खनाल, अनुसन्धानका डिएसपी रामरिझन यादवलगायतको टोली सोमबार सत्येन्द्रको घरमा पुगेर सुरक्षाको आश्वासन दिँदै ।

अधिवक्ता शैलेन्द्र अम्बेडकर भन्छन्-

सर्वोच्चमा पेसी हुँदा बिदासमेत नदिएका आइजिपीले अहिले सत्येद्रका बुबालाई 'छोराबुहारी घर लैजानुस्, घरमै प्रहरी खटाएर सुरक्षा दिन्छु' भन्दै छुट्टी दिनु आश्चर्यजनक छ

मलाई याद छ, सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको पेसी भएका वेला सत्येन्द्रका बुबा (असइ इन्दल राम)लाई छुट्टीसमेत नदिएपछि भागेर आएका थिए । त्यतिवेला 'छोराको पेसी छ, जान्छु' भन्दा जान दिइएको थिएन, अहिले के त्यस्तो बाध्यता आइलाग्यो र आइजिपीले नै फोन गरेर 'ल तपाईं एक हप्ताका लागि छुट्टीमा जानुस्, छोराबुहारीलाई घर लिएर जानुस्, तपाईंलाई सारा सुरक्षा व्यवस्था मेनेज गरिदिन्छु, घरमै प्रहरी ड्युटी खटाइदिन्छु' भने । यो आश्चर्यजनक छ । प्रहरीमाथि अझै शंका नै छ । घर पठाइदिए भन्दैमा सत्येन्द्र र नेहामाथि अत्याचार गर्ने र गर्न निर्देशन दिनेहरूले उन्मुक्ति पाउनुहुँदैन ।

राजविराजमा **सौरभ यादव**

राज्यबाटै असुरक्षित भएपछि काठमाडौंमा लुकीछिपी बस्दै आएका अन्तरजातीय दम्पती सत्येन्द्रकुमार राम (चमार) र नेहा रौनियारको न्यायका लागि चौतर्फी आवाज उठेसँगै दबाबमा परेको सरकारले उनीहरूलाई पूर्ण सुरक्षा हुने ग्यारेन्टी दिएर सर्लाही बरहथवास्थित घर पठाएको छ । आइजिपी वसन्तबहादुर कुँवरले प्रहरी संगठनमै रहेका सत्येन्द्रका बुबा इन्दल रामलाई छोरा-बुहारी घर लैजान दबाब दिएपछि सोमबार परिवारका सबै सदस्य बरहथवा-१०, कटानीस्थित घर गएका हुन् ।

सदनमा गृहमन्त्री र आइजिपीमाथि छानबिनको माग जारी

■ गृहमन्त्रीको स्वीकारोक्ति : **मसँग कुरा आएपछि सहजीकरण गर्न प्रहरीलाई भनेको हुँ**

सत्येन्द्र र नेहालाई छुटाउन गृहमन्त्री रमेश लेखकको आदेश र आइजिपी कुँवरको निर्देशनमा बम्बईसम्म प्रहरी पुगेर कुटपिट गर्दै पक्राउ गरेको, बालविवाहको झुटा मुद्दा चलाएको विषय सडकदेखि सदनसम्म उठेपछि सरकार दबाबमा परेको थियो । गृहमन्त्रीमाथि संसदीय समिति बनाएर

» पृष्ठ १५ मा क्रमशः

■ घर पुगेपछि सत्येन्द्र र नेहाले भने-

झुटा मुद्दा चलाउनेदेखि कुटपिट गर्दै पक्राउ गर्ने र उनीहरूलाई निर्देशन दिने गृहमन्त्री र आइजिपीसहितका अधिकारीमाथि छानबिन होस्

हामीहरू आज (सोमबार) आमा र बुबासहित घर आइपुगेका छौं । काठमाडौंबाट हामी आफैं गाडी रिजर्भ गरेर आएका हौं । बरहथवा बजार आएपछि भने प्रहरीले स्कर्टिङ गरेर घरसम्म ल्यायो । सहायक सिडिओ, प्रहरीका एसपी, सशस्त्रका डिएसपीलगायत पनि बजारबाट हामीसँगै घर आइपुग्नुभयो । एसपी सापले 'तिमीहरूलाई बम्बईसम्म पुगेर लखेटेर पक्राउ गरेको विषयमा त मलाई थाहै थिएन, न्युजमा आएपछि मात्रै थाहा पाएँ' भन्नुभयो । उहाँहरूले यहाँ (घरमा) रहँदासम्म सुरक्षा दिन्छौं भन्नुभएको छ । घरमा २४सै घण्टा सुरक्षाका लागि भनेर दुईजना प्रहरी खटाइदिनुभएको छ । हामी कतै जानुपरे पनि उनीहरूले सँगै सुरक्षा दिने भन्नुभएको छ ।

आइजिपी सरले बुबालाई छोरा-बुहारी घर लैजानुस् भन्नुभएछ । अनि हामी परिवारमा सल्लाह गरेर आएका हौं । प्रहरीको सुरक्षा दिएर मात्रै हामीलाई शान्ति हुँदैन । अदालतमा बालविवाहको झुटा मुद्दा छ । घरमा आउनुभएका सहायक सिडिओ, एसपीहरूसँग हामीले यो कुरा पनि राख्यौं । उहाँहरूले मुद्दा खारेज गराउन पहल गर्छौं भनेर आश्वासन दिनुभएको छ । तर, त्यो झुटा मुद्दा भएकाले खारेजभन्दा पनि फिर्ता लिनुपर्छ भन्ने हाम्रो माग छ । उहाँहरूले अदालतमा कुरा गर्छौं भन्नुभएको छ ।

हामीमाथि अन्याय गर्नेलाई पनि छानबिन गरेर कारबाही होस् । शान्तिसुरक्षा दिनुपर्ने ठाउँमा बसेर उल्टै अन्तरजातीय विवाह गरेकै नाममा

» पृष्ठ १५ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बालिका बन्धक बनाई श्रमशोषण गर्ने एमाले सांसद शर्मालाई उन्मुक्ति

जिल्ला र उच्च सरकारी वकिलले गरे मुद्दा नचलाउने निर्णय, महान्यायाधिवक्ता कार्यालयबाट सदरको तयारी

● **रामहरि काफ्ले**
सहन्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं

रेखा शर्माविरुद्धको मुद्दा नचल्ने निर्णय भएको हो । उक्त निर्णय उच्च सरकारी वकिल कार्यालयबाट पनि निर्णय भएर महान्यायाधिवक्ता कार्यालयमा पेस भएको सुनेको छु ।

टेकराज थामी / नयाँ पत्रिका

१४ वर्षीया बालिकालाई घरेलु मजदुरका रूपमा ६ वर्षसम्म बन्धक बनाई शारीरिक यातना दिएकी एमालेकी लुम्बिनी प्रदेश सांसद रेखा शर्माले सत्ताको 'निगाह'मा उन्मुक्ति पाएकी छिन् । सरकारी वकिल कार्यालय काठमाडौंले बाल श्रमशोषणमा उनीविरुद्ध मुद्दा नचलाउने निर्णय लिएको छ । र, उच्च सरकारी वकिल कार्यालय पाटनले पनि यसलाई वैधता दिएको छ । अब महान्यायाधिवक्ता कार्यालयबाट त्यसलाई सदर गर्ने सरकारको तयारी छ ।

सांसद शर्माविरुद्धको मुद्दा नचलाउने आफ्नो निर्णय सरकारी वकिल कार्यालय काठमाडौंले उच्च सरकारी वकिल कार्यालय पाटन पठाएको थियो । उच्चले पनि जिल्लाकै निर्णय सदर गर्दै महान्यायाधिवक्ता कार्यालय पठाइसकेको छ । अब मुद्दा चल्ने-नचल्ने विषयमा अन्तिम निर्णय महान्यायाधिवक्ताले लिनेछन् ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका सहन्यायाधिवक्ता रामहरि काफ्लेले शर्माविरुद्ध मुद्दा नचल्ने निर्णय

» पृष्ठ १५ मा क्रमशः

६ वर्षदेखि यसरी गरिएको थियो शोषण

प्रदेश सांसद रेखा शर्मा

महानगरपालिकाले गत भदौमा बालबालिकाको क्षेत्रमा काम गर्न केही विद्यार्थी इन्टर्नमा मागेको थियो । सोही क्रममा ३१ विद्यार्थी छनोट भए । उनीहरू विद्यार्थीको अवस्था बुझ्न महानगरभित्रका विद्यालयमा पुगे । यही क्रममा उनीहरू धुम्बाराही माध्यमिक विद्यालय पुगे । त्यहाँ उनीहरूले अभिभावकसँग नबस्ने सम्पर्कमा आएका पाँच विद्यार्थीलाई बाल अधिकार, संरक्षण र वकालतका सम्बन्धमा अनलाइन फर्म भर्न लगाएका थिए । सोही क्रममा कक्षा ७ मा अध्ययनरत १४ वर्षीया बालिकाले आफू ६ वर्षदेखि घर जान नपाएको र शारीरिक यातना भोग्नुपरेको फाराममा उल्लेख गरेकी थिइन् । महानगरले थप खोज्दा एमाले प्रदेश सांसद रेखा शर्माले धुम्बाराहीस्थित निजी निवासमा ती बालिकालाई बन्धक बनाएर श्रमशोषण गर्दै आएकी थिइन् । त्यसलगत्तै महानगरको टोली शर्माको घर पुगेर बालिकाको उद्धार गरेको थियो । महानगरको टोलीसँग बालिकाले 'भनेको नमान्दा शर्माले लाठी, पाइप, हातले शरीरमा कुटपिट गर्ने गरेको' बताएकी थिइन् । घरमा उनले पोछा लगाउने, पानी भर्ने, भाँडा माझ्ने, घर सफा गर्ने, खाना बनाउने र बगैंचा सफा गर्नेलगायतका काम गर्नुपर्ने बताएकी थिइन् । बालिकाको उद्धार गरेपछि महानगरले प्रहरीमा जाहेरी दिएको थियो । तर, सत्ताको आडमा लामो समय प्रहरीले नै मुद्दा अगाडि बढाएन । सदनसम्मै हंगामा मच्चिएपछि प्रहरीले शर्माविरुद्धको अनुसन्धानको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा पठाएको थियो । तर, मुद्दा अदालतसम्म पुग्न सकेको थिएन । सरकारी वकिल कार्यालयले अहिले मुद्दा नचलाउने निर्णय नै गरेको हो ।

■ बालेनले यसअघि नै भनेका थिए- उन्मुक्ति दिइँदै छ

सत्ताको पहुँचमा सांसद शर्मालाई उन्मुक्ति दिन नहुने भन्दै काठमाडौंका मेयर बालेन शाहले निरन्तर खबरदारी गर्दै आएका थिए । गत १ सेप्टेम्बरमा रेखालाई पक्राउ नगरिएकोमा आपत्ति जनाए भने १४ सेप्टेम्बरमा पीडित बालिकाहरू 'न्याय नपाएर मर्नुपरेको' भन्दै सामाजिक सञ्जालमा प्रधानमन्त्री ओलीप्रति आक्रोश व्यक्त गरे ।

Balen
September 1, 2024
यहाँ हुनुहुन्छ नेकपा एमालेकी प्रदेश सांसद रेखा शर्मा, यहाँ ले विगत ८ वर्ष देखी बन्दी बनाएर, एक जना नबालिकालाई घरेलु कामदार को नाममा हिंसा गर्दै आउनु भएको छ, दैनिक रूप मा कुटपिट गर्दै आउनु भएको छ । काठमाडौं महानगर ले विगत २ महिना देखी कारवाही अगाडी बढाउनु भन्दा पनि यो सरकार ले समाएको छैन । अदालतले पनि मुद्दा चलाउ भनेर भनी सकेको छ ।
सम्माननिय प्रधानमन्त्री खड्ग प्रसाद ओली ज्यु,
कहिले समाउने ?? कि नसमाउने ??
Balen
September 14, 2024

■ ठुला र गम्भीर प्रकृतिका अपराधका आरोपीलाई धमाधम 'क्लिन चिट'

विनोद चौधरी | सुनील शर्मा | लीलाबल्लभ अधिकारी | ऐन महर

काठमाडौं / सत्तापक्षीय ठुला नेता जोडिएका गम्भीर प्रकृतिका अपराध अनुसन्धान तथा अभियोजनमा एकपछि अर्को गरी सत्ताको प्रत्यक्ष हस्तक्षेप देखिएको छ । मुलुकी फौजदारी कार्यविधि संहिताले दिएको अधिकार 'दुरुपयोग' गर्दै महान्यायाधिवक्ता रमेश बडालले केही गम्भीर प्रकृतिका 'अपराध'मा मुद्दा नै नचलाउने निर्णय लिएका छन् । कतिपय घटनामा प्रहरीले पनि अनुसन्धानप्रति रुचि राखेको छैन ।

पछिल्लोपटक बाँसबारी छालाजुत्ता कारखाना जग्गा हिनामिना प्रकरणमा उद्योगपति तथा कांग्रेस सांसद विनोद चौधरी, जापानमा मानव तस्करी प्रकरणमा कोशीका तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारी र नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग अभियोगमा कांग्रेस सांसद डा. सुनील शर्माले सत्ताकै 'निगाह' मा 'क्लिन चिट' पाएका छन् । बलात्कार आरोपमा एमाले केन्द्रीय सदस्य ऐन महरविरुद्ध मुद्दा दर्तामा आलटाल भइरहेको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसार प्रत्येक सरकारी वकिललाई मुद्दा नचलाउने निर्णय गर्ने अधिकार दिइएको छ । र, यससम्बन्धी अन्तिम निर्णय भने महान्यायाधिवक्ताले गर्छन् । अहिले यसको मनमौजी प्रयोग भएको आरोप छ ।

» पृष्ठ १५ मा क्रमशः

■ गिरीबन्धु टी इस्टेट प्रकरण

सर्वोच्चको आदेश कार्यान्वयनमा अवरोध गरेको भन्दै प्रधानमन्त्रीविरुद्ध अवहेलनाको मुद्दा

यस्तो छ रिट दायर गरेका अधिवक्ता ओमप्रकाश अर्यालको दाबी-

● **सर्वोच्च अदालतबाट भएको परमादेश कार्यान्वयन नभएको र उल्टै प्रधानमन्त्री केपी ओलीसमेतले अवरोध खडा गरेको तथा सरकारले फैसला कार्यान्वयनको साटो अध्यादेश ल्याई जग्गा सट्टापट्टा सहज बनाएको ।**

● **प्रधानमन्त्री ओली र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले गरेको कार्य सर्वथा अनुचित, गैरकानुनी तथा गैरसंवैधानिक मात्र नभई प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त कसुर भएको ।**

शिल्पा कर्ण / नयाँ पत्रिका

सरकारले सर्वोच्च अदालतको परमादेश कार्यान्वयनमा अवरोध हुने गरी अध्यादेश ल्याएको भन्दै प्रधानमन्त्री केपी ओली र भूमि व्यवस्थामन्त्री बलराम अधिकारीविरुद्ध अवहेलनाको निवेदन दर्ता भएको छ । अधिवक्ता ओमप्रकाश अर्यालले प्रधानमन्त्रीबाटै परमादेश कार्यान्वयनमा निरन्तर रूपमा अवज्ञा गरेको र फैसला कार्यान्वयनमा प्रत्यक्ष अवरोध गरिएको दाबी गरिएको छ ।

» पृष्ठ १५ मा क्रमशः

■ यस्तो थियो सर्वोच्चको फैसला

केपी ओली नेतृत्वकै तत्कालीन सरकारले ०७८ मा भूमिसम्बन्धी ऐन संशोधन गर्दै गिरीबन्धुको कुल पाँच सय बिघा जग्गा सट्टापट्टाको नाममा प्लटिङ गरी बेच्ने व्यवसायीको योजनालाई सहज बनाएको थियो । तर, संशोधनविरुद्ध अधिवक्ता अर्यालले २ भदौ ०७८ मा रिट दर्ता गराए । उक्त रिटमाथि गत वर्ष २४ माघमा तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ तथा न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल र सुष्मालता माथेमाको संवैधानिक इजलासले परमादेशसहितको फैसला दियो । कुनै प्रा.लि. खडा गरी हदबन्दीसम्बन्धी कानुन छल्ने प्रवृत्ति शोभनीय नहुने फैसलामा छ ।

हदबन्दीभन्दा बढी जग्गा सरकारले कानुनी प्रक्रिया पूरा गरी प्राप्ति वा जफत नै गर्नुपर्ने तथा अन्य प्रयोजनमा उपभोग गर्न नमिल्ने संवैधानिक इजलासको निष्कर्ष छ । 'जुन प्रयोजनले हदबन्दी छुट दिएको हो सो प्रयोजन समाप्त भएमा वा निष्क्रिय रहेमा वा सो प्रयोजनमा जग्गा उपभोग नगरिएमा सो जग्गा प्राप्त गर्नु नेपाल सरकारको अनिवार्य कानुनी कर्तव्य वा जिम्मेवारी हो,' फैसलामा छ, 'यसलाई सरकारको इच्छाधीन वा स्वेच्छाको विषय ठान्न मिल्दैन । चियाखेती (उद्योग) का लागि हदबन्दी छुट दिइएको जग्गामा चियाखेती (उद्योग) नै सञ्चालित भएको हुनुपर्दछ ।'

संसदीय प्रक्रियामा सरकारी बलमिच्याइँविरुद्ध बोल्न सभामुखबाटै रोक

सभामुख र महासचिवले नबोल्दा उपयुक्त हुने भन्दै समय नदिएपछि सांसदले गरे प्रतिवाद, विधेयकको प्रक्रियाको विषय आकस्मिक घटना नभएकाले सभामुखले समय नदिएको माओवादी प्रमुख सचेतक हितराज पाण्डेको भनाइ

(विस्तृत पृष्ठ ३)

निर्णय नगर्ने पदाधिकारीलाई बाध्य पार्ने कानुनी व्यवस्था

सचिवबाट हुने निर्णय मन्त्रिपरिषद्मा लैजान नपाइने

सार्वजनिक प्रशासनमा आफ्नो जिम्मेवारी र अधिकार क्षेत्रभित्रको विषय पनि आलटाल गरी मन्त्रिपरिषद्मा लैजाने बेथिति बढ्दै गएपछि कानुनमै व्यवस्था गरेर यस्तो प्रवृत्ति निरूपण गर्न सरकार लागिपरेको छ

(विस्तृत पृष्ठ ४)

विघटनको सँघारमा भारतको विपक्षी गठबन्धन

गठबन्धनको सबैभन्दा ठुलो शक्तिका रूपमा रहेको कंग्रेस अहिले गुटबन्दीको जननी र एकताको बाधक बनेको इन्डिया गठबन्धनका अन्य दलको आरोप

(विस्तृत पृष्ठ ७)

नेप्सेमा कार्यकारी प्रमुख नियुक्ति अघि नबढाउन अर्थ मन्त्रालयको बहानाबाजी

संस्थानहरूमा कार्यकारी प्रमुखको पदपूर्ति गर्ने वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको नेतृत्वमा दुईजना सहसचिव छन् । तर, नेप्सेको प्रमुख कार्यकारी अधिकृतको भर्ना, छनोट र नियुक्ति प्रक्रिया थाल्ने जिम्मेवारी आफ्नो नभएको भन्दै एकले अर्कोलाई देखाएर पन्छिँदै छन् ।

शुक्रबारदेखि खुम्बुमा व्यावसायिक उडान थालिने

(विस्तृत पृष्ठ ११)

एक व्यक्तिका कारण सशस्त्रको सिंगो संगठन नै बन्धक

ब्याच मिचेर एसएसपी दीपेन्द्र कुँवरलाई बढुवा गर्न सयौं अधिकृतको पदोन्नति महिनौंदेखि रोकियो, कांग्रेस सभापति देउवाका भतिजीज्वाइँ हुन् कुँवर

● सशस्त्र प्रवक्ता डिआइजी कुमार न्यौपाने भन्छन्- **बढुवा किन रोकिएको हो, त्यसबारे मलाई जानकारी छैन । सायद गृहकार्य भइरहेको होला ।**

नवराज मैनाली / नयाँ पत्रिका

एक प्रहरी अधिकारीको व्यक्तिगत महत्त्वाकांक्षा पूरा गर्न सशस्त्र प्रहरीको सिंगो संगठन नै बन्धक बनेको छ । ब्याच मिचेर प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दीपेन्द्र कुँवरलाई बढुवा गर्नका लागि सशस्त्र प्रहरीमा सयौं अधिकृतको पदोन्नति महिनौंदेखि रोकिएको छ ।

कुँवर कांग्रेस सभापति शेरबहादुर देउवाका भतिजीज्वाइँ (सभापति देउवाका स्वकीय सचिव भानु देउवाका बहिनीज्वाइँ) हुन् । भावी आइजिपीमा सुनिश्चित गर्न ब्याचबाट एकल मात्र होइन, अघिल्लो ब्याचलाई नै उछिनेर सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआइजी) मा बढुवा गर्न दबाब दिइएको छ । त्यसो गर्दा संगठनमा भाँडभैलो हुन सक्ने भन्दै सशस्त्र प्रहरी मुख्यालयले बढुवा प्रक्रिया अघि बढाउन सकेको छैन ।

सशस्त्र प्रहरीमा १६ भदौदेखि दुई डिआइजीको पद रिक्त भएकोमा गत साता थप एक पद रिक्त भएको थियो । तर, अझै सशस्त्र प्रहरी प्रधान कार्यालयले बढुवाको सुरसार गरेको छैन । राजनीतिक हस्तक्षेपकै कारण डिआइजीमा बढुवा हुन नसक्दा तल्लो तहसम्मकै पदोन्नतिको प्रक्रिया रोकिएको छ । यसबाट सयौं प्रहरी अधिकारी मारमा परेका छन् । एक व्यक्तिका कारण सिंगो संगठन नै बन्धक

» पृष्ठ १५ मा क्रमशः

इन्स्पेक्टर भर्ना हुँदा ७४औं स्थानका कुँवर एसएसपीमा आइपुग्दा पहिलो नम्बरमा !

दीपेन्द्र कुँवर ०५९ मा भर्ना भएका सशस्त्र प्रहरीको दोस्रो ब्याचका अधिकृत हुन् । इन्स्पेक्टरमा भर्ना हुँदा ७४औं स्थानमा रहेका उनलाई डिएसपीबाट एसपी बनाउँदा १०औं नम्बरमा तानिएको थियो भने एसपीबाट एसएसपीमा पहिलो नम्बरमा तानिएको थियो । उनी कार्यसम्पादनमा भने कमजोर एसएसपी हुन् । शक्तिकेन्द्रको आडमा उनी आफ्नो ब्याचमा पहिलो नम्बरमा बढुवा मात्र भएनन्, बढुवा भएदेखि सशस्त्र प्रहरीको आकर्षक मानिने प्रबन्धक महाशाखाको प्रमुख छन् । सशस्त्र प्रहरी नियमावलीअनुसार सामान्यतया डेढ वर्षसम्म मात्र एउटै कार्यालयमा रहने प्रावधान रहेकोमा उनी तीन वर्षदेखि एउटै महाशाखामा बसिरहेका छन् । कुँवरले सशस्त्र प्रहरीको स्टाफ कलेजको परीक्षा उत्तीर्ण गर्न नसकेपछि राजनीतिक पहुँचकै आधारमा नेपाली सेनामा पठाएर स्टाफ कलेज गराइएको थियो । सेनामा स्टाफ कलेज गर्न जान पनि अरूको हकमा प्रवेश परीक्षा उत्तीर्ण गर्नुपर्ने प्रावधान थियो । तर, उनको हकमा विशेष निर्णय गरेर प्रवेश परीक्षा नै नलिई पठाइएको थियो । सशस्त्र प्रहरीमा स्टाफ कलेज नगरेका एसएसपीभन्दा माथिल्लो पदमा बढुवा नहुने प्रावधान छ ।

दुई ब्याचलाई उछिनेर कुँवरको बढुवा गर्न दबाब

हाल डिआइजी बढुवामा नेपाल प्रहरीबाट स्थानान्तरण भएका कृष्ण पाठक सबैभन्दा सिनियर हुन् । उनीपछि सशस्त्र प्रहरीको पहिलो ब्याचकै एसएसपीहरू मनीष थापा र कृष्ण ढकाल छन् । तर, दुई ब्याचलाई उछिनेर कुँवरलाई बढुवा गर्न दबाब दिइएको छ ।

■ नेपाल प्रहरीको तल्लो तहमा बढ्दो निराशा

६ महिनामा ८०० ले दिए राजीनामा

नेपाल प्रहरीको माथिल्लो तहमा ३० वर्षे सेवावधि हटाएर जागिर लम्ब्याउने प्रयास भइरहँदा तल्लो तहका प्रहरीमा भने निराशा बढ्दो छ । पछिल्लो समय राजीनामाको संख्या ह्वात्तै बढेको छ । दिनमै १० जनासम्म प्रहरीले राजीनामा दिन थालेपछि प्रहरी प्रधान कार्यालयले कुनै पनि सुविधा कटौती नहुने भन्दै पटक-पटक सर्कुलर गर्नुपरेको छ । धेरैको राजीनामा रोकिएका छन् । साउनदेखि पुससम्मको ६ महिनामा ८०९ जनाले राजीनामा दिएका छन् । पुसमा मात्र १७१ प्रहरीको राजीनामा स्वीकृत भएको छ । मंसिरमा १२७, कात्तिकमा २८३, असोजमा ४५, भदौमा ५८ र साउनमा १२५ जनाको राजीनामा स्वीकृत भएको थियो ।

माघमा राजीनामा लिएर आउने अझै बढेपछि गत साता मात्र प्रहरी प्रधान कार्यालयले 'प्रहरी कर्मचारीहरूले पाउने सेवा-सुविधामा कुनै पनि कटौती नभएको व्यहोरा सम्पूर्ण प्रहरी कर्मचारीहरूमा जानकारीका लागि अनुरोध भन्दै' सर्कुलर गरेको छ । प्रशासन महाशाखाले त राजीनामाको बढ्दो कारणबारे अध्ययनसमेत थालेको छ । प्रहरी प्रवक्ता डिआइजी दिनेश आचार्य अन्य अवसरका लागि प्रहरी अधिकारीले राजीनामा दिने गरेको र त्यो पहिलेदेखि नै कायम रहेको बताउँछन् ।

यसअघि प्रहरी प्रधान कार्यालयले गरेको अध्ययनमा सेवा-सुविधाको कमी, अत्यधिक ड्युटी र सरुवा-बढुवामा निष्पक्ष निर्णय नहुने भएकाले राजीनामा दिने गरेको खुलेको छ । तर, तल्लो तहलाई सेवामा टिकाउने गरी सरकारले कुनै पहल गरेको छैन । अहिले जवानमा भर्ना भएका वरिष्ठ हवल्दार तथा असइमा भर्ना भएका वरिष्ठ सइबाटै अवकाशमा जाने अवस्था छ । तल्लो तहको यस्तो जाम खुलाउन पटक-पटक माग हुँदा पनि गृह मन्त्रालयले पहल गरेको छैन । बढुवाको जाम खुलाउन तल्लो तहका केही पदमा माथिल्लो तहमा मिलान गर्नुपर्ने आवाज उठे पनि तल्लो तहका प्रहरीका समस्या कसैले नसुन्ने गरेको उनीहरूको गुनासो छ ।

■ बाढीपहिरोपछि दक्षिण ललितपुरवासीका दुःख

खेत बन्यो बगर, चार महिनादेखि भत्केको पुल अझै बनेन

शिवहरि घिमिरे/नयाँ पत्रिका

वारि ललितपुरको बागमती गाउँपालिका-४ खयरघारी र पारिपट्टि मकवानपुरको बकैया गाउँपालिका-१० केराघारी । यी दुई ठाउँलाई छुट्याउँछ बागमती नदीले । दुई जिल्ला जोड्न खयरघारीमा एउटा झोलुंगे पुल छ । यो पुल खयरघारी र केराघारीवासीलाई जोड्ने मुख्य माध्यम पनि हो । ललितपुरपट्टिका कतिपय बालबालिका यही पुल प्रयोग गरेर स्कुल जाने-आउने गर्छन् भने मकवानपुरपतर्फका पनि ललितपुर पढ्न आउँछन् । किसानहरू कृषि उत्पादन बेच्न वारिपारि गर्ने पुल पनि यही हो । दूरी छोटो हुने भएकाले १२ असोजअघिसम्म वारिपारि गर्दा अधिकांशले यही पुल प्रयोग गर्थे ।

बाढीले बगाएको पुल मर्मत नभएपछि काठको भऱ्याङ राखी वारपार गर्दै स्थानीय । तस्बिर : सञ्जीव योञ्जन/नयाँ पत्रिका

तर, १२ असोजमा बागमतीमा आएको बाढीले झोलुंगे पुल क्षतिग्रस्त भयो । पुलको जग बगाएर केही पर सरेको मात्रै छैन, पुल नै कोल्टे परेको छ । पुलसम्म पुग्ने पक्की भऱ्याङ बाढीले बगायो । त्यसयता ललितपुरतर्फका ४० भन्दा बढी र मकवानपुरतर्फका ५० भन्दा बढी परिवार वारपार गर्न चार किलोमिटर परको पुलमा पुग्नुपर्ने भएको छ । कतिपयले भने कोल्टे परेकै पुलमा बाँसको भऱ्याङ बनाएर जोखिमपूर्ण यात्रा गर्ने गरेका छन् । पुल मर्मत गर्नेतर्फ भने तीनै तहको सरकारले चासो नदिएको खयरघारीका केशवप्रसाद सापकोटाले बताए । 'मेरो बसाइ ललितपुरतर्फ छ, खेतिपाती मकवापुरमा छ, पुल नतरी सुखै छैन । जोखिम मोलेरै भए पनि कोल्टे परेको पुलबाट ओहोरदोहोर गरिरहेको छु,' उनले भने, 'बाढीअघिसम्म बागमती नदी क्षेत्रमा करिब १८ सय रोपनी खेत थियो, सबै बगायो ।' बाढीले मकवानपुर र ललितपुरलाई जोड्ने बागमती नदीका तीनवटा झोलुंगे र दुइटा पक्की पुलमा क्षति पुऱ्याएको थियो । यसमध्ये कुनै पनि पुल मर्मतसम्भार हुन सकेका छैनन् ।

बागमती गाउँपालिका-६ का वडाध्यक्ष नारायण बम्जनका अनुसार भत्किएका सडक र पुल मर्मतमा प्रदेश र केन्द्र सरकारले चासो दिएका छैनन् । उनले भने, 'झोलुंगे पुल निर्माण नहुँदा बागमती नदी ओहोरदोहोर गर्न कठिन छ, क्षतिको विवरण जिल्ला प्रशासनमा पठाए पनि थप केही भएको छैन ।'

खेतबारी बाढीपहिरोले बगाएपछि पशुपालनतर्फ किसान

चार महिनाअघिको बाढीपहिरोले ललितपुरको बागमती र कोन्ज्योसोम गाउँपालिकाको प्युटार, आश्राङ र गोटिखेलमा धेरै नै क्षति पुऱ्याएको थियो । भौतिक संरचना मात्रै नभई सयौँ रोपनी खेतीयोग्य जमिनसमेत बगरमा परिणत भए । खेतबारी बगेपछि खेतिपातीमा आश्रित यहाँका किसान वैकल्पिक पेसाको खोजीमा छन् । कतिपयले दैनिक गुजाराका लागि स्थानीय भैँसी र बाख्रापालन सुरु गरेका छन् । 'बाढीभन्दा अघि खेतबारीमा धान, मकै, गहुँ र अन्य उत्पादन हुन्थे । बागमती वारिपारि दुईतर्फ खेत थिए,' खयरघारीका सापकोटाले भने, 'अब खेतिपाती गर्ने ठाउँ छैन, सबै बगरमा परिणत भयो, अहिले भैँसी र बाख्रा पाल्न थालेका छौँ ।' उनका अनुसार बागमतीको पुल भत्केपछि पाइपबाट दुध पठाउन थालेका छन् । मकवानपुरतर्फका बासिन्दाले ललितपुरतर्फ रहेको दुध संकलन केन्द्रमा दैनिक पाइपमार्फत दुध पठाउने गरेका छन् ।

■ बागमतीको दुर्गन्धबाट हैरान प्युटारवासी

काठमाडौं चोभारबाट ललितपुरको प्युटार करिब ४५ किलोमिटर दूरीमा छ । चोभार हुँदै बगेको बागमती माल्टा, गिम्दी, प्युटार, आस्राङ तथा मकवानपुरतर्फ बग्छ । काठमाडौंको फोहोर बोकेर बग्ने बागमतीले काठमाडौंलाई त राम्रै गरेको होला, दक्षिण ललितपुर र मकवानपुरका बासिन्दालाई हैरान पारेको छ । २२ वर्षअघिसम्म प्युटारवासी बागमतीकै पानी पिउने र खेतिपातीमा प्रयोग गर्थे । हिजोआज उनीहरू बागमती नदीको पानी कुनै काममा प्रयोग गर्दैनन् । बागमतीमा बग्ने प्रदूषित र दुर्गन्धित पानीका कारण बसाइँसराइ गर्ने मनस्थितिमा पुगेका छन् । बागमती गाउँपालिका-४ खयरघारीका रोशन गोल बागमतीको प्रदूषित पानीले निकै असर गरेको बताउँछन् । 'हिउँदको वेला बागमतीमा अत्यधिक फोहोर र गनाउने पानी बग्छ । लिच्चडजस्तै फोहोर पानीले हैरान भइसक्यौँ, न त यो खेतिपातीमा प्रयोग गर्न सकिन्छ । तर, पिउन नै,' उनले भने, 'काठमाडौंमै बागमती सफा गर्ने हो भने हामी सास्ती खेप्नुपर्दैन ।'

बागमती गाउँपालिका-६ का वडाध्यक्ष नारायण बम्जनले बाल्यकालमा बागमतीमा पौडी खेलेको स्मरण गर्दै अहिले त नजिक जानसम्म नसक्ने बताए । 'बागमतीको फोहोर पानीका कारण करिडोरका बासिन्दा हैरानीमा छन्, पटक-पटक काठमाडौंका स्थानीय तहलाई यसबारे खबरदारी पनि गऱ्यौँ,' उनले भने, 'तर, सरसफाइमा ध्यान गएको छैन । काठमाडौंमा अलि-अलि सफा गरेर हुँदैन ।' उनले बागमती बग्ने काठमाडौंका स्थानीय तहले प्रभावितलाई क्षतिपूर्ति दिनुपर्ने माग गरे । उनका अनुसार प्रदूषणका कारण खानेपानीको समस्या भएको छ भने खेतिपातीमा समेत असर पारेको छ । उब्जनी घट्दै गएको छ ।

सापकोटाले पनि बागमतीको पानीले स्थानीयलाई नाक थुनेर बस्नुपर्ने अवस्था रहेको सुनाए । 'यो नदी यस क्षेत्रमा बस्नेले फोहोर गरेको होइन, तर नदीमा प्रदूषण र फोहोर हुँदाको सास्ती हामीले खेप्नुपरेको छ,' उनले भने, 'बागमती फोहोर र प्रदूषित बनाएर काठमाडौंले अन्याय गरेको छ ।'

महाकालका भगीरथ तिमिल्सिनाले पनि बागमतीमा आउने फोहोरले दक्षिण ललितपुरवासीलाई निकै सास्ती दिएको बताए । यसलाई काठमाडौंका स्थानीय तहले गम्भीर रूपमा लिनुपर्ने उनको भनाइ छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, जोरपाटी

बक्यौता कर रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/१०/२९

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लिखित रु. २५०,०००.०० (अक्षरेपी दूई लखा पचास हजार रुपैयाँ) भन्दा बढी कर बक्यौता भएका करदाताहरुलाई विभिन्न मितिमा कार्यालयबाट पत्राचार, संकलन भ्रमण, टेलिफोन, एस.एम.एस लगायतका विभिन्न माध्यमबाट बक्यौता कर रकम दाखिला गर्न जानकारी गराइएकोमा हालसम्म पनि कर रकम दाखिला नगरेकोले बक्यौता कर रकम दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लिखित करदाताहरु र बक्यौता रहेका अन्य करदाताहरु समेतले बक्यौता रकम दाखिला गर्न वा दाखिला गर्न नपर्ने भए सो को प्रमाण पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा, आयकर बक्यौताको हकमा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १०४ देखि १११ सम्मको र मूल्य अभिवृद्धि कर बक्यौताको हकमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा २१ को उपदफा (१) मा उल्लेखित कुनै वा सबै तरिका (जस्तैः फर्म/कम्पनीको बैंक खाता रोक्का, प्रोपराइटर/संचालक/साझेदारको नाममा रहेको सम्पूर्ण बैंक खाता रोक्का, चल अचल सम्पत्ति रोक्का तथा लिलाम बिक्री, नेपालबाट बाहिर जान रोक लगाएर आदि) अपनाई बक्यौता कर रकम असुल गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

आयकर/अग्रिम कर कट्टी/अन्तःशुल्क तथा शिक्षा सेवा शुल्क वक्यौता

क्र.सं.	स्था.ले.नं.	करदाताको नाम	करदाताको ठेगाना	जिम्मेवार व्यक्तिको नाम
१	३०००५६८१९	गोल्डेन गुड शेर्पा कन्स्ट्रक्सन प्रा.लि.	काठमाडौं ६ फुलवारी	कर्म लामा
२	३०२३९९४५५	साइन मार्ट	कागेश्वरी मनोहरा २ डांछी	प्रविण मैनाली
३	६१०१४७९९१	चाईना सिचुवान स्यावयान कन्स्ट्रक्सन नेपाल ईन्जिनीयरीङ्ग कम्पनी प्रा.लि.	काठमाडौं ६ बौद्ध, टुसाल	जोउ छियानजि
४	३०१८११३६९	अल्टीमेट टेक सोलुशन प्रा.लि.	काठमाडौं ६ महांकाल	मदन थापा
५	३०३५३५६३४	जय सुन्दरी माई विल्डर्स एण्ड सप्लायर्स प्रा.लि.	गोकर्णेश्वर ४ उत्तरवाहिनी	सुशिल आचार्य
६	६००६५१२२६	हिम देव ट्रेडर्स	काठमाडौं ६ तिनचुली	तुल्सी सुलु मानन्धर
७	६०१११६३५९	भण्डार थुदुङ/आर.एण्ड सी/बासुकी एण्ड सन्स जे.भी.	गोकर्णेश्वर ५ जोरपाटी	उमेश लामा
८	६०४२९५४२६	सुभारम्भ सोलुसन प्रा.लि.	गोकर्णेश्वर ९ अरुवारी	मनोज कुमार लामा
९	३०३९६०६९८	द सूर्या कन्स्ट्रक्सन एण्ड ड्रिलिङ कम्पनी	गोकर्णेश्वर ८ जोरपाटी	सूर्य कुमार श्रेष्ठ
१०	६०१२४५१३६	वटुक लिक्वीयर्स	काठमाडौं ६ तेन्जीङचोक	रुपा खड्का
११	६०६७९६३९८	होटल लोटस जेम्स प्रा.लि.	काठमाडौं ६ बौद्ध, टुसाल	टुल्कु कार्मा साङ्मो (रोका)
१२	३०४५६८४६८	रोमी स्टोर	गोकर्णेश्वर ५ काठमाण्डौ	रुप तामाङ्ग
१३	६०१८३५६८१	ए. आई. इन्डष्ट्रिज प्रा.लि.	गोकर्णेश्वर ६ पिपलबोट	किरण कुमार श्रेष्ठ
१४	३०४४२२०६३	निशान निर्माण सेवा	कागेश्वरी मनोहरा ६ मुलपानी	दिनेश श्रेष्ठ
१५	५०००१३९६२	विश्व निर्माण सेवा	गोकर्णेश्वर ४ किसिगाल	बिर कुमार श्रेष्ठ
१६	६०२४२६७९८	मेलुङ कन्स्ट्रक्सन प्रा.लि.	काठमाडौं ६ चुचेपाटी	बल बहादुर के.सी. (भण्डारी)
१७	६००९३४१५४	विजय एण्ड ट्रेडर्स	काठमाडौं ६ महांकाल	सुक्रम तामाङ
१८	३००१२२९५६	गुप्ती गणेश निर्माण सेवा	गोकर्णेश्वर ४ किसिगाल	विर बहादुर श्रेष्ठ
१९	३०१९२८९४८	कुँवर एण्ड सन्स बिल्डर प्रा.लि.	गोकर्णेश्वर ७ शिवचोक	तुल नाथ कुँवर
२०	६१८०९०२५३	सिंह एण्ड ब्रदर्श । विवस जे.भी.	काठमाडौं ६ आरुवारी	रमेश राई
२१	३०४९६१३२४	सुष्मी कन्स्ट्रक्सन प्रा.लि.	गोकर्णेश्वर ५ जोरपाटी	महेन्द्र लामा
२२	६२००१९४७७	सुवेदी/के ए एम/अल्फा हेक्स-जे.भी.	गोकर्णेश्वर ५ जोरपाटी	टीका राम सुवेदी
२३	३०३७६१०३९	यूनिक नेपाल ट्रेडिङ्ग	गोकर्णेश्वर ६ जोरपाटी	पवित्रा नेपाल
२४	६०३३४६३१८	जय बुद्ध शेर्पा कन्स्ट्रक्सन	गोकर्णेश्वर ९ अरुवारी	पासाङ्ग शेर्पा
२५	३०१४४१६५२	मनसुन सप्लायर्स	काठमाडौं ६ बौद्ध	मनोज राई
२६	३०४३७५३८९	न्यू मनकामना लाइट सेन्टर	गोकर्णेश्वर ६ बरालगाउँ	माधव कुमार लुइटेल
२७	६००६५९१४३	एच.बि. खड्का एण्ड विल्डर्स नेपाल प्रा.लि.	काठमाडौं ९ बौद्ध	हेम बहादर खड्का
२८	६०६७४३५१६	जे एण्ड डब्लु कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	काठमाडौं ६ बौद्ध	जाङबु शेर्पा
२९	३०२०१४४२८	लो पूर्ण कन्स्ट्रक्सन	काठमाडौं ६ रामहिटी	पूर्ण वहादुर तामाङ्ग
३०	३०३४०६०३७	मुगु एक्सपोर्ट एण्ड इम्पोर्ट प्रा.लि.	काठमाडौं ६ बोद्ध	राजा तामाङ्ग
३१	३०३६९९२४८	न्यू.डि.एस. खाद्य स्टोर	काठमाडौं ६ सरस्वतीनगर	भिम पौडेल खत्री
३२	६०५६९०६६४	जय दुर्गा एण्ड सन्स इन्टरप्राइजेज	गोकर्णेश्वर ४ काठमाण्डौ	राम श्रेष्ठ
३३	६१३३११९६०	आर.एम.बि नेटवर्क प्रा.लि.	काठमाडौं ६ महाँकाल	फडिन्द्र अधिकारी
३४	६०९६१९४२१	दीर्घायु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	कागेश्वरी मनोहरा ५ गजरकोट	मेघराज गैह्रे
३५	६०८४३६५१९	आक्वा वर्ल्ड प्रा.लि.	गोकर्णेश्वर ८ अत्तरखेल	बुद्धि बहादुर श्रेष्ठ
३६	६०३४४४१२२	अनिष गलैंचा उद्योग	कागेश्वरी मनोहरा ५ डाँछी	अनिष गलैंचा उद्योग
३७	३००९७६२७२	सुगन्ध इन्टरप्राइजेज	शङ्खरापुर ६ धुल्लाटोल, सांखु	सुगन्ध श्रेष्ठ
३८	६०५०५०७५४	युनाइटेड कंक्रिट इण्डष्ट्रिज	कागेश्वरी मनोहरा २ आलापोट	रमेश प्रसाद भट्टराई
३९	६१४६६३८८६	प्रतिष्ठा-सुनकोशी-आर एण्ड सी जे.भी.	गोकर्णेश्वर ५ जोरपाटी	ध्रुब प्रसाद रिजाल
४०	६१०७८४०९५	मिस्टिक सप्लायर्स	काठमाडौं ६ वौद्ध	सन्जु अमात्य
४१	६०४१६७६६८	निशान/विश्व जे.भि.	गोकर्णेश्वर ४ गोकर्ण	राधा माया श्रेष्ठ
४२	६०९९१७९५८	चन्द्र सूर्य इन्टेरियर डिजाइन एण्ड होम डेकोर प्रा.लि.	काठमाडौं ६ वौद्ध	प्रकृति सापकोटा
४३	३०२४७५१७७	चन्द्र चुर्ण फर्निसिङ्ग	गोकर्णेश्वर ६ जोरपाटी	प्रकृति सापकोटा
४४	६१९७५५३३७	लायन्श मोटर्स एण्ड लजिस्टिक कम्पनी प्रा.लि.	कागेश्वरी मनोहरा ६ सृजना टोल	ललिता दाहाल
४५	६०१८४५९३८	सिम्रन बिल्डर्स प्रा.लि.	गोकर्णेश्वर ६ नारायणटार	मीन बहादुर तामाङ
४६	६०६७२२९२२	उड वेरी फर्निचर प्रा.लि.	गोकर्णेश्वर १ सुन्दरीजल	रबिराज खड्का
४७	६१३१०७२२६	पि एस । रामेछाप जे.भी	काठमाडौं ६ बौद्ध, माहांकाल	गेल्जे लामा
४८	६०३५८७७०८	गेटवे भेहिकल टुर्स प्रा.लि.	काठमाडौं ६ बौद्ध	रमेश तामाङ
४९	६०५९८६४३३	हिमाली ब्यागस एण्ड ह्यण्डीक्राफ्ट उद्योग	गोकर्णेश्वर ९ अरुवारी	निर बहादुर काकी
५०	६०५४२८३०४	जि एन एस ट्रेडर्स	गोकर्णेश्वर ६ जोरपाटी	ज्ञानु कुमारी खड्का

ङादी ग्रुप पावर लिमिटेड
Ngadi Group Power Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३., महाराजगंज, चक्रपथ, फोन नं.: ०१-५७०५१५९/५७०५६०८
इमेलः nyadigroup06@gmail.com / वेभसाइट : www.ngpl.com.np

हकप्रद शेयरको निष्काशन तथा बिक्री बन्द बारेको सूचना

श्री ङादी ग्रुप पावर लिमिटेडको मिति २०८१/०८/१७ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ १ (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,८५,१२,७९२.२२५ कित्ता हकप्रद साधारण शेयरहरु मिति २०८१/०९/२३ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो निष्काशनको लागि दरखास्त दिन बाँकी इच्छुक शेयरधनी महानुभावहरुले **आज मिति २०८१/१०/२९ गते मंगलबार बैंकिङ्ग समयभित्र** आवेदन दिनहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी हकप्रद शेयरका लागि दरखास्तसाथ रकम लिने कार्य **आज मिति २०८१/१०/२९ गते मंगलबार बैंकिङ्ग पश्चात्** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

सि.नं.	हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु
१.	श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
२.	श्री सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालयहरुः विराटनगर, विरगञ्ज, नारायणघाट, पोखरा, बेशीसहर, बुटवल, नेपालगञ्ज, धनगढी र सुर्खेत ।
३.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ०१-५९७०७४७, फ्याक्सः ०१-४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

भाखा नाघेको ऋण बुझाउन ल्याउने बारेको ३५ दिने सूचना

यस वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित ऋणी संस्थाहरुले लिएको ऋण हाल सम्म नबुझाई भाखा नघाएकोले सो रकम बुझाउने सम्बन्धमा यस वित्तीय संस्थाबाट पटक पटक मौखिक तथा लिखित तर्ताकेता गरिएकोमा संस्थाले ऋण लिंदा मन्जुर गरेका सर्तहरु समेत उल्लंघन गरी ऋणको साँवा, ब्याज तथा हर्जाना समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना बुझाउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि ऋण बुझाउन नआएमा तपसिलमा उल्लेखित ऋणी संस्था, व्यक्तिगत जमानतकर्ता, मंजुरीनामाको लिखत गरिदिने व्यक्तिहरुले लेखि दिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी यस वित्तीय संस्थाको लेना असूल उपर गरिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस वित्तीय संस्थाको लेना असूल उपर नभएमा उल्लेखित ऋणी, संस्थाका पदाधिकारी तथा निजहरुको एकाघर परिवारको नाममा रहेको चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, यस वित्तीय संस्थाको कर्जा असुली कार्यविधि, २०८० तथा ऋणी/सञ्चालक/जमानतकर्ताले गरिदिएको तमसुक, जमानत तथा मंजुरीको लिखत बमोजिम लेना असूल उपर गरिलिने तथा ऋणी संस्था, सञ्चालक मन्जुरीनामा तथा लिखत गरिदिने जमानतकर्ता समेतलाई कालो सूचीमा समावेश गरिने बेहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) साझेदार/ऋणी संस्थाको नाम : दुधकोशी पर्यटन सहकारी संस्था लि.
ठेगाना :सोलुदुधकुण्ड न.पा.- ५,सोलुखुम्बु दर्ता नं. :०६/०६४/०६५
संस्थाको सञ्चालक/जमानीकर्ता/व्यवस्थापकको विवरण

क्र.स.	नाम, थर	पिता/पतिको नाम	ना.प्र.नं.	ठेगाना (साविक)
१	मंगल सिं तामाङ्ग	सर्कि तामाङ	७७७/७०८४	काँकु-३, सोलुखुम्बु
२	सूर्य बहादुर राई	जित बहादुर राई	३९३१/६५४	काँकु-४, सोलुखुम्बु
३	विनोद सिंह तमाङ	पेमा तमाङ	१०४/१२५०	माम्खा-९, ओखलढुङ्गा
४	ल्हाक्पा तामाङ	डिमा दोर्जी तामाङ	१४३/१३६६/११०	सल्लेरी-६, सोलुखुम्बु
५	पेमालहमु शेर्पा	मिङमारछिरिङ शेर्पा	७९४१	गोराखानी-३,सोलुखुम्बु
६	गान्धीमाया तामाङ	पासाङ दोर्जी तामाङ	२१६-१२५४४-३८३	सोलुदुधकुण्ड -५, सोलुखुम्बु
७	उत्तर बहादुर तामाङ्ग	काले तामाङ्ग	१०३२	काँकु-२, सोलुखुम्बु
८	सुनिता श्रेष्ठ (कायस्थ)	पदम बहादुर श्रेष्ठ	२०३१/३२ प्र.१/७	रुम्जाटार-५,सल्लेरी, ओखलढुङ्गा
९	डिमा शेर्पा	वाङटी शेर्पा	१५०२	सल्लेरी-७, सोलुखुम्बु
१०	चिरन्जीवी कार्की	लगन बहादुर कार्की	११६६४/०४४/४५/४५(ख)	माम्खा-१,ओखलढुङ्गा

२) साझेदार/ऋणी संस्थाको नाम : आर्दश ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि
ठेगाना : वीरेन्द्रनगर न.पा-७, लाटीकोइली, सुर्खेत । दर्ता नं. :१४/०६९/७०
संस्थाको सञ्चालक/जमानीकर्ता/व्यवस्थापकको विवरण

क्र.स.	नाम, थर	पिता/पतिको नाम	ना.प्र.नं.	ठेगाना
१	राजेन्द्र बुढा	देविदत्त बुढा	७३७३०	लाटीकोईली -८, सुर्खेत
२	लक्ष्मी के.सी	पहलबहादुर के.सी	६४३०२०/२२८	लाटीकोईली -९, सुर्खेत
३	दिपक ढकाल	हरि प्रसाद जैसी	६८५६४	लाटीकोईली - ९, सुर्खेत
४	सुश्री मान कुमारी गुरुङ्ग	धनरुप गुरुङ्ग	११७८४	लाटीकोईली -८, सुर्खेत
५	प्रेमा राना	कृष्ण बहादुर राना	१६६	लाटीकोईली -९, सुर्खेत
६	रमेश चौधरी	सनीराम चौधरी	४४५४१	उत्तरगंगा-७, सुर्खेत
७	लाल बहादुर रोकाय	कर्मा रोकाय	३८०९६	लाटिकोईली -८, सुर्खेत
८	बलबहादुर रोकाय	रनबहादुर रोकाय	८७०८७	लाटिकोईली -८, सुर्खेत

३) साझेदार/ऋणी संस्थाको नाम : चुलिपुग साना किसान कृषि सहकारी संस्था लि
ठेगाना : तिलागुफा गा.पा.-७, कालिकोट दर्ता नं. : ८२०(१०२)०६८/०६९
संस्थाको सञ्चालक/जमानीकर्ता/व्यवस्थापकको विवरण

क्र.स.	नाम, थर	पिता/पतिको नाम	ना.प्र.नं.	ठेगाना (साविक)
१	नरेश विश्वकर्मा	धञ्ज्या लोहार	२५४१	छाप्रे -९, कालिकोट
२	अतिरुपा शाही	धन बहादुर शाही	६१३००५/१९१	छाप्रे -३, कालिकोट
३	परशुराम चौलागाई	विश्वामित्र चौलागाई	२४९४	छाप्रे -८, कालिकोट
४	अम्मा रावत	शेर बहादुर रावत	६१३००५/१८८/१८८	छाप्रे -५, कालिकोट
५	पुर्ण बहादुर विष्ट	दले विष्ट	२३३	छाप्रे -४, कालिकोट
६	सपुरा चँदरा	एनविरे चदारो	६११००५/३८७४/२६९८	छाप्रे -२, कालिकोट
७	नेत्र बहादुर रावत	चाउरे रावत	१०/२४९५	छाप्रे -५, कालिकोट
८	निर्मला कुमारी शाही	श्री अलिबहादुर शाही	६११००२/२४०७/२५५३	राँचुली-५, कालिकोट

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

संसदीय प्रक्रियामा सरकारी बलमिच्याइँविरुद्ध बोल्न सभामुखबाटै रोक

सभामुख र महासचिवले नबोल्दा उपयुक्त हुने भन्दै समय नदिएपछि सांसदले गरे प्रतिवाद, विधेयकको प्रक्रियाको विषय आकस्मिक घटना नभएकाले सभामुखले समय नदिएको प्रमुख सचेतक पाण्डेको भनाइ

कमलराज भट्ट/नयाँ पत्रिका

संसद्को प्रचलित अभ्यास र प्रक्रिया मिचेर आफैँ विधेयक ल्याउने र आफैँ संशोधन गर्ने सरकारी बलमिच्याइँविरुद्ध जनप्रतिनिधिका आवाजलाई संसद्को मूल नेतृत्वमा रहेका सभामुख देवराज घिमिरेले रोकेका छन् । आफैँले ल्याएको विधेयकमा सदनलाई बाइपास गरी बहुमतको बलमा आफैँ संशोधन गरेर सभाबाट पारित गराउने सरकारी कदमको विरोध गर्न सोमबार बसेको प्रतिनिधिसभा बैठकमा सांसदहरूले आकस्मिक समय मागेका थिए । तर, सभामुख घिमिरेले संसद्को कार्यक्षेत्रमाथि सरकारले गरेको हस्तक्षेपको प्रतिवाद गर्न समय दिएनन् ।

संसदीय प्रक्रिया मिचिएको भन्दै कानुन समिति सभापति र विपक्षी दलका सांसदले विरोध गर्दा सरकारले ल्याएकै संशोधन प्रस्तावका आधारमा प्रतिनिधिसभाले आइतबार विधायन व्यवस्थापन विधेयक बहुमतले पारित गरेको थियो । शुक्रबारको बैठकमा कानुनमन्त्री अजय चौरसियाले सभामुख र संसद् सचिवालयलाई जानकारी नदिई कानुन समितिबाट सर्वसम्मत पारित प्रतिवेदनलाई बेवास्ता गरी सरकारलाई मन लागेको संशोधन हालेर आफैँ फरक प्रतिवेदन पेस गरेपछि बैठक नै स्थगित भएको थियो । समितिबाट पारित प्रतिवेदनमा संशोधन गर्न परे सांसदहरूबाट प्रस्ताव गर्नुपर्नेमा संसदीय अभ्यासविपरीत मन्त्री आफैँले संशोधन प्रस्ताव प्रस्तुत गरेपछि मिचिएको प्रक्रिया सच्याउनेभन्दा पनि खुकुलो प्रावधानसहितको संशोधन राखेर आइतबार विधेयक पारित गरिएको थियो ।

त्यसविरुद्ध बोल्न रास्वपा सांसद सोविता गौतम, राप्रपा सांसद ध्रुवबहादुर प्रधान, नेमकिपाका सांसद प्रेम सुवालले सोमबार प्रतिनिधिसभा बैठक बस्नुअगावै सभामुख घिमिरेसँग समय मागेका थिए । प्रतिनिधिसभा नियमावली नियम १५ मा 'अघिल्लो बैठक र प्रारम्भ हुन लागेको बैठकबिच अवधिको कुनै गम्भीर प्रकृतिको घटना वा विषयको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउन सदस्यले द्रुयापद्रुयाप गरी समय माग गरेमा सभामुखले आकस्मिक समय उपलब्ध गराउन सक्ने' व्यवस्था छ । यो व्यवस्थाअनुसार समय माग गरे पनि सभामुख घिमिरेले सुनेनन् । उनले कांग्रेस सांसद राजन केसी, रास्वपा सांसद सन्तोष परियार, जनमत पार्टीका अब्दुल खान, कांग्रेसकै मोहन बस्नेत, रास्वपाकी सुमना श्रेष्ठलाई मात्र समय दिए ।

संसद्को विधि निर्माण प्रक्रिया मिचिएको विषय बोल्न खोजेका तीनजना सांसदलाई समय दिएनन् । पाँचजनाले अन्य विषय बोलिसकेपछि सभामुख घिमिरेले सभालाई शून्य समयमा लान खोजे । गौतम, प्रधान र सुवालले उठेर विरोध जनाए । घिमिरेले 'अहिले निर्धारण भएकालाई बोल्न दिइएको छ, बाँकी अब भोलिभोलि मिलाएर बोल्दै जाने सूचना गर्न चाहन्छु' भनेर समय दिएनन् । उठेका सांसदले 'आजको आकस्मिक विषय भोलि उठाएर हुन्छ ?' भनेर प्रश्न गरे । त्यसपछि घिमिरेले झोक्किएर चर्को स्वरमा बोल्दै 'आसन ग्रहण गर्नुस्, सभा सञ्चालनका लागि म कार्यक्रम अगाडि बढाउन चाहन्छु । यहाँहरूले बनाएको नियमावलीप्रति जानकार हुनुहुन्छ, सभा सञ्चालनमा सञ्चालकको अनुमति लिएर बोल्ने हाम्रो नियमावलीको व्यवस्था छ, त्यसबारे मैले भनिरहनु युक्तिसंगत छैन । त्यसलाई सिकाइरहनु र आदेशको रूपमा भनिरहनु उपयुक्त हुँदैन भन्ने ठान्दछु । त्यसकारणले आज आसनग्रहण गर्न अनुरोध गर्छु । र, कार्यक्रम अगाडि लानुपर्नेछ' भनेका थिए । तर, सांसदहरू मानेनन् । सभामुखले 'मैले भनिसकेँ त, आसन ग्रहण गर्नुस्' भने । पटकपटक आसनग्रहण गर्न अनुरोध गरे । तर, बसेनन् ।

● **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी

प्रतिनिधिसभाको यतिन्जेलको अभ्यास र प्रक्रिया मिचेर विधायन विधेयकसँग सम्बन्धित समितिका सदस्य, विपक्षी दलले राखेको भनाइ र सर्वसम्मत रूपमा समितिबाट पारित भएर आएको प्रतिवेदनलाई पूरै बेवास्ता गरी संख्याको बलमा यो विधेयक पारित गरेर समिति र सिंगो संसद्लाई कमजोर बनाइएको छ ।

● **सोविता गौतम**, सांसद, रास्वपा

यो गलत नजिर स्थापनाका कारण संसदीय अभ्यासमा हस्तक्षेप भएको छ, जसले संसदीय इतिहासमा यो दिनलाई कालो दिनका रूपमा दर्ज गराएको छ । आमजनता यसलाई हेरिराखेका छन्, किनकि हाम्रा सबै कामहरू सार्वजनिक परीक्षण (पब्लिक अडिट) मा पर्छन् । विधिविपरीत कुनै काम नहोस्, र गलत नजिर स्थापना गर्ने कार्य यो सदनबाट नगरियोस् ।

● **विना लामा**, सचेतक, राप्रपा

सरकारले ऐनकानुनमा टेकेर होइन, नियमावली हेरेर ऐनकानुन परिवर्तनमा जोड दिइरहेको र त्यसमा सदन साक्षी बनेको छ । कानुनमन्त्रीले आफ्नो वक्तव्यबाट जुन प्रतिवेदन पेस गर्नुभयो र स्वीकार गरियो, त्यहींबाट प्रमाणित हुन्छ कि सरकार अहिले ऐन-कानुनमा टेकेरभन्दा पनि नियमावलीमा टेकेर चल्न र भ्रष्टाचार गर्न तम्तयार रहेको प्रस्टै छ ।

सभामुखले फेरि, 'मैले आज समय सम्भव छैन भनेर व्यक्तिगत रूपबाट भनिसकेँ, यहाँ पनि भन्छु, अहिले आकस्मिक समयमा बोल्नका लागि समय दिन सम्भव छैन । त्यसकारण अब शून्य समयको कार्यक्रम प्रारम्भ भएको मैले भनिसकेँ । त्यसकारण आसनग्रहण गर्नुस् । र, अब शून्य समय अगाडि जान्छ' भन्दै सभालाई अगाडि बढाएका थिए ।

शून्य समयमा बोल्दै राप्रपा सचेतक विना लामाले सरकार ऐनकानुनमा टेकेर होइन, नियमावली हेरेर ऐनकानुन परिवर्तनमा जोड दिइरहेको र त्यसमा सदन साक्षी बनेको बताइन् । 'कानुनमन्त्रीले आफ्नो वक्तव्यबाट जुन प्रतिवेदन पेस गर्नुभयो र स्वीकार गरियो, त्यहींबाट प्रमाणित हुन्छ कि सरकार अहिले ऐनकानुनमा टेकेरभन्दा पनि नियमावलीमा टेकेर चल्न र भ्रष्टाचार गर्न तम्तयार रहेको प्रस्टै छ,' उनले भनिन् ।

आकस्मिक समयमा बोल्न नपाएकी रास्वपाकी सोविता गौतमले शून्य समयका लागि तयारी गरिएको निर्वाचन क्षेत्रसँग सम्बन्धित विषय छाडेर सरकारले संसदीय प्रक्रिया मिचेर बहुमतको आडमा विधेयक पारित गराएकोमा आपत्ति जनाइन् । 'हिजो विधायन सम्बन्धमा व्यवस्था गरिएको विधेयक यो सदनबाट पारित गर्दै गर्दा, कानुन समितिले विस्तृत रूपमा छलफल गरी, कानुनमन्त्रीकै उपस्थितिमा छलफल गर्दै सर्वसम्मतिमा पारित गरेको प्रतिवेदनमाथि सरकारले संशोधन प्रस्ताव गर्‍यो । तर, सत्तापक्षका एक सांसदले प्रस्ताव गरेको संशोधन स्वीकृत गरिएको भन्दै जनताको आँखामा छारो हाल्ने काम गरियो । यो संसदीय इतिहासमा एउटा अत्यन्त गलत नजिर स्थापित भएको छ,' उनले भनिन् ।

अब समितिबाट आएका हरेक प्रतिवेदनमाथि सरकारले फेरि संशोधन राख्न पाउने नजिर स्थापना भएको उनको भनाइ थियो । 'यो गलत नजिर स्थापनाका कारण संसदीय अभ्यासमा हस्तक्षेप भएको छ, जसले संसदीय इतिहासमा यो दिनलाई कालो दिनका रूपमा दर्ज गराएको छ । आमजनता यसलाई हेरिराखेका छन्, किनकि हाम्रा सबै काम सार्वजनिक परीक्षण (पब्लिक अडिट)मा पर्छन् । विधिविपरीत कुनै काम नहोस्, र गलत नजिर स्थापना गर्ने कार्य यो सदनबाट नगरियोस्,' उनले भनिन् ।

शून्य समयमै माओवादी प्रमुख सचेतक हितराज पाण्डेले यसमा विरोध जनाए । 'प्रतिनिधिसभाको यतिन्जेलको अभ्यास र प्रक्रिया मिचेर विधायन विधेयकसँग सम्बन्धित समितिका सदस्य, विपक्षी दलले राखेको भनाइ र सर्वसम्मत रूपमा समितिबाट पारित भएर आएको प्रतिवेदनलाई पूरै बेवास्ता गरी संख्याको बलमा यो विधेयक पारित गरेर समिति र सिंगो संसद्लाई कमजोर बनाइएको छ,' उनले भने । राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले विधिको शासनमा जहिले पनि सरकार सत्तापक्षको, संसद् प्रतिपक्षको हुने भन्दै प्रतिपक्षीलाई बोल्न दिन सभामुखसँग माग गरे ।

सभामुख घिमिरेसँग सांसदहरू सोविता गौतम, ध्रुवबहादुर प्रधान र प्रेम सुवाल आकस्मिक समयमा बोल्ने जानकारी गराउन संसद् भवनस्थित कार्यकक्षमा पुगेका थिए । विधि निर्माणको प्रक्रिया मिचिएको विषय राख्ने जानकारी गराएपछि सभामुख घिमिरेले 'तपाईंले यो विषय उठाउँदैमा नजिर उल्टिन्छ' भनेर गैरजिम्मेवार जवाफ दिएको एक सांसदले बताए । ती सांसदका अनुसार सभामुख घिमिरेले संसदीय प्रक्रिया मिच्ने सरकारी कदमविरुद्ध बोल्ने कुरालाई अस्वीकार गरेपछि सांसद गौतमसँग नोकझोक नै चलेको थियो । संसद्का महासचिव पद्मप्रसाद पाण्डेयले पनि विधि निर्माण प्रक्रिया मिचिएको विषय नबोल्दा नै उपयुक्त हुने भनेर रोक्ने गरी सुझाव दिएका थिए ।

संक्षेप

छविलाई थुनामा पठाउने आदेशअगाडि अनौठो संयोग

काठमाडौं/ सुप्रिम सहकारीको रकम ठगी प्रकरणमा पूर्वडिआइजी छविलाल जोशी बन्जाडेलाई पुर्पक्षका लागि कारागार पठाउने जिल्ला अदालत रुपन्देहीको आदेशपूर्व अनौठो संयोग देखिएको छ । गोलाअनुसार जोशीको सुनुवाइ जिल्ला न्यायाधीश वशिष्टकुमार घिमिरेको इजलासमा परेको थियो। तर, गोला तान्ने समयमा घिमिरे काठमाडौंमै थिए । आफूले हेर्ने मुद्दा सम्बन्धित न्यायाधीशले गोला तानेपछि मात्रै थाहा हुन्छ । यसका लागि बिहान १० बजेपछि सबै न्यायाधीशले गोला तान्नुपर्छ ।

बिहान ९ बजे नै रुपन्देही जिल्ला अदालतमा आफैँ उपस्थित भएका जोशीलाई न्यायाधीश काठमाडौंमा रहेको र आउनेबित्तिकै बयान सुरु हुने बताइएको थियो । न्यायाधीश घिमिरे काठमाडौंबाट पुगेपछि (चिया समयपछि) जोशीको थुनछेक बयान, बहस र आदेश भयो । करिब तीन घण्टामा यी सबै काम सकाइयो । रवि लामिछानेको बहसका लागि जिल्लाका सबै सरकारी वकिल जम्मा भएका थिए । तर, छविको हकमा सरकारी वकिलहरूको 'लाइन' लागेन । अदालतका श्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीका अनुसार 'कसुर नगरेको विश्वास गर्नुपर्ने मनासिब आधार नदेखिँदा पछि ठहरेबमोजिम हुने गरी अहिलेलाई उनलाई थुनामा पठाउने आदेश' भएको हो । गोर्खा मिडिया नेटवर्कका तत्कालीन उपाध्यक्ष रहेका जोशी मुद्दा चलेपछि सोमबार नै अदालतमा हाजिर भएका थिए । थुनछेक बहसमा रुपन्देहीका जिल्ला न्यायाधिवक्ता प्रेमराज पौडेल, सहन्यायाधिवक्ता गोकर्ण घिमिरे र प्रतिवादीतर्फबाट मनोजकुमार चौधरीलगायतले बहस गरेका थिए । यो मुद्दामा रास्वपा सभापति रवि लामिछाने एक करोड बैंक ग्यारेन्टीमा रिहा भएका थिए ।

बारीको पाटामा शिशुको शव फेला

धादिङ/ धादिङको नीलकण्ठ नगरपालिका- ८ ससाह ज्यामिरेमा शिशुको शव फेला परेको छ । बाँझो बारीमा कागले लुछिरहेको अवस्थामा शिशुको शव भेटिएको हो । ससाह खोलाबाट ज्यामिरे आउजाउ गर्ने ठाडोबाटोको छेउमा शिशुको शव भेटिएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी सुवास हमालले बताए । प्रहरी नायब उपरीक्षकका अनुसार केराको फेदमा रगतजन्य प्लास्टिक रहेको र त्यसको केहीमाथि बारीको पाटामा स्थानीयले शव भेटेका हुन् । सोमबार बिहान कागले लुछिरहेको अवस्थामा बाटो हिँड्ने स्थानीयले देखेपछि खबर गरेको उनले बताए । शिशुको शव प्लास्टिकको झोलामा हालेर फालेको र जनावरले घिसारेर बारीको पाटामा पुर्‍याएको हुन सक्ने प्रहरीको अनुमान छ । शव करिब तीन किलोको रहेको छ । पोस्टमार्टमका लागि शिशुको शव धादिङ अस्पताल लगिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक हमालले बताए ।

केबलकार निर्माणमा अवरोध नगर्न फुङलिङ नगरपालिकाको अनुरोध

ताप्लेजुङ/ पाथीभरामा निर्माण हुन लागेको केबलकार बनाउन अवरोध नगर्न फुङ्लिङ नगरपालिकाले आग्रह गरेको छ । जिल्लावासीको भाग्य र भविष्य निर्धारण गर्ने केबुलकार निर्माणलाई अवरोध नगर्न विशेषगरी पहिचानवादी 'नो केबलकार'पक्षलाई नगरपालिकाले आग्रह गरेको हो ।

फुङलिङ नगरापालिकाले सोमबार पत्रकार सम्मेलन आयोजना गरी केबुलकार निर्माणमा सहज वातावरण बनाउन सबै समूह तथा पक्षलाई अनुरोध गरेको छ । सो क्रममा नगरपालिकाका मेयर अमिर मादेनले पाथीभरा धार्मिक आस्था हो, प्राकृतिक सम्पदा हो, प्रकृति संस्कृति साथै दैवीशक्तिलाई खलल नपुग्ने गरी पवित्रतालाई सुरक्षा र संरक्षण गर्दै केबुलकार बनाउन अनुरोध गरेका छन् ।

सगरमाथा संवाद
मोदीलाई प्रमुख अतिथि बनाउने तयारी

पर्शुराम काफ्ले/नयाँ पत्रिका

आगामी २-४ जेठमा आयोजना गर्न लागिएको सगरमाथा संवादमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गर्ने सरकारको तयारी छ । जलवायु परिवर्तनका विषयमा पर्वतीय र तटीय मुलुकले व्यहोरेका समस्यालाई उठान गर्न नेपालले सगरमाथा संवाद आयोजना गर्न लागेको हो ।

कूटनीतिक च्यानलमा भएको कुराकानीमा भारतीय अधिकारीहरूले मोदीको भ्रमणबारे सकारात्मक जवाफ दिएको उच्च कूटनीतिक स्रोतले बताएका छन् । भारतीय विदेश मन्त्रालयको नेपाल र भुटान डेस्क हेर्ने अतिरिक्त सचिव मनु मुहावरसँग नेपाली अधिकारीले सगरमाथा संवादमा प्रधानमन्त्री मोदीलाई निमन्त्रणा गर्ने इच्छा सुनाएका थिए । 'उहाँको समय तालिका हेरेर कूटनीतिक च्यानलमा जानकारी दिन्छौँ भन्ने जवाफ आएको छ । मोदी आउने अनुकूल रह्यो भने प्रधानमन्त्री केपी ओलीका प्रतिनिधिले दिल्ली गएर उहाँलाई निमन्त्रणा पत्र दिने भन्ने कुराकानी भएको छ,' जानकार उच्च अधिकारीले नयाँ पत्रिकासँग भने ।

मोदी भारतको प्रधानमन्त्री भएयता पाँचपटक नेपालको भ्रमण गरेका छन् । उनी पछिल्लोपटक २ जेठ ०७९ मा लुम्बिनी भ्रमणमा आएका थिए । उनी १४-१५ भदौमा बिमस्टेकको चौथो शिखर सम्मेलनमा, ०७५ मा जनकपुरदेखि मुक्तिनाथसहित औपचारिक भ्रमणमा, ०७१ मा सार्कको १८औँ शिखर सम्मेलनमा आएका थिए । उनी प्रधानमन्त्री भएपछि १८-१९ साउन ०७१ मा नेपालको पहिलो राजकीय भ्रमणमा आएका थिए ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले मोदीलाई गत ३ भदौमा दिल्लीस्थित उनको निवासमा भेटेर ओलीको चिठी हस्तान्तण गरेकी थिइन् । प्रधानमन्त्री ओलीले न्युयोर्कमा गत ७ असोजमा समकक्षी मोदीलाई नेपाल भ्रमणको निमन्त्रणा सम्झाउँदा मोदीले कूटनीतिक संयन्त्रमार्फत टुंगो लगाउने जवाफ दोहोर्‍याएका थिए । निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गत २७ जेठमा दिल्लीमा मोदीसँगको भेटमा नेपाल भ्रमणको निम्ता दिएका थिए ।

भारतीय प्रधानमन्त्री मोदी अहिले तेस्रो कार्यकाल चलाइरहेका छन् । पहिलो कार्यकालमा मोदीले चारपटक नेपाल भ्रमण गरेका थिए भने दोस्रो कार्यकालमा उनी लुम्बिनी भ्रमण गरेर फर्किए ।

यसपटक सरकारले मोदीलाई सगरमाथा संवादमा प्रमुख अतिथिका रूपमा बोलाउन चाहेको छ । प्रधानमन्त्री केपी ओलीले मोदीलाई नेपाल भ्रमणका लागि आग्रह गर्दै आएका छन् । 'जलवायु परिवर्तनबाट प्रभावित देश भएको हिसाबले र तटस्थ विषयका हिसाबले मोदीको भ्रमण हुन सक्यो भने नेपाल-भारत सम्बन्ध फेरि ट्र्याकमा फर्किन सक्छ भन्ने हाम्रो बुझाइ छ,' प्रधानमन्त्रीनिकट स्रोतले भन्यो, 'उहाँको नेपाल भ्रमण हुने तय भयो भने समयमा उहाँलाई प्युठानको स्वर्गद्वारीको भ्रमण पनि गराउँछौँ । किनभने उहाँले त्यहाँ जाने इच्छा राख्नुभएको छ ।'

■ १०० देशबाट प्रतिनिधि बोलाइने

सरकारले कम्तीमा १०० देशबाट प्रतिनिधि सहभागी गराउने तयारी गरेको छ । पाँच वर्षअघि प्रधानमन्त्री ओलीकै पहलमा आयोजना गर्न लागिएको सगरमाथा संवाद सुरुमा कोरोना महामारीका कारण रोकिएको थियो । त्यसपछि भने सरकार परिवर्तनसँगै रोकिएको थियो । त्यसवेला परराष्ट्र मन्त्रालय आयोजक रहेर कार्यक्रमको तयारी भएको थियो, जसका लागि करिब पाँच करोड रुपैयाँ बजेट छुट्याइएको थियो । त्यसवेला ४० मुलुकका १५० जना विज्ञ एवं प्रतिनिधि सहभागी गराउने तयारी थियो । सरकारले सुरुमा २०-२२ चैत ०७६ मा तोकेको सम्मेलन कोभिड महामारीका कारण हुन नसकेपछि १८-२० असोज ०७८ मा आयोजना गर्ने निर्णय गरेको थियो । तर कार्यक्रम भएन ।

■ न्याय माग्ने अभियन्ता पक्राउ

अन्तरजातीय विवाह गरेका सर्लाहीका सत्येन्द्र राम र नेहा रौनियारको न्यायका लागि सोमबार संसद् भवनअगाडि गृहमन्त्री रमेश लेखकको राजीनामा माग्ने दलित अभियन्ता खगेन्द्र सुनारलाई पक्राउ गर्दै प्रहरी । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

डब्लुएचओले नेपाललाई दियो धन्यवाद

काठमाडौं/ विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को दक्षिण-पूर्वी एसिया क्षेत्रीय कार्यालयले नेपालले दक्षिणपूर्व एसिया क्षेत्रीय स्वास्थ्य आपत्कालीन कोषमा योगदान गरेकामा धन्यवाद दिएको छ । कार्यालयले सोमबार जारी गरेको विज्ञप्तिमा कोषमा नेपालले १५ लाख (करिब ११ हजार अमेरिकी डलर) योगदान गरेकामा स्वास्थ्य मन्त्रालयलाई धन्यवाद दिएको हो । डब्लुएचओका सदस्य राष्ट्रहरूलाई स्वास्थ्य आपत्कालीन अवस्थाका लागि तयारी र प्रभावकारी प्रतिकार्यका लागि सहयोग गर्ने उद्देश्यका साथ कोष स्थापना भएको हो ।

थाइल्याण्ड, भारत र टिमोर-लेस्टेपछि कोषमा योगदान गर्ने नेपाल चौथो राष्ट्र हो । 'आपत्कालीन कोषमा नेपालको योगदान कोषप्रतिको सहयोग, स्वामित्व र प्रतिबद्धताको प्रमाण हो । यस कोषलाई विश्व स्वास्थ्य संगठनले आफ्नो क्षेत्रका सदस्य राष्ट्रका लागि पारदर्शी रूपमा व्यवस्थापन गर्दछ', विज्ञप्तिमा भनिएको छ ।

सन् २००७ मा हिन्द महासागरमा आएको सुनामीबाट प्रभावित दक्षिण-पूर्वी एसिया क्षेत्रका विभिन्न देशको सिकाइका आधारमा कोष स्थापना गरिएको हो । विज्ञप्तिमा कोषले १० राष्ट्रमा घटेका ४९ वटा आपत्कालीन अवस्थामा सहयोग गरेको उल्लेख गरिएको छ । नेपालले पनि सन् २००८ मा कोशीमा आएको बाढी, सन् २०१५ को विनाशकारी भूकम्प र सन् २०२३ मा जाजरकोटमा गएको भूकम्पको प्रतिकार्यमा कोषबाट सहयोग प्राप्त गरेको थियो ।

पूर्वराजाको चिया बगानमा कानुनविपरीत माटो उत्खनन

वातावरण संक्षण ऐनअनुसार दैनिक ५० देखि पाँच सय घनमिटर माटो निकाल्न प्रारम्भिक वातवरणीय परीक्षण गर्नुपर्छ, तर दैनिक १५७ घनमिटर माटो उत्खनन गर्दा राजस्वको लोभमा दमक नगरपालिकाले दियो स्वीकृति, गरियो ६ हजार सात सय घनमिटर माटो उत्खनन

झापामा चिरञ्जीवी घिमिरे

झापाको दमक नगरपालिकाले पूर्वराजा ज्ञानेन्द्र शाहको स्वामित्वमा रहेको हिमालय महालक्ष्मी चिया बगानको जग्गामा कानुनविपरीत माटो उत्खननका लागि अनुमित दिएको पाइएको छ । नगरपालिकाले राजस्व लिएर कम्पनीको जग्गामा माटो उत्खननको स्वीकृति दिएको हो । नगरपालिकाको स्वीकृतिमा एक महिनाभन्दा लामो समयदेखि दमक- ९ मा रहेको बगानको जग्गामा धमाधम माटो उत्खनन भइरहेको छ । उत्खनन भएको माटो हिमालय महालक्ष्मी चिया बगानले पूर्व-पश्चिम राजमार्ग विस्तारका लागि निर्माण कम्पनीलाई बेचेको छ ।

दमक नगरपालिकाले पूर्व-पश्चिम राजमार्ग विस्तारको काम गरिरहेका निर्माण व्यवसायी भीमबहादुर पौडेलबाट तीन लाख ५७ हजार राजस्व लिएर ६ हजार ७६४.३५ घनमिटर माटो उत्खनन गरी लैजान स्वीकृति दिएको दमक नगरपालिकाले नयाँ पत्रिकालाई उपलब्ध गराएको सूचनामा उल्लेख छ । जबकि संघीय वातावरण ऐन, नियमावली र कोशी प्रदेशको वन ऐन, नियमावलीअनुसार यतिका धेरै माटो उत्खननका लागि प्रारम्भिक वातावरणीय परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ । तर, दमक नगरपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण नगरी उत्खननका लागि स्वीकृति दिँदै राजस्व लिएको छ ।

दमक- ९ स्थित हिमालय महालक्ष्मी चिया बगानको जग्गामा कानुनविपरीत धमाधम माटो उत्खनन गरिँदै ।

ऐन र नियमावलीअनुसार दैनिक ५० देखि पाँच सय घनमिटर माटो उत्खनन गर्नका लागि अनिवार्य प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्छ । संघीय वन नियमावलीको नियम ३ सँग सम्बन्धित अनुसूची ३ अन्तर्गत प्रारम्भिक वातावरणीय परीक्षण खण्डको (ट) को २ मा भनिएको छ, 'साधारण निर्माणमुखी ढुंगा, डेकोरेटिभ ढुंगा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको उत्खननको लागि दैनिक ५० देखि ५०० घनमिटरसम्म उत्खनन कार्य गर्ने' उल्लेख छ । दमक नगरपालिकाले १७ पुसमा ६ हजार ७६४ घनमिटर माटो माघ मसान्तसम्म उत्खनन गर्न अनुमति दिएको हो । १७ पुसदेखि ३० माघसम्म ४३ दिन हुन आउँछ । जसलाई हेर्दा निर्माण व्यवसायीले दैनिक १५७.३५ घनमिटर माटो उत्खनन गर्छन् । तसर्थ कानुनअनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्छ । यद्यपि, दमक नगरपालिकाले भने प्रारम्भिक वातावरणीय परीक्षण नगरी प्राविधिकले दिएको प्रतिवेदनको हवला दिँदै स्वीकृति दिएको छ ।

हिमालय महालक्ष्मी चिया बगानले नगरपालिकालाई थाहै नदिई केही समयअघिदेखि नै उत्खनन गर्दै आएको दमक नगरपालिका प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्कीले बताए । नगरपालिकाले त्यसको जानकारी पाएपछि काम रोकेर कार्यपालिका बैठकले राजस्व लिएर उत्खनन गर्न अनुमित दिएको उनको भनाइ छ । यद्यपि, प्रारम्भिक वातावरणीय परीक्षणबारे जानकारी नभएकाले परीक्षण नगरिएको उनले बताए । 'वातावरणीय परीक्षण गर्ने प्रदेश कानुनमा देखिएन, त्यही भएर राजस्व लिएर अनुमति दियौँ । व्यवहारतः पहिलादेखि नै जग्गाधनीले उत्खनन गर्न दिइसकेका कारण राजस्वको दायरामा ल्याएका हौँ,' प्रमुख प्रशासकीय अधिकृत कार्कीले नयाँ पत्रिकासँग भने ।

प्रदेश वातावरण संरक्षण नियमावलीमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई उत्खनन गरेमा १० लाखसम्म जरिवाना हुने उल्लेख छ । 'निजी जग्गाको उत्खनन गरेको भए पनि प्रदेश र संघीय वातावरण ऐन तथा नियमावलीअनुसार अनिवार्य रूपमा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्छ । त्यसरी नगरीकन उत्खनन गरेको निवेदन आएमा छानबिन गरेर ऐनअनुसार कारबाही गर्छौं,' कोशी प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयका वातावरण निरीक्षक हरिशंकर झाले भने, 'व्यक्तिले आफैँ प्रयोग गर्ने हकमा छुट्टै हो । तर, व्यापारका लागि ठुलो परिमाणमा गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्छ । निवेदन परेमा प्रारम्भिक वातावरणीय परीक्षण नगरी स्वीकृत दिने निर्णयकर्तालाई कारबाही हुन्छ ।'

निर्णय नगर्ने पदाधिकारीलाई बाध्य पार्ने कानुनी व्यवस्था

सचिवबाट हुने निर्णय मन्त्रिपरिषद्मा लैजान नपाइने

● प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुनसचिव **फणीन्द्र गौतम** भन्छन्-

विभागका महानिर्देशक, मन्त्रालयका सचिव र मन्त्रीबाट टुंगिनुपर्ने विषय पनि मन्त्रिपरिषद्मा आउन थालेपछि 'ओभर अकुपाइड' हुन गयो। अब मन्त्रालयबाट गर्ने निर्णय त्यहीँबाट टुंग्याउने गरी व्यवस्था गरिएको छ। मन्त्रालयलाई आफ्नो अधिकार प्रयोग गर र जिम्मेवारी पनि लेऊ भनिएको हो। यसले मन्त्रालयबाट हुने निर्णय प्रक्रिया छिटो हुन्छ। मन्त्रिपरिषद्लाई पनि नीतिगत विषयमा गुणात्मक छलफल गर्ने समय मिल्छ। साबिकमा यस्तो व्यवस्था थियो, तर बिचमा अन्योल हुन गयो। अहिले यसलाई स्पष्ट पारिएको हो।

सुवास भट्ट/नयाँ पत्रिका

सार्वजनिक प्रशासनमा आफ्नो जिम्मेवारी र अधिकार क्षेत्रभित्रको विषय पनि आलटाल गरी मन्त्रिपरिषद्मा लैजाने बेथिति बढ्दै गएपछि कानुनमै व्यवस्था गरेर यस्तो प्रवृत्ति निरूपण गर्न सरकार लागिपरेको छ। पटक्कै निर्णय नगर्ने पदाधिकारीलाई बाध्य पार्ने गरी हालै जारी अध्यादेशमा सचिवबाट निर्णय गर्नुपर्ने विषय मन्त्रिपरिषद्मा लान नपाइने व्यवस्था गरिएको छ।

केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशमार्फत सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ का व्यवस्थामा संशोधन गरेर सरकारले सार्वजनिक प्रशासनमा रहेको निर्णयहीनतालगायत विषयलाई कसेको छ। मौजुदा कानुनमा रहेका कमीकमजोरी, अस्पष्ट प्रावधान, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा प्रक्रियागत ढिलासुस्ती सिर्जना गर्ने प्रकृतिका व्यवस्थालाई तत्काल सुधार, संशोधन वा परिमार्जन गर्न भन्दै सरकारले अध्यादेशमा नयाँ व्यवस्था गरेको हो। यसले निर्णय प्रक्रियालाई थप शीघ्र र सरल बनाउन तथा सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त बनाउन, नागरिक तथा विकासमैत्री प्रशासन स्थापना गरी सुशासन प्रवर्द्धन गर्न भन्दै सरकारले गत २ माघमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गरेको थियो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुनसचिव फणीन्द्र गौतमले तल्ला तहबाटै हुनुपर्ने निर्णय पनि मन्त्रिपरिषद्मा आउने बेथिति अन्त्यका लागि कानुनी व्यवस्था गरिएको बताए। 'विभागका महानिर्देशक, मन्त्रालयका सचिव र मन्त्रीबाट टुंगिनुपर्ने विषय पनि मन्त्रिपरिषद्मा आए। यसले मन्त्रिपरिषद् 'ओभर अकुपाइड' हुन गयो,' उनले भने, 'अब मन्त्रालयबाट गर्ने निर्णय त्यहीँबाट टुंग्याउने गरी व्यवस्था गरिएको छ। मन्त्रालयलाई आफ्नो अधिकार प्रयोग गर र जिम्मेवारी पनि लेऊ भनिएको हो।' यो व्यवस्थाले मन्त्रालयबाट हुने निर्णय प्रक्रिया छिटो हुने र मन्त्रिपरिषद्लाई पनि नीतिगत विषयमा गुणात्मक छलफल गर्ने समय मिल्ने उनको भनाइ छ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३ (क) मा व्यवस्था थप गरिएको छ। प्रचलित कानुनमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सम्पादन हुने भनी उल्लेख भएका विषय, नेपाल सरकार (कार्यसम्पादन) नियमावलीबमोजिम मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने विषय र प्रचलित कानुनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भनी उल्लेख भएका विषय मन्त्रिपरिषद्बाट निरूपण हुने उल्लेख छ। यसबाहेकका अन्य विषय नेपाल सरकारको कार्यसम्पादन नियमावली वा नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भएबमोजिम सम्बन्धित मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरेबमोजिम हुने व्यवस्था ऐनमा थप गरिएको छ। नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृत (सचिव)बाट सम्पादन भएकामा त्यस्तो कार्य नेपाल सरकारबाट सम्पादन भएको मानिने व्यवस्था अध्यादेशमार्फत ऐनमा गरिएको छ। प्रचलित कानुनले प्रशासनिक निर्णयको अन्तिम विन्दु सचिवलाई मान्छ।

प्रचलित कानुनमा व्यवस्था भएबमोजिम नेपाल सरकारले निर्णय गर्नुपर्ने वा सम्पादन गर्नुपर्ने विषयसँग सम्बन्धित प्रस्तावहरू प्रशस्त संख्यामा मन्त्रिपरिषद्समक्ष पेस हुने गरेका छन्। तर, मन्त्रिपरिषद्बाटै निर्णय गर्नुपर्ने अवस्थामा निर्णय प्रक्रियामा धेरै समय लाग्न गई तत्काल सम्बोधन गर्नुपर्ने नागरिक सरोकारका कतिपय जरुरी विषयवस्तु वा सार्वजनिक सेवाप्रवाहमा समेत असर पर्न जाने अवस्था छ।

नेपाल सरकारले अधिकार प्रत्यायोजन गरेबमोजिम विषयगत मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरेबमोजिम नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन हुन सक्ने गरी सुशासन ऐनमा संशोधन गरिएको छ। खासगरी पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उच्च तहका कर्मचारीलाई पनि भ्रष्टाचारमा मुद्दा दायर गरेपछि अहिले कर्मचारीतन्त्रमा निर्णयहीनता बढेको छ। सचिवदेखि मन्त्रीहरू पनि आफ्नो तहबाट हुने निर्णय पनि छानबिनको डरले मन्त्रिपरिषद्मा प्रस्ताव लाने गरेका छन्। खासगरी स्वार्थ, ठेक्कापट्टा र विवादित निर्णय मन्त्रिपरिषद्मा लाने प्रचलन छ। मन्त्रिपरिषद्को निर्णयमा हाल अख्तियारले छानबिन र मुद्दा दायर गर्न पाउँदैन। सम्भावित छानबिन र कारबाहीबाट जोखिन तल्ला तहबाटै टुंगिने विषय मन्त्रिपरिषद्मा पुऱ्याइने गरेको छ।

अध्यादेशमार्फत ऐनमा गरिएको व्यवस्थो निर्णय गर्ने क्रममा विभिन्न चरणमा हुने प्रक्रियागत ढिलाइ कम हुन गई सरकारको कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि हुनुका साथै सार्वजनिक सेवाप्रवाहसमेत छिटो, छरितो हुने देखिएको तर्क सरकारको छ। हाल संसदीय समितिमा छलफलका क्रममा रहेको भ्रष्टाचार निवारण ऐनमा पनि निर्णयहीनताउपर कारबाहीको प्रावधान राख्नुपर्ने आवाज उठेको छ।

त्यस्तै, सुशासन ऐनको दफा १५ मा पनि संशोधन गरे जिम्मेवार अधिकारीले सात दिनभित्रै निर्णय दिनुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ। प्रचलित कानुनबमोजिम निर्णय गर्नुपर्ने वा कार्यसम्पादन गर्नुपर्ने जिम्मेवारीमा रहेका सार्वजनिक पदाधिकारीले निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित सूचना, प्रमाण वा कागजात प्राप्त भएको मितिले सात कार्यदिनभित्र कार्यसम्पादन वा निर्णय गर्नुपर्ने व्यवस्था ऐनमा गरिएको छ। त्यस्तो कार्य वा निर्णय नगर्ने वा आफूले निर्णय गर्नुपर्ने विषय निर्णय नगरी पन्छाउने पदाधिकारीलाई एक तहमाथिका अधिकारीले चेतावनी दिनेसमेतको व्यवस्था गरी त्यस्तो चेतावनीको अभिलेखसमेत राखी कर्मचारीको हकमा त्यस्तो अभिलेखलाई कार्यसम्पादन मूल्यांकनमा आबद्ध गर्ने व्यवस्था गरिएको।

प्रचलित कानुनबमोजिम निर्णय गर्नुपर्ने वा कार्यसम्पादन गर्नुपर्ने जिम्मेवारीमा रहेका सार्वजनिक पदाधिकारीले समयमै काम नगर्ने र काम पन्छाउने प्रवृत्तिलाई निरुत्साहित गर्न यस्तो व्यवस्था गरिएको सरकारको स्पष्टीकरण छ। यो व्यवस्थाले कानुनबमोजिम आफूले सम्पादन गर्नुपर्ने काम वा निर्णय तोकिएको समयमा र छिटोछरितो रूपमा सम्पन्न गर्ने गरी सम्बन्धित कार्मचारी वा पदाधिकारीलाई कामप्रति थप जिम्मेवार र जवाफदेही बनाउने देखिएको तर्क सरकारको छ।

सुशासन ऐनको दफा ३७ (क) मा अर्को व्यवस्था पनि थप गरिएको छ। संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवाप्रवाह गर्ने निकायले आफ्नो स्रोत र साधनको उपलब्धताका आधारमा कम्प्युटरीकृत सूचना प्रविधिलाई नागरिक एपसँग अन्तरआबद्धता गरी नागरिकलाई प्रत्यक्ष र शीघ्र सेवा प्रदान गर्नुपर्ने व्यवस्था ऐनमा थप गरिएको छ। यसबाट आमनागरिकलाई कम समयमा र विनाझन्झट सहज रूपमा सार्वजनिक सेवा प्रवाह गर्नका लागि सूचना प्रविधिको उच्चतम प्रयोग गरी त्यस्तो प्रणालीलाई नागरिक एपसँग अन्तरआबद्धता गरी सेवाप्रवाहमा थप प्रभावकारिता ल्याउन सहयोग पुग्ने देखिएको सरकारको भनाइ छ। सुशासन ऐनको दफा ४५ मा संशोधन संशोधन गरेर मन्त्रालयले गर्ने कामकारबाहीलाई प्रक्रियागत ढंगबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्यसम्पादन गर्न आवश्यकताअनुसार आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सक्ने प्रावधान राखिएको छ।

सरकारले सरकारी कार्यालयको कामकारबाहीलाई प्रक्रियागत ढंगबाट छिटोछरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्यसम्पादन गर्न आवश्यक निर्देशिका र दिग्दर्शन बनाई लागू गर्न सक्ने प्रावधान प्रचलित कानुनमा छन्। तर, कतिपय अवस्थामा त्यस्ता निर्देशिकामा ऐनले दिएको अधिकारभन्दा बाहिर गई कानुनी प्रावधान राखिने गरेको र कतै सरकारी कामकारबाही छिटो, छरितो रूपमा सम्पादन हुनुभन्दा निर्देशिकाका प्रावधान नै बाधक बन्न गएको स्थिति छ।

संशोधनमार्फत मन्त्रालयले आफ्ना कामकारबाहीलाई प्रक्रियागत ढंगबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्यसम्पादन गर्न आवश्यकताअनुसार आन्तरिक दिग्दर्शन बनाई लागू गर्न सक्ने व्यवस्था गरेको छ।

- **सात दिनभित्र निर्णय नगर्नेलाई एक तहमाथिको अधिकारीले चेतावनी दिन सक्ने र त्यसको अभिलेख राखी कासम्मूमा आबद्ध गरिने**
- **सूचना प्रविधिलाई नागरिक एपसँग अन्तरआबद्धता गरी नागरिकलाई प्रत्यक्ष र शीघ्र सेवा प्रदान गर्नुपर्ने**
- **आफ्ना कामकारबाहीलाई सरलीकृत गर्न मन्त्रालयले आवश्यकताअनुसार दिग्दर्शन बनाई लागू गर्न सक्ने**
- **प्रधानमन्त्री कार्यालयले समन्वय र अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउने**

■ सरकारले जारी गऱ्यो सुशासनसम्बन्धी तीन मापदण्ड र नियमावली

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सुशासन र सार्वजनिक प्रशासनसम्बन्धी विभिन्न तीन मापदण्ड तथा नियमावली स्वीकृत गरेको छ। सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, नेपाल सरकार कार्यसम्पादन आठौँ संशोधन नियमावली र सुशासन, व्यवस्थापन तथा सञ्चालन तेस्रो संशोधन नियमावली छन्। खासगरी अध्यादेशमार्फत गरिएका व्यवस्थाबमोजिम कार्यान्वयनको प्रभावकारीताका लागि नियमावली जारी गरिएका कार्यालयले जनाएको छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८१/१०/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नवुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।
साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी पक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

धनगढी शाखा, कैलाली

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. ५२/०७०/७१ अन्तर्गत मिति २०७०/०४/२० मा दर्ता कायम भएको ॐ **नमो शिवाय ॐ ट्रेड एण्ड सप्लायर्स**
फर्म दर्ता ठेगानाः धनगढी उ.म.न.पा. -२, कैलाली
स्थायी लेखा नं. ६०१०१८८५७, मिति २०७०/०४/२०
प्रोप्राइटरः अमर सिंह धामी
कर्जा शिर्षकः ओभरड्राफ्ट, डिमाण्ड तथा सवारी साधन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

अमर सिंह धामी ना.प्र.नं. ७५१०१२/७१ जारी मितिः २०६४/०१/३०, जि.प्र.का. कञ्चनपुर बाबुको नामः आन सिंह धामी बाजेको नामः हरि सिंह धामी स्थायी ठेगानाः बेलडाँडी गा.पा. -४, कंचनपुर हालको ठेगानाः जोरायल गा.पा. -२, डोटी	**दुर्गा कुमारी ओझा** ना.प्र.नं. ६८१०१७/६३४, जारी मितिः २०६७/०६/१८, जि.प्र.का. डोटी बाबुको नामः भक्त राज ओझा पतिको नामः अमर सिंह धामी ससुराको नामः आन सिंह धामी स्थायी ठेगानाः छतिवन -४, डोटी हालको ठेगानाः जोरायल गा.पा. -२, डोटी	**गोमा देवी धामी** ना.प्र.नं. १००/११४ जारी मितिः २०४६/०३/०४ जि.प्र.का. कंचनपुर पतिको नामः आन सिंह धामी ससुराको नामः हरि सिंह धामी स्थायी ठेगानाः बेलडाँडी गा.पा. -१, कंचनपुर

धितोको विवरण

जग्गाको विवरण

१. हरि सिंह धामीको बुहारी, आनसिंह धामीको पत्नी, गोमा देवि धामीको नाममा मालपोत कार्यालय, बेलौरी, कञ्चनपुरमा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, बेलडाँडी गा.वि.स./न.पा. वडा नं. १ (सत्यवती विद्यालय अत्तरीया नजिक) स्थित कित्ता नं. ८३९ र ९३८ को क्षेत्रफल क्रमशः २,४६७.३७ र ६८५.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. हरि सिं धामीको बुहारी, अमर सिं धामीको पत्नी, दुर्गा कुमारी ओझाको नाममा मालपोत कार्यालय, धनगढी कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मालाखेती गा.वि.स./न.पा. वडा नं. ७ (बैजनाथ मन्दिर नजिक) स्थित कित्ता नं. ८९३ को क्षेत्रफल २२३.५० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Ashok Leyland–Dost Plus Container	सु.प. प्र ०१ ००१ च ३३६७	२०२१	LMH014261P	MB1AA22E4MRLK5072

नोटः यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधन हाल बैंकको नियन्त्रणमा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

तीनपैनी शाखा, मोरङ्ग

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (घरजग्गाको विवरण)
मोस्तकिम साजिद ना.प्र.नं. ४१०३१५७५ जारी मिति २०४८/०५/२७, जि.प्र.का. धनुषा बाबुको नाम : इसलाम साफी बाजेको नाम : बिकाउ साफी स्थायी ठेगाना : झोभी कटैया - २, धनुषा हालको ठेगाना : बिराटनगर म.न.पा. -६, मोरङ्ग **कर्जा शिर्षक : आवधिक कर्जा**	**रुबी खातुन** ना.प्र.नं. १७३०२८/२८ जारी मिति २०६३/११/१५, जि.प्र.का. धनुषा बाबुको नाम : अब्दुल सतार पतिको नाम : मोस्तकिम साजिद ससुराको नाम : इसलाम साफी स्थायी ठेगाना : झोभी कटैया - २, धनुषा हालको ठेगाना : बिराटनगर म.न.पा. -६, मोरङ्ग	विकाउ साफिको नाति, इस्लाम साफीको छोरा, मोस्तकिम साजिदको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, अमहिवेल्हा गा.वि.स./न.पा. वडा नं. ७ क (सितागंज चोक नजिक) स्थित कि.नं. १०३७ को क्षेत्रफल ०-५-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

बर्दघाट शाखा, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं दर्ता नं. ७७०४७/०६७/०६८ अन्तर्गत मिति २०६७/०६/२६ मा दर्ता कायम भएको **बि.जे. एग्रिकल्चर फार्मिङ्ग प्रा.लि.** कम्पनी दर्ता ठेगाना : प्रतापपुर - ३, नवलपरासी स्थायी लेखा नं. ३०४२९२७५६ मितिः २०६७/०९/०४ **संचालकः जगन्नाथ ढकाल** **कर्जा शिर्षकः ओभरड्राफ्ट, डिमाण्ड तथा आवधिक कर्जा**	**जगन्नाथ ढकाल** ना.प्र.नं. ३९-०२-७३-०११२६ जारी मिति २०७३/०८/१२ ई.प्र.का., रामपुर, पाल्पा बाबुको नामः ढुण्डीराज ढकाल बाजेको नामः खिमु ढकाल स्थायी ठेगानाः सिलुवा - ७, पाल्पा हालको ठेगानाः बर्दघाट न.पा.- १६, नवलपरासी	**सरिता घिमिरे** ना.प्र.नं. १०२३९९, जारी मिति २०६०/०७/२४ जि.प्र.का. पाल्पा बाबुको नामः शिव प्रसाद घिमिरे पतिको नामः जगन्नाथ ढकाल ससुराको नामः ढुण्डीराज ढकाल स्थायी ठेगानाः चिदिपानी - ७, पाल्पा हालको ठेगानाः बर्दघाट न.पा. - १६, नवलपरासी

धितोको विवरण (घर/जग्गाको विवरण)

१. खिमु ढकालको नाति, ढुण्डीराज ढकालको छोरा, जगन्नाथ ढकालको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा दर्ता श्रेस्ता कायम रहेको
   क. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला माकर गा.वि.स/न.पा. वडा नं. २ झ (चिसापानी चोक नजिक) स्थित कि.नं. ४९७, ५०५ र ५१३ को क्षेत्रफल क्रमश : ०-०-१०-३, ०-०-९-० र ०-०-८-३ विगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
   ख. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला माकर गा.वि.स/न.पा. वडा नं. ९ घ (बाढिपिडित चोक नजिक) स्थित कि.नं. ४३८ र ४८१ को क्षेत्रफल क्रमश : ०-०-१०-२ र ०-०-४-२ विगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. बि.जे. एग्रिकल्चर फार्मिङ्ग प्रा.लि.को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला दाउन्नेदेवि गा.वि.स/न.पा. वडा नं. २ क (पुष्पलालचोक नजिक) स्थित कि.नं. ७, १०, ११, ६५५, ६५७ र ६५८ को क्षेत्रफल क्रमश : ०-९-१३-०, ०-९-१-०, ०-०-११-०, ०-३-१०-०, ०-२-९-० र ०-२-१४.५०-० विगहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

चारआली शाखा, झापा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (जग्गाको विवरण)
१. सरण कुमार निरौला ना.प्र.नं. ६४३८९९२९ जारी मिति २०५५/०२/०४, जि.प्र.का. झापा बाबुको नामः छविलाल निरौला बाजेको नामः प्रतिमान स्थायी ठेगानाः मेचीनगर न.पा. -६, झापा **कर्जा शिर्षकः कृषि आवधिक कर्जा**	**दिक्षा पोखरेल** ना.प्र.नं. ०५१०६६/४१५१ मोरङ्ग, जारी मितिः २०६७/०७/१०, जि.प्र.का. झापा बाबुको नामः माधव प्रसाद तिम्सिना पतिको नामः सरण कुमार निरौला ससुराको नामः छविलाल निरौला स्थायी ठेगानाः मेचीनगर न.पा. - ६, झापा	प्रतिमानको नाति, छवि लाल निरौलाको छोरा, सरण कुमार निरौलाको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, नकलबन्दा गा.वि.स./न.पा. वडा नं.८(कालीखोला पुल नजिक) स्थित कि.नं. ३६३२ को क्षेत्रफल ०-०-१८-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
२. तारा पोखेल **कर्जा शिर्षकः सवारी साधन कर्जा** **३. मिरा तिवारी** **कर्जा शिर्षकः घर कर्जा**	**तारा पोखेल** ना.प्र.नं. ०५३११०६११, जारी मितिः २०६१/०४/२८, जि.प्र.का. झापा बाबुको नामः जिवनाथ पोखेल बाजेको नामः मुक्तिनाथ पोखेल स्थायी ठेगानाः मेचीनगर न.पा. -३, झापा हालको ठेगानाः मेचीनगर न.पा. -१०, झापा	**मिरा तिवारी** ना.प्र.नं. ०४३००३/२९५१, जारी मितिः २०६३/१२/१९, जि.प्र.का. झापा बाबुको नामः कृष्ण प्र. तिवारी पतिको नामः तारा पोखेल ससुराको नामः जिवनाथ पोखेल स्थायी ठेगानाः मेचीनगर न.पा. -६, झापा हालको ठेगानाः मेचीनगर न.पा. -१०, झापा

धितोको विवरण

घरजग्गाको विवरण

मनोरथ तिवारीको नातिनी, कृष्ण प्रसाद तिवारीको छोरी, तारा पोखरेलको पत्नी, मिरा तिवारीको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, धुलाबारी गा.वि.स./न.पा. वडा नं. ५ (मेची आम्दा हस्पिटल, धुलाबारी नजिक) स्थित कि.नं. १८५० को क्षेत्रफल ०-०-१७-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण (ऋणी तारा पोखरेलका लागि)

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Tata XENON Yodha SC 4 X 2	प्रदेश १ ०२ ००१ च ९२२२	२०२१	49PCR10KYX631809	MAT464602MSR15305
Tata XENON Yodha SC 4 X 2	प्रदेश १ ०२ ००१ च ८६३५	२०२१	49PCR10DYX617222	MAT464602MSR06927

नोटः यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधनहरु हाल बैंकको नियन्त्रणमा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समाबेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्तादिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१ फागुन ५ गते (कार्यालय समय भित्र), बोलपत्र खोलिने मितिः २०८१ फागुन ६ गते
समयः दिउँसो ३ बजे, स्थानः सम्बन्धित शाखा कार्यालयमा

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

सबै प्रकारका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउनुपर्छ : राष्ट्रपति

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले सबै प्रकारका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउन आवश्यक रहेको बताएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४औँ स्थापना दिवसको मूल समारोहमा सोमबार उनले सुशासन, सामाजिक न्याय र समृद्धिको अवधारणालाई मूर्तरूप दिन भ्रष्टाचार नियन्त्रण आवश्यक भएको बताए ।

शक्ति र पद हुँदैमा जोकोही कानुनी जवाफदेहिताबाट मुक्त हुँदैन भन्ने विश्वास अख्तियारले आमनागरिकमा जागृत गराउन सक्नुपर्नेसमेत पौडेलले बताए । 'व्यवहार, आचरण र अभ्यासले म भ्रष्टाचार गर्दिनँ र हुन पनि दिन्नँ भन्ने प्रण गर्ने हो भने मुलुकलाई भ्रष्टाचारबाट निर्मूल गर्न सकिन्छ,' उनले भने । नीति, पद्धति, प्रविधि र प्रवृत्तिगत सुधारका प्रयासलाई प्रभावकारी बनाएर अनुशासन र सदाचार प्रणालीको विकास गर्नु आजको आवश्यकता भएको उनले औँल्याए ।

सूचना प्रविधिको तीव्र विकास र प्रयोगसँगै भ्रष्टाचारका तरिका र प्रवृत्तिमा समेत जटिलता थपिएको अवस्थामा आयोगले पनि अनुसन्धान पद्धतिमा नवीनता ल्याउनुपर्ने राष्ट्रपति पौडेलले औँल्याए । भ्रष्टाचारका सम्भाव्य जोखिमका बारेमा सार्वजनिक निकाय र पदाधिकारीलाई बोध गराई यसको नियन्त्रणमा अग्रणी भूमिका निर्वाह गर्न कुनै कसर बाँकी नराख्न उनले अख्तियारलाई सुझाए । कसैको दबाब वा प्रभावमा नपरी कसुर र कसुरदार ठुलो वा सानो नभनी काम गर्न आयोग चुक्नेछैन र झुक्नेछैन भन्ने विश्वास पनि उनले व्यक्त गरे ।

अख्तियार प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचारजन्य कसुरसम्बन्धी उजुरी आयोगमा छानबिन वा अनुसन्धानमा रहेको बहानामा विकास निर्माण र सेवाप्रवाहका कार्य रोक्न नहुने बताए । यसबारे आयोग स्पष्ट रहेकोमा जोड दिँदै उनले केही समस्या भए छलफल र अन्तर्क्रियाका माध्यमबाट सहजीकरण गरी समस्या समाधान गर्न तयार रहेको उनको भनाइ छ ।

नयाँ पत्रिकाकर्मी मैनालीलाई सुशासन पत्रकारिता पुरस्कार

अख्तियारको स्थापना दिवसको मूल समारोहमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएको कदरस्वरूप नयाँ पत्रिकाकर्मी नवराज मैनालीसहितका पत्रकार पुरस्कृत भएका छन् । सुशासन पत्रकारिता पुरस्कारबाट मैनालीसहित नागरिक दैनिकका पत्रकार टपेन्द्र कार्की, कान्तिपुर टेलिभिजनका रमेश धमला र नमस्ते खोटाङ डटकमकी सविता अछामीलाई पनि पुरस्कृत गरिएको छ । सभामुख देवराज घिमिरेले उनीहरूलाई २५ हजार रुपैयाँ राशिसहित पुरस्कृत गरे । लेखरचनातर्फ पत्रकार सुदर्शन आचार्य पनि पुरस्कृत भएका छन् ।

त्यस्तै, अख्तियारका उत्कृष्ट अनुसन्धानकर्ताका रूपमा उपसचिव विष्णुराज बेल्वासे, प्रहरी नायब उपरीक्षक कमलकुमार खड्का तथा नापी अधिकृत रुबिना शाहीलाई अख्तियार सेवा पुरस्कार प्रदान गरिएको छ ।

वाइसिएलको उचित मूल्यांकन नभएको गुनासो

काठमाडौँ / माओवादीको युवा संगठन वाइसिएल नेपालले पार्टीले सिनियर युवा नेताको मूल्यांकन नगरेकोमा असन्तुष्टि जनाएको छ । सिफारिस गर्दा पनि उचित मूल्यांकन नभएकोमा वाइसिएल नेपालका इन्चार्ज रामप्रसाद सापकोटाले पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र महासचिव देव गुरुङको ध्यानाकर्षण गराएका छन् ।

'वाइसिएलमा सिनियर उपाध्यक्षहरूलाई केन्द्रीय समितिको कुनै भूमिका हुनुपर्छ भनेर मूल्यांकन गरिदिन सिफारिस गरेका थियौँ, तर भएन । सोहीकारण पार्टी अध्यक्ष र महासचिवको ध्यानाकर्षण गराइएको हो,' उनले भने । सापकोटाले उपाध्यक्षहरू मञ्जु बम, केहरसिंह कुँवर, उमेश घोरासैनी, गोगन मल्ल र सुवित ढुंगानालाई केन्द्रीय कमिटी सदस्य वा केन्द्रीय प्रतिनिधि बनाउन सिफारिस गरेका थिए ।

वाइसिएलका वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्रबहादुर गुरुङ, उपाध्यक्षद्वय मिङ्माडन्डु शेर्पा र गणेश शाही भने वैकल्पिक केन्द्रीय सदस्य छन् । वाइसिएल इन्चार्ज सापकोटा र अध्यक्ष सुबोधराज शेर्पाली केन्द्रीय समितिको पूर्णसदस्य छन् । महासचिव देव गुरुङले ध्यानाकर्षण भएको संक्षिप्त प्रतिक्रिया दिए ।

पूर्वविद्यार्थी नेतालाई जिम्मेवारी

उमेरहदका कारण विद्यार्थी राजनीतिबाट बिदा भएका अखिल क्रान्तिकारीका नेताहरूले केन्द्रीय प्रतिनिधिको जिम्मेवारी पाएका छन् । जिपी मैनालीलाई बागमती प्रदेश, तुकमान महरालाई लुम्बिनी प्रदेश, मिलन एमसीलाई लुम्बिनी प्रदेश, लक्ष्मीप्रसाद जोशीलाई सुदूरपश्चिम प्रदेश र नरेश रेग्मीलाई नीति विभागको प्रतिनिधि तोकिएको छ । प्रवीणा अधिकारीलाई गण्डकी प्रदेश, गजेन्द्रप्रसाद देवलाई मधेश प्रदेश, मदन भुललाई सुदूरपश्चिम प्रदेश, मदन भट्टराईलाई कोशी प्रदेश र सूर्यनारायण साहलाई मधेश प्रदेशको प्रतिनिधि तोकिएको छ ।

पूर्वविद्यार्थी नेताहरू पवन कार्की र क्षितिज सापकोटालाई बागमती प्रदेश, नारायण खनाललाई नीति विभाग, अम्मराज शाहीलाई कर्णाली प्रदेश, अच्युत भट्टलाई सुदूरपश्चिम प्रदेश, केशव रावल र दिपेश पुनलाई लुम्बिनी प्रदेशको केन्द्रीय प्रतिनिधिको जिम्मेवारी दिइएको छ । अखिल क्रान्तिकारीको २३औँ राष्ट्रिय सम्मेलनबाट अध्यक्षका दाबेदार रहेका उनीहरू ३२ वर्षे उमेरहद लागू भएपछि विद्यार्थी राजनीतिबाट बाहिरिएका थिए । उनीहरूलाई पार्टीमा व्यवस्थापन गर्न उपमहासचिव शक्ति बस्नेतको नेतृत्वमा तीन सदस्यीय कार्यदल गठन भएको थियो । कार्यदलले महासचिव गुरुङसमक्ष उनीहरूलाई वैकल्पिक केन्द्रीय सदस्य बनाउन सिफारिस गरेको थियो ।

महोत्तरीमा हात्तीको उपद्रव

महोत्तरीमा **रञ्जन भण्डारी**

महोत्तरीको उत्तरी वनक्षेत्रमा पछिल्लो केही दिनदेखि हात्तीको एक समूहले उपद्रव गर्न थालेपछि स्थानीय त्रसित भएका छन् । घर तोडफोड गरिदिने तथा अन्नबाली खाइदिने र खेतीसमेत नष्ट गरेर उपद्रव गर्न थालेपछि स्थानीय त्रसित भएका हुन् ।

बर्दीवास नगरपालिका- ५ तथा गौशाला नगरपालिका- ८ का विभिन्न स्थानमा देखिएको तीनवटा हात्तीको समूहले दर्जनभन्दा बढी स्थानीयको घरमा क्षति पुऱ्याउनुका साथै अन्न र बालीनाली नष्ट गरेको हो । डिभिजन वन कार्यालय महोत्तरीका कार्यालय प्रमुख डिएफओ अजय मिश्रले करिब २०–२५ दिनदेखि दुई ठुला हात्ती र एक बच्चा हात्तीको समूहले उपद्रव मच्चाएको बताए । उनले दिनभरि वनक्षेत्रभित्रै हराउने हात्ती राति ११ बजेपछि सक्रिय हुने गरेको बताए । वनसँगै नजिक रहेका बर्दीवास र गौशालालगायतका क्षेत्रमा देखिएको हात्ती धपाउने प्रयास भए पनि सफल हुन नसकेको उनको भनाइ छ । प्रदेश वन मन्त्रालयबाट सचिवसहितको टोली हात्तीको उपद्रवले प्रभावित क्षेत्रमा पुगेर घरमा तोडफोड भएका पीडितलाई भेटघाट गरी उनीहरूलाई क्षतिपूर्तिका लागि आश्वासनसहित हात्ती भित्री जंगल क्षेत्रमा धपाउने प्रयासबारे जानकारी गराएको डिएफओ मिश्रले बताए । उनले भारतको आसामस्थित जंगलबाट नेपालको विभिन्न जिल्ला हुँदै आइपुगेको हात्ती कुनै समय धनुषा, सर्लाही र रौतहटलगायतका क्षेत्रमा देखिने गरेको बताए ।

Coca-Cola BOTTLERS NEPAL LIMITED

(Authorized Bottler of The Coca-Cola Company)
Balaju Industrial District, Balaju, Kathmandu

Unaudited Financial Results (Quarterly)

As at the end of the Second Quarter (13/01/2025) of the Fiscal Year 2081/82 (FY 2024-2025)

NPR in Thousands

S.N	Particulars	As on date 13.01.2025 (Unaudited) (Group)	As on date 14.01.2024 (Unaudited) (Group)
A	**ASSETS**		
	NON-CURRENT ASSETS		
	Non-Financial Assets:		
	Intangible Assets	11,965	9,921
	Property, Plant and Equipment	7,075,352	7,257,131
		7,087,317	**7,267,052**
	CURRENT ASSETS		
	Non Financial Assets:		
	Inventories	2,817,246	3,099,822
	Advances	2,825,775	2,926,817
	Other Current Assets	22,536	75,338
	Income Tax Receivable	74,800	193,482
	Financial Assets:		
	Other Current Assets	88,466	65,724
	Trade Receivables	487,276	511,984
	Cash and Cash Equivalents	118,844	341,625
		6,434,943	**7,214,792**
	Total Assets	**13,522,260**	**14,481,844**
B	**EQUITY AND LIABILITIES**		
	EQUITY		
	Equity Share Capital	194,889	194,889
	Reserve and Surplus	5,813,367	5,528,416
	Non Controlling Interest	381,960	356,643
		6,390,216	**6,079,948**
	NON-CURRENT LIABILITIES		
	Non-Financial Liabilities:		
	Deferred Tax Liability	30,096	117,168
	Financial Liabilities:		
	Retirement Benefit Obligation	809,092	926,224
	Lease Liabilities	113,646	84,523
		952,834	**1,127,915**
	CURRENT LIABILITIES		
	Retirement Benefit Obligation	105,768	124,871
	Borrowings	2,923,381	3,895,076
	Trade Payables	1,181,158	1,163,047
	Lease Liabilities	21,261	9,713
	Other Financial Liabilities	1,893,871	2,081,175
	Non Financial Liabilities	53,771	99
		6,179,210	**7,273,981**
	Total Equity and Liabilities	**13,522,260**	**14,481,844**

C	Profit and Loss Account	Current Period (Group)		Previous Period (Group)	
		17.10.2024 to 13.01.2025 (Qtr)	16.07.2024 to 13.01.2025 (YTD)	18.10.2023 to 14.01.2024 (Qtr)	17.07.2023 to 14.01.2024 (YTD)
	Revenue from Operations	1,361,889	4,364,352	1,316,907	4,583,125
	Cost of Sales	(1,232,840)	(3,447,764)	(1,052,201)	(3,404,816)
	Gross Profit	**129,049**	**916,588**	**264,706**	**1,178,308**
	Other Operating Income	10,072	16,401	6,380	15,605
	Selling and Distribution Expenses	(269,177)	(714,690)	(221,701)	(726,205)
	Administrative and Operating Expenses	(174,310)	(344,987)	(197,658)	(380,601)
	Profit from Operations	**(304,366)**	**(126,688)**	**(148,273)**	**87,106**
	Finance Costs	(47,654)	(101,214)	(81,403)	(154,952)
	Finance Income	-	791	739	1,438
	Profit Before Tax	**(352,020)**	**(227,111)**	**(228,937)**	**(66,408)**
	Income Tax Expense				
	Current Tax	(16,769)	(59,674)	(5,063)	(60,833)
	Prior Period Tax Adjustments	-	-	-	(1,910)
	Deferred Tax	39,366	41,743	(22,883)	(22,427)
	Net Profit	**(329,423)**	**(245,042)**	**(256,883)**	**(151,578)**
	Owners of the Company (Net Profit)	**(310,920)**	**(234,079)**	**(237,785)**	**(144,743)**
	Non Controlling Interest (Net profit)	**(18,503)**	**(10,963)**	**(19,096)**	**(6,835)**

D	Major Indicators	Current Period (Group)		Previous Period (Group)	
		16.07.2024 to 13.01.2025 (YTD)	Annualized	17.07.2023 to 14.01.2024 (YTD)	Annualized
	1. Earnings per Share (NPR)	(120)	(240)	(74)	(149)
	2. Market Value per Share (NPR)	14,900	14,900	6,236	6,236
	3. Price Earnings Ratio	(124)	(62)	(84)	(42)
	4. Current Ratio	1.0		1.0	
	5. Return on Equity	-3.8%	-7.7%	-2.5%	-5.0%
	6. Return on Total Assets	-1.8%	-3.6%	-1.0%	-2.1%
	7. Net Worth per Share (NPR)		3,279		3,120

Note:

1. Figures are regrouped wherever necessary for consistent presentation and comparison.
2. Above presented figures may vary with the audited figures if amended by the external auditors and/or regulator.
3. Quarterly earnings per share, Price earning ratio, return on equity, return on total assets and net worth per share are calculated based on quarterly accumulated unaudited profits and number of equity shares outstanding at the reporting date and Annualized earnings per share, Price earning ratio, return on equity, return on total assets and net worth per share are calculated based on annualized accumulated unaudited profits and number of equity shares outstanding at the reporting date.

E. Related Party Disclosure

Upto the end of the quarter, the following related party transactions have occurred:

Particulars	NPR in Thousand
Purchase of Concentrate from Pacific Refreshments Pte. Ltd.	1,559,939
Transfer fee payable to BNTL	26,752
Transfer fee receivable from BNTL	67,021

F. Management Analysis

a) The Company generated a net loss of NPR 245 MM during the second quarter due to slow-down in consumer spending, increases in material and production overhead costs, challenge in raw materials sourcing along with macroeconomic impact of currency devaluation and inflation.

b) The company is continuously working to enhance productivity and profitability through strategic initiatives such as optimizing production processes, expanding market reach, implementing cost-saving measures, and innovating with new product offerings. Additionally, the company is focusing on sustainability practices, effective marketing strategies, strengthening distribution channels, and leveraging digital technologies for operational efficiencies and increased market penetration.

G. Details Related to Legal Proceedings

No legal case was filed in this Quarter by or against the Company.

H. Analysis of Share Transactions

i) **Management's view on the performance of the stocks of the body corporate**
Price and transactions of the Company's shares are being determined by the open share market operations through a duly established Stock Exchange. Management's view on this is neutral.

ii) **High, Low and Closing Price of the stocks of the company during this quarter along with total volume of trading of shares and number of days traded**

Particulars	17.10.2024 to 13.01.2025 (Qtr)
Maximum Price (NPR)	17,780
Minimum Price (NPR)	14,900
Closing Price (NPR)	14,900
No. of Trades (Total Transaction)	1,592
Days of Trading	36

I. Risks and Challenges

Internal Problem & Challenges

- Rise in cost of operations.
- Rural distribution at effective cost.

External Problem & Challenges

- Market and economic slowdown due to external factors resulting in upward trend of operational costs for manufacturing sector.
- Devaluation of Nepalese Rupees against the Foreign Exchange Currencies resulting in higher material cost.

Strategy

- Implementation of Coke Buddy for online order processing and Vxceed, a solution for Demand Chain Exexution process, by the company to manage the distributor network and obtain real-time data for better decision making.
- Continuous assessment of the risk exposure of the company to the internal and external factors and effective implementation of risk management procedures.
- Continuous development of cost effective distribution models for upcountry areas.

J. Corporate Governance

- The Company follows prudent Corporate Governance Practices in all business transactions.
- During the Quarter under review, the Company had convened Board Meeting on 20th November, 2024 and 10th January 2025. The company also convened Audit committee meeting on 20th November, 2024 and Risk Committee meeting on 21st November, 2024. The Annual General Meeting was held on 10th January 2025.

K. Declaration by Managing Director on the Truthfulness and accuracy of Information

I, as at the date, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. I hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the omission of which shall adversely affect the informed investment decision by the investors.

G. Deepak Senthil Nath
Managing Director
Date: 7th February, 2025 (25th Magh, 2081)

Coca-Cola BOTTLERS NEPAL (TERAI) LIMITED

(Authorized Bottler of The Coca-Cola Company)
Gondrang, Bharatpur-9 Chitwan, Nepal

Unaudited Financial Results (Quarterly)

As at the end of Second Quarter (13/01/2025) of the Fiscal Year 2081/82 (FY 2024-2025)

NPR in Thousands

S.N	Particulars	As on date 13.01.2025 (Unaudited)	As on date 14.01.2024 (Unaudited)
A	**ASSETS**		
	NON-CURRENT ASSETS		
	Non-Financial Assets:		
	Intangible Assets	8,736	5,302
	Property, Plant and Equipment	5,379,904	5,620,962
		5,388,640	**5,626,264**
	CURRENT ASSETS		
	Non Financial Assets:		
	Inventories	2,091,434	2,382,940
	Advances	979,112	1,074,742
	Other Current Assets	16,144	42,683
	Income Tax Receivable	74,092	188,803
	Financial Assets:		
	Other Current Assets	38,568	21,299
	Trade Receivables	416,230	292,394
	Cash and Cash Equivalents	105,565	185,107
		3,721,145	**4,187,967**
	Total Assets	**9,109,785**	**9,814,231**
B	**EQUITY AND LIABILITIES**		
	EQUITY		
	Equity Share Capital	121,000	121,000
	Reserve and Surplus	3,967,490	3,718,398
		4,088,490	**3,839,398**
	NON-CURRENT LIABILITIES		
	Non-Financial Liabilities:		
	Deferred Tax Liability	230,353	223,736
	Financial Liabilities:		
	Retirement Benefit Obligation	364,225	440,457
	Lease Liabilities	112,405	84,523
		706,983	**748,716**
	CURRENT LIABILITIES		
	Financial Liabilities:		
	Retirement Benefit Obligation	58,037	62,403
	Borrowings	2,438,997	3,025,655
	Trade Payables	589,037	843,881
	Lease Liabilities	20,809	9,318
	Other Financial Liabilities	1,160,214	1,284,761
	Non Financial Liabilities	47,218	99
		4,314,312	**5,226,117**
	Total Equity and Liabilities	**9,109,785**	**9,814,231**

C	Profit and Loss Account	Current Period		Previous Period	
		17.10.2024 to 13.01.2025 (Qtr)	16.07.2024 to 13.01.2024 (YTD)	18.10.2023 to 14.01.2024 (Qtr)	17.07.2023 to 14.01.2024 (YTD)
	Revenue from Operations	939,967	2,968,695	1,219,796	3,688,350
	Cost of Sales	(885,076)	(2,365,402)	(1,112,520)	(2,860,814)
	Gross Profit	**54,891**	**603,293**	**107,277**	**827,536**
	Other Operating Income	15,854	35,687	3,500	9,961
	Selling and Distribution Expenses	(191,307)	(518,702)	(205,098)	(597,526)
	Administrative and Operating Expenses	(26,485)	(122,723)	(57,516)	(166,345)
	Profit from Operations	**(147,047)**	**(2,445)**	**(151,837)**	**73,625**
	Finance Costs	(44,990)	(89,686)	(72,385)	(140,516)
	Finance Income	40	40	52	52
	Profit Before Tax	**(191,997)**	**(92,091)**	**(224,170)**	**(66,839)**
	Income Tax Expense				
	Current Tax	8,838	(8,932)	23,251	(2,503)
	Deferred Tax	(17,590)	(17,918)	(6,273)	(4,813)
	Net Profit	**(200,749)**	**(118,941)**	**(207,193)**	**(74,155)**

D	Major Indicators	16.07.2024 to 13.01.2025 (YTD)	Annualized	17.07.2023 to 14.01.2024 (YTD)	Annualized
	1. Earnings per Share (NPR)	(98)	(197)	(61)	(123)
	2. Market Value per Share (NPR)	13,200	13,200	12,850	12,850
	3. Price Earnings Ratio	(134)	(67)	(210)	(105)
	4. Current Ratio	0.9		0.8	
	5. Return on Equity	-3%	-6%	-2%	-4%
	6. Return on Total Assets	-1.3%	-2.6%	-0.8%	-1.5%
	7. Net Worth per Share (NPR)		3,379		3,173

Note:

1. Figures are regrouped wherever necessary for consistent presentation and comparison.
2. Above presented figures may vary with the audited figures if amended by the external auditors and/or regulator.
3. Quarterly earnings per share, Price earning ratio, return on equity, return on total assets and net worth per share are calculated based on quarterly accumulated unaudited profits and number of equity shares outstanding at the reporting date and Annualized earnings per share, Price earning ratio, return on equity, return on total assets and net worth per share are calculated based on annualized accumulated unaudited profits and number of equity shares outstanding at the reporting date.

E. Related Party Disclosure

Upto the end of the quarter, the following related party transactions have occurred:

Particulars	NPR in Thousand
Purchase of Concentrate from Pacific Refreshments Pte. Ltd.	1,009,352
Transfer fee payable to BNL	67,021
Transfer fee receivable from BNL	26,752

F. Management Analysis

a) The Company generated a net loss of NPR 118 MM during the second quarter due to slow-down in consumer spending, increases in material and production overhead costs, challenge in raw materials sourcing along with macroeconomic impact of currency devaluation and inflation.

b) The company is continuously working to enhance productivity and profitability through strategic initiatives such as optimizing production processes, expanding market reach, implementing cost-saving measures, and innovating with new product offerings. Additionally, the company is focusing on sustainability practices, effective marketing strategies, strengthening distribution channels, and leveraging digital technologies for operational efficiencies and increased market penetration.

G. Details Related to Legal Proceedings

No legal case was filed in this Quarter by or against the Company.

H. Analysis of Share Transactions

i) **Management's view on the performance of the stocks of the body corporate**
Price and transactions of the Company's shares are being determined by the open share market operations through a duly established Stock Exchange. Management's view on this is neutral.

ii) **High, Low and Closing Price of the stocks of the company during this quarter along with total volume of trading of shares and number of days traded**

Particulars	17.10.2024 to 13.01.2025 (Qtr)
Maximum Price (NPR)	15,290
Minimum Price (NPR)	12,750
Closing Price (NPR)	13,200
No. of Trades (Total Transaction)	15,367
Days of Trading	55

I. Risks and Challenges

Internal Problem & Challenges

- Rise in cost of operations.
- Rural distribution at effective cost.

External Problem & Challenges

- Market and economic slowdown adversely impacting the manufacturing sector.
- Devaluation of Nepalese Rupees against the Foreign Exchange Currencies resulting in higher material cost.

Strategy

- Implementation of Coke Buddy for online order processing and Vxceed, a solution for Demand Chain Exexution process, by the company to manage the distributor network and obtain real-time data for better decision making.
- Continuous assessment of the risk exposure of the company to the internal and external factors and effective implementation of risk management procedures.
- Continuous development of cost effective distribution models for upcountry areas.

J. Corporate Governance

- The Company follows prudent Corporate Governance Practices in all business transactions.
- During the Quarter under review, the Company had convened Board Meeting on 20th November, 2024 and 10th January 2025. The company also convened Audit committee meeting on 20th November, 2024 and Risk Committee meeting on 21st November, 2024. The Annual General Meeting was held on 10th January 2025.

K. Declaration by Chief Executive Officer on the Truthfulness and accuracy of Information

I, as at the date, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. I hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the omission of which shall adversely affect the informed investment decision by the investors.

G. Deepak Senthil Nath
Chief Executive Officer
Date: 7th February, 2025 (25th Magh, 2081)

कहाँ छ अन्तरजातीय जोडीका लागि राज्य ?

अन्तरजातीय विवाहका कारण आफ्नो जीवनमा आइपरेका समस्या झेल्न नसकेर आत्महत्यासम्मको बाटो रोज्न विवश जोडीका लागि कतै छैन राज्य

● राजेश विद्रोही

अग्रलेख

राज्य व्यवस्थाले अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ। तर, पछिल्लो समयमा सम्बन्धविच्छेद गराउने कार्यमा सिंगो राज्य शक्ति नै लागिपरेको देखिन्छ। किनभने, अहिलेको व्यवस्थामा पनि उनै पुरातन सोच बोकेका मानिसको रजगज कायमै छ। सम्बन्ध जोड्ने र तोड्ने कार्यमा वैदेशिक रोजगार र सामाजिक सञ्जाल जसरी अगाडि थिए, त्यसरी नै यिनलाई उछिन्ने काम गरेका छन्, यतिवेला राज्यको संयन्त्र र राजनीतिक दलका नेता-कार्यकर्ताले। यसको पछिल्लो उदाहरण हो, सर्लाहीको बरहथवा घटना। यसअघि पनि रुकुमको चौरजहारीमा भएको नवराज विक घटना, सप्तरीको राजविराज र आठ वर्षदेखि काठमाडौंको टिचिङ अस्पतालमा रहेको अजित मिजारको लाससलगायत घटना राज्य शक्ति दुरुपयोगकै कारण घटेका घटना हुन्। सतहमा नआएका र समाजमा दबिएका यस्ता घटना कैयौँ छन्। यसबारे अनुसन्धान गर्दै जाने हो भने राज्यका निकायबाटै यस्ता घटना दिनदिनै दर्जनौँ घटिरहेका देखिन्छन्।

शासक प्रशासकद्वारा राज्य शक्तिको चरम दुरुपयोग बढेको छ। अधिकांश घरपरिवार र समाज त अन्तरजातीय जोडीको विरोधमा हुन्छ नै, साथै राज्यले बनाएका ऐनकानुन र नीतिसमेत उनीहरूको पक्षमा देखिँदैन। खोइ कहाँ छ उनीहरूका लागि राज्य ? कहाँ गएर बाँच्ने तिनले ? त्यसैले उनीहरू आफ्नो जीवनमा आइपरेका समस्या झेल्न नसकेर आत्महत्यासम्मको बाटो रोज्न विवश छन्। राज्यले यस्ता जोडीको संरक्षण गर्नुको साटो उल्टो उनीहरूलाई दुरुत्साहन गरिरहेको छ। जब कि संविधानले सम्मानपूर्वक बाँच्न पाउने हकको ग्यारेन्टी गरेको छ। तर, त्यही संविधानअन्तर्गत बनेका राज्यका निकायले खोजीखोजी तिनलाई अपराधी करार गरिरहेका छन्। यतिसम्म कि उनीहरूलाई आफ्नो टाउको लुकाउनैसमेत मुस्किल छ। कहीँकतै आक्कलझुक्कल टाउको उठाइहाले पनि तिनलाई सबै मिलेर न्याकिहाल्छन्। अन्तरजातीय विवाह गर्नु आफैँमा कुनै पाप होइन। तर, राज्य र समाजले समेत अपराधीजस्तो व्यवहार गरिरहन्छन्। भन्नलाई महिला र पुरुष दुई जात मात्र हुन्छ भन्ने तर व्यवहारमा भने पाखण्डी रूप देखाइन्छ। भन्नलाई साझा जातको फुलबारी भन्ने तर छानी-छानी फूल निमोठ्ने, चुँड्ने र कुल्चने कार्य भएपछि कसरी भयो साझा फूलबारी ? कथनी र करनीमा आकाश-पातालको अन्तर छ नेपाली समाजमा।

सत्येन्द्र राम र नेहा रौनियार सानैदेखि एउटै स्कुलमा पढ्दापढ्दै प्रेम-सम्बन्धमा बाँधिए। तर, उमेर पुगेपछि आफ्नो प्रेम-सम्बन्धलाई विवाहमा परिणत गर्न आफ्नै भूमिसमेत छोडेर भाग्नुपर्ने अवस्थामा उनीहरू पुगे। तर, भागेर विदेश पुग्दा पनि उनीहरू सुरक्षित हुन सकेनन्। किनभने राज्यको ठुलै शक्ति उनीहरूको पछि लाग्यो। गृहमन्त्री र केही उच्चपदस्थ प्रहरी अधिकारी नै उनीहरूको पछाडि लागेपछि राम्ररी संसार बुझिनसकेका प्रेमिल जोडीको कन्तबिजोग भएको छ। घरपरिवार सबैलाई एउटै काण्डमा मुछेर उठिवास नै लगाइएको छ। त्रासमा दलित बस्ती सुनसान हुन्छ। पशुचौपायासमेत भोकप्यासले छट्पटिन बाध्य छन्। तैपनि, उनीहरूले राज्यसत्ता, शक्ति र सरकारसँगको संघर्षमा हरेस खाएका छैनन्। उनीहरू गृहमन्त्री रमेश लेखक, उच्चपदस्थ प्रहरी अधिकृत रुगम कुँवर र इन्द्रमणि पोखरेल तथा सुरेन्द्र रौनियारहरूको 'बहादुरी' र 'ग्रान्ड डिजाइन'लाई चुनौती दिइरहेका छन्।

यतिवेला यस घटनाले मुलुक तातेको छ। सडकदेखि सदनसम्म यसको चर्को विरोध भइरहेको छ। तर, यस घटनामा संलग्न गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयले सरकारी लेटरप्याडको दुरुपयोग गरी विज्ञप्तिबाजी गरेर चोखिन बल लगाइरहेका छन्। उनीहरू आफ्नो गल्ती स्विकार्ने पक्षमा देखिँदैनन्। यो एउटा मात्र घटना होइन, यसअघि यस्ता थुप्रै घटना घटिसकेका छन्। किनभने, उनीहरूले राज्यशक्ति र स्रोतसाधनलाई नागरिकको सेवामा खर्चिनुभन्दा आफ्नो निहित स्वार्थ पूरा गर्ने व्यवसायका रूपमा प्रयोग गरिरहेका छन्। यस घटनासित जोडिएका व्यक्ति, शासक, प्रशासक र अधिकारीले लाज ढाक्न आफ्नो अनुहार लुकाउनुको अर्थ छैन। उनीहरू जनतासामु उदांगिसकेका छन्।

जातीय विभेदको सकसका कारण समाजमा अन्तरजातीय जोडीहरूले खुला हावामा साससमेत फेर्न पाउँदैनन्। उनीहरूलाई लुक्ने ठाउँसमेत छैन। जहाँ लुके पनि खोजेर निकालिहाल्छन्। उनीहरूविरुद्ध सिंगो राज्यशक्तिको दुरुपयोग हुन्छ। कतिखेर कसले मार्ने हुन् कि आफैँ झुन्डिएर मर्नुपर्ने हो, 'ग्यारेन्टी'

हुँदैन। त्यस्तोसम्मको वातावरण सिर्जना गरिन्छ यहाँ। यस्ता घटना भुसको आगोजस्तो वेलावेलामा सतहमा आउँछन्, तर पछि उनीहरूको अवस्था के-कस्तो छ, कसैको सोधीखोजीको विषयसम्म बन्दैन। गुमनाम हुन्छन्। नेपालको कानुनी व्यवस्थामा सत्य कुराको उजुरी गर्दा पनि न त्यसलाई दर्ता नगर्दा पनि भएकै छ, जिम्मेवार अधिकारीले। जातीय विभेदका घटनामा पीडितलाई सुरक्षा दिनुको साटो सिंगो राज्य संयन्त्र पीडितलाई थप पीडा दिन र पीडकलाई सघाउन तयार देखिनु गम्भीर चिन्ताको विषय हो।

एकातिर सत्येन्द्र र नेहाले कपिलवस्तु जिल्ला अदालतमा पुगेर 'कोर्ट म्यारिज' गर्छन् भने अर्कातिर सर्लाही अदालत र प्रहरीले सत्येन्द्र र उनको परिवारमाथि शरीर बन्धक, अपहरण तथा बालविवाहलगायत भएभरका मुद्दा चलाउँछन्। यस्तो गम्भीर प्रकृतिको मुद्दामा फेक कागजात कसको हो, कानुनको दुरुपयोग कसले गऱ्यो ? त्यतिसम्म पनि हेरविचार र अनुसन्धानको विषय बन्दैन। के कपिलवस्तु अदालत, सर्लाहीको अदालत तथा सर्वोच्च अदालत फरक-फरक देशका अदालत हुन् ? एउटै प्रकृतिको मुद्दामा उनीहरूको ऐनकानुन फरक-फरक हुन्छ हो ? सर्वोच्चले दुवैको कानुनतः विवाह गर्न सक्ने उमेरको योग्यतालाई नै वैधानिकता दिए पनि उनीहरूमाथि अन्याय र अत्याचार बर्सिरह्यो, किन ? यतिसम्म कि यही घटनाका कारण सत्येन्द्र रामको परिवार नै गाउँ छाड्न बाध्य भएको छ। तैपनि, राज्यले उनीहरूलाई सुरक्षा दिएर गाउँमै स्थापित गराउनेतर्फ कुनै चासो दिएको देखिन्न।

> विभेदका घटनामा पीडितलाई सुरक्षा दिनुको साटो सिंगो राज्य संयन्त्र पीडितलाई थप पीडा दिन र पीडकलाई सघाउन तयार देखिनु गम्भीर चिन्ताको विषय हो

निर्मला पन्तको हत्यारा पक्राउ गर्न नसक्ने, लाखौँ नागरिकको करोडौँ पैसा अपचलन गरी फरार जिबी राईहरूलाई समात्न नसक्ने, एनसेल, सुन काण्ड, भुटानी शरणार्थीलगायत काण्डका दोषीलाई कार्बाही गर्न नसक्ने, देखादेखी राज्यको खर्बौं सम्पत्ति सेटिङमा बेच्नेहरूलाई पक्राउ गर्न नसक्ने, प्रहरी र अदालतमा अलपत्र परेका लाखौँ मुद्दाका दोषीलाई हत्कडी लगाउन नसक्ने प्रहरी अधिकारीले जातकै कारण एउटा अन्तरजातीय जोडीको पछि प्रहरी संगठनको शक्ति खर्चिनु गम्भीर विषय हो। अन्तरजातीय विवाह गरेका प्रेमिल जोडीलाई छुटाउन र दलित युवक सत्येन्द्रलाई अपराधी करार गर्न प्रहरी र गृहप्रशासनले देखाएको सक्रियता गम्भीर अपराध नै हो। यही ठाउँमा अरू कुनै जात र समुदायका मान्छे भइदिएको भए के प्रहरी र गृहमन्त्रीले त्यसरी 'एक्सन' लिन्थे होला त ? कुनै एउटा उदाहरण छ त्यस्तो ? एउटा कमजोर जात र वर्गका निर्दोष मानिसमाथि यसरी राज्य शक्तिको पूरै प्रयोग र परिचालन गरिनुले यहाँका शासक, प्रशासक र ऐनकानुनको अनुहार छर्लंग पारेको छ। अत्याचार गर्नेहरू नै सरकारमा छन्, उनीहरूका कर्तुतमाथि छानबिन र कारबाही कसले गर्ने ?

दलित भएकै कारण दबाउन उद्यत् प्रहरीले सर्वोच्च अदालतको उमेर पुगेको प्रमाण र विवाह गर्नयोग्य भएको फैसलालाई समेत लत्यायो। पटक-पटक अपहरणको शैलीमा भारतदेखि काठमाडौंको टीकाथलीस्थित डेरामा पुगेर सत्येन्द्र र नेहालाई चरम यातना दियो। अन्तरजातीय प्रेमविवाह गरेकी नेहालाई बुबा सुरेन्द्रको जिम्मा लगाएर प्रहरीले आफ्नो बफादारी पनि देखायो। तर, उल्टै त्यही प्रहरीले सत्येन्द्रविरुद्ध शरीर बन्धक, अपहरण र बालविवाहसम्मको उजुरी र मुद्दामा फसाउन जोडबल लगाइरहेको छ। योभन्दा ठुलो अपराध अरू के हुन्छ ? प्रहरी र गृहमन्त्रीको ग्यान्ड डिजाइनमा राज्य शक्तिको चरम दुरुपयोग भएको छ। अन्तरजातीय विवाह गर्ने जोडीमाथि चरम धाकधम्की, धरपकड, कुटपिट र यातना दिने काम अझै पनि भइरहेकै छ। यो विषयमा अहिलेसम्म मानव अधिकार आयोगले झारा टारिरहेको छ भने एमाले, कांग्रेसलगायत दलका दलित संगठन, दलित आयोग र अन्य सम्बद्ध संघसंस्था अझै मौनता साधेर बसिरहेका छन्। उनीहरूको अन्धभक्ति यतिसम्मको छ कि, घटनामा संलग्न गृहमन्त्री र उच्चपदस्थ ती प्रहरी अधिकारीविरुद्ध प्रहरीमा उजुरी दिन पुगेका दलित अधिकारकर्मीको उजुरीसमेत लिँदैनन्।

प्रहरीको नजरमा कति के कारणले यति ठुला अपराधी रहेछन् ती प्रेमिल जोडी, अब दुनियाँलाई थाहा भइसक्यो। जति ढाकछोप गरे पनि सत्यलाई लुकाउन सकिँदैन। छर्लंग देखिइसक्यो राज्य संयन्त्रको कालो कर्तुत। राज्य र प्रहरीले उनीहरूलाई सुरक्षासहितको न्याय दिनुपर्थ्यो। समाजमा उनीहरूलाई बस्ने सहज वातावरण दिनुपर्थ्यो। यस्तो विषयमा गाउँघरमा सचेतनाको परामर्श अभियान चलाउन सक्नुपर्थ्यो।

कानुनी र उमेर हदका विषयमा युवा र अभिभावकमा जागरण पैदा गर्नुपर्थ्यो। तर, यहाँ उल्टो व्यवहार भइरहेको छ। अनि राज्य र समाजको स्थिति कसरी स्थिर हुन्छ ? कतिपय ठाउँमा स्थानीय सरकार र अधिकारीहरू मिलेर उमेर नपुगेकालाई पनि कागजी रूपमा उमेर पुऱ्याई बालविवाह र दाइजोप्रथालाई प्रोत्साहन गरिरहेका हुन्छन्। शासक प्रशासकहरू त्यहाँ भोज खानसमेत पुग्छन्। तर, तिनलाई कार्बाही हुँदैन, गरिन्न। देशमा बालविवाहमुक्त स्थानीय सरकार घोषणा पनि भइसकेको छ। तर, कागजी रूपमा बालविवाह र दाइजोमुक्त समाज घोषणा गरेर जनप्रतिनिधिले त्यसको हुर्मत लिइरहेको मात्र देखिन्छ। त्यसैले सर्वसाधारण र कमजोर वर्गमा प्रहरी प्रशासन, अदालत, नेता र सरकारसँगको विश्वास टुटेको छ। राज्यका निकाय र राजनीतिक दल तथा नेताप्रति वितृष्णा बढेको छ। यसको प्रत्याभूति गराउने दायित्व राज्य र तहगत शासकहरूको हो, तलब र भत्ता पचाउने तथा सर्वसाधारण नागरिकलाई दुःख दिने होइन।

---

३ प्रश्न

प्रतिनिधिसभाको कानुन समितिकी सदस्य **सोविता गौतम**लाई

संसदीय समितिको प्रतिवेदनलाई बेवास्ता गर्दै प्रक्रिया मिचेर विधेयक पारित गराउनुलाई कसरी लिनुभएको छ ?

विधायन व्यवस्थापन विधेयक अन्यन्त राम्रो विधेयक हो। विगतमा नेपालमा यस्तो कानुन नै थिएन। हिजो सरकारले चाहे विधेयक ल्याउने, नचाहे नल्याउने परम्परा थियो। तर, यो विधेयक पारित भएपछि अब जति पनि विधेयक आउँछन्, प्राथमिकताका आधारमा यसै कानुनअनुसार आउँछन्। यो विधेयक कानुन समितिले मन्त्रीज्यूको समेत उपस्थितिमा संसद्को अघिल्लो कार्यकालमै पारित गरिसकेको थियो। तर, अधिवेशन अन्त्य भएकाले त्यतिखेर संसद्मा पेस हुन सकेको थिएन। अहिले त्यसलाई संसद्मा पेस गरियो र समितिका सदस्यहरूले खटेर अत्यन्त मिहिनेतसाथ पारित गरेको विधेयकमा कानुनमन्त्रीका तर्फबाट संशोधन प्रस्ताव गरेर त्यसलाई बहुमतका आधारमा पारित गरियो। यो मिल्दै नमिल्ने अभ्यासमार्फत सरकारले विधि निर्माणमा हस्तक्षेप गरेको छ। संशोधनमार्फत यसको 'कन्टेन्ट'लाई नै त्रुटियुक्त बनाउने सरकारको यो रवैया हास्यास्पद छ।

विधि निर्माण प्रक्रियामा सरकारको हस्तक्षेप रोक्न संसद्को नेतृत्व किन चुक्यो ?

सभामुख संसद्को अभिभावक हो। उहाँ कुन दलको को हुनुहुन्छ भन्ने पक्ष गौण हुन्छ। उहाँले यसमा व्यापक भूमिका खेल्नुपर्नेमा त्यस्तो भएको देखिन्न। पछिल्ला समयमा पटकपटक त्रुटि भएका छन्। नेतृत्वबाट सरकारको निरंकुशतामा साक्षी बस्ने काममात्र भइरहेको छ। संसद्लाई सरकारको इच्छापूर्ति गराउने 'टुल्स' बनाउने प्रयास भइरहेको छ।

यो नजिरले संसद्को मर्यादा र सार्वभौमिकतालाई कहाँ पुऱ्याउला ?

यसबाट संसद्को औचित्यमाथि नै प्रश्न उठ्नेछ। कानुन निर्माणमा असर पर्नेछ। यसले सत्तापक्षका सांसदलाई सरकारको 'रबर स्ट्याम्प' बनाउनेछ। संसदीय मूल्य मान्यतामा प्रश्न उठाउनेछ। शक्ति सन्तुलनमा गम्भीर असर पार्नेछ। संसद्भन्दा सरकार बलियो हुनेछ। सत्ताको दुरुपयोगको ढोका खुल्नेछ।

प्रेरक प्रसंग

उपयोगी शिक्षा

गुरुकुलमा आफ्नो शिक्षा पूरा गरिसकेपछि एक शिष्य गुरुसित बिदा लिन गए। उनले भने- गुरुदेव, मेरो शिक्षा पूरा भयो। अब म हजुरको आश्रमबाट बिदा हुँदै छु। मलाई बिदा दिनुहोस्। गुरुले भने- बाबु, तिमीले शास्त्रको त ज्ञान हासिल गरेका छौ। तर, केही उपयोगी शिक्षा बाँकी नै छ। यसका लागि तिमी मसँगै एकछिन आश्रमबाट बाहिर हिँड।

शिष्य गुरुसँगै आश्रमबाट बाहिर निस्किए। गुरुकुलबाट केही पर पुगेपछि त्यहाँ एउटा खेत भेटियो। खेतमा एक किसान काममा लागेका थिए। गुरु-शिष्य दुवैले किसानलाई देखे। उनीहरू एकैछिन त्यहाँ रोकिएर किसानलाई हेर्न थाले। तर, किसानले उनीहरूतिर हेर्दा पनि हेरेन। उनीहरू त्यहाँ त्यसरी उभिएको उसलाई थाहा भएको जस्तो पनि देखिएन। उनीहरू त्यहाँबाट अघि बढे। बाटामा एक लोहारको आरन भेटियो। उनी आरनमा कोइला हालेर फलाम रातो हुन्जेल तताएर त्यसलाई पिटिपिटी नयाँनयाँ आकृतिका हतियार तयार गरिरहेका थिए। उनी आफ्नो काममा यति तल्लीन थिए कि उनलाई गुरु र शिष्यले आफूलाई हेरिरहेको कुनै पत्तो थिएन।

गुरुले शिष्यलाई अघि बढ्ने संकेत गरेपछि दुवै अघि बढे। थोरै अगाडि गएपछि बाटाको छेवैमा एक व्यक्ति जुत्ता सिलाइरहेका थिए। छाला काट्ने, मिलाउने र सिलाउने काममा उनी निकै तल्लीन देखिन्थे। तर, उनले पनि गुरु र शिष्यले आफूनिकट उभिएर आफूलाई हेरिरहेको पत्तो पाएनन्। एकछिन उनलाई हेरेपछि गुरुले शिष्यलाई फर्किने संकेत गरे। दुवै आश्रमतिर फर्किए। बाटामा गुरुले भने- तिमीले मेरो साथमा रहेर शास्त्रको अध्ययन त गऱ्यौ। तर, व्यावहारिक ज्ञानको शिक्षा बाँकी नै थियो। तिमीले यी तीनैलाई देख्यौ। यिनीहरू आआफ्नो काममा अत्यन्त तल्लीन थिए। हरेक मानिसले यस्तै तल्लीनतासाथ काम गर्नुपर्छ। तब दमात्र उसलाई सफलता प्राप्त हुन्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

गृहमन्त्रीले राजीनामा दिनुपर्दैन ?

गृहमन्त्री रमेश लेखकको नेतृत्वमा नेपालमा अन्तरजातीय विवाह गर्ने जोडीमाथि राज्य संयन्त्रबाटै अन्याय भएको छ। अन्तर्राष्ट्रिय विवाह गर्ने जोडी सत्येन्द्र राम र नेहा रौनियारलाई प्रहरीले मुम्बईसम्म गएर अपहरण शैलीमा पक्राउ गरेको, यातना दिएको, प्रमाणपत्र र गरगहना खोसेको तथ्य सार्वजनिक भइसकेको छ। मानव अधिकार आयोग, दलित आयोग र नागरिक समाजले समेत छानबिनको माग गरिरहँदा पनि गृहमन्त्रीले 'थाहा थिएन' भन्ने गैरजिम्मेवार अभिव्यक्ति दिएका छन्, जुन या त अयोग्यता हो, या त प्रत्यक्ष संलग्नताको प्रमाण।

सर्वोच्च अदालतले सत्येन्द्र-नेहाको विवाहलाई वैधता दिँदै उनीहरूलाई सँगै बस्न दिने आदेश दिइसकेको छ, तर सरकार अन्याय ढाकछोप गर्न व्यस्त छ। गृह प्रशासन, प्रहरी र दलित आयोगको मौनता अपराधलाई संरक्षण गर्ने दिशामा उन्मुख देखिन्छ, जुन लोकतन्त्रका लागि खतरा हो। नेपालमा न्याय जीवित छ भने गृहमन्त्री रमेश लेखकको राजीनामा अनिवार्य छ, अन्यथा जातीय विभेदलाई संस्थागत गर्ने सरकारविरुद्ध जनता स्वयं स्वतः उठ्नेछन्।

● **सन्तोष सिम्खडा**, टोकियो, जापान
santoshsimkhada679@gmail.com

दलित आयोग कसका लागि हो ?

अन्तरजातीय विवाह गरेका जोडीमाथि राज्य संयन्त्रकै चरम दुरुपयोग हुँदा पनि 'चुँ' बोल्न नसक्ने राष्ट्रिय दलित आयोग बनेकोचाहिँ कसका लागि हो ? जब दलित समुदायमाथि यतिबिघ्न अत्याचार राज्य पक्षबाटै हुन्छ भने त्यतिखेर मुखमा पट्टी बाँधेर बस्ने अमूक राजनीतिक पार्टीप्रति प्रतिबद्ध आयोग अरू वेलामा चाहिँ किन चाहियो ? यस्तो बोल्न नसक्ने दलित आयोगलाई राखेर राज्यको व्ययभार बढाउनुभन्दा त खुरुक्क विघटन गरिदिए हुन्छ।

● **सुमिना विश्वकर्मा**
टाँडी, चितवन

दादागिरी नगर सरकार !

सरकारले संसदीय प्रक्रिया र विधि मिचेर विधायन व्यवस्थापन विधेयक पारित गरेको समाचार पढियो। विपक्षी दलको चर्को विरोधका बाबजुद सरकारले पेलेरै यो विधेयक पारित गराएको छ। र, यस कार्यमा सरकारलाई सभामुख देवराज घिमिरेले आँखा चिम्लेर साथ दिएका छन्। हो, संसदीय व्यवस्थामा बहुमतको कदर गरिनुपर्छ। तर, त्यसो भन्दैमा बहुमतको आडमा प्रचलित विधि र प्रक्रियासमेत मिचेर अघि बढ्नुपर्छ भन्नेचाहिँ किमार्थ होइन।

● **नमन चालिसे**
सतुंगल, काठमाडौं

प्रहरीभित्र जहिल्यै चलखेल किन ?

सरकार यतिखेर नीतिगत रूपमै प्रहरी संगठनलाई मुठीमा कैद गर्न चाहन्छ। ऊ प्रहरीलाई आफ्नो आदेशपालक बनाउन चाहन्छ। त्यसका लागि उसले प्रहरी विधेयकमा आफ्नो पकड बलियो बनाउने प्रावधान राखेको छ। यसले भविष्यमा सिंगो प्रहरी संगठनलाई गृह प्रशासनको आज्ञाकारी अनुचर बनाउने पक्का छ।

यसैबिच नेपाल प्रहरीका एआइजी रवीन्द्र केसीलाई दबाब दिएर राजीनामा गर्न लगाइएको समाचार पढियो। कुनै 'आफ्नो' डिआइजीलाई अवकाशअघि जसरी भए पनि एआइजी बनाइछाड्ने धुनले गर्दा प्रहरीभित्र यसरी चलखेल भइरहेको छ। आफ्नो मान्छेलाई एआइजी बनाएर बिदा गर्दा उसले विभिन्न अतिरिक्त सुविधा पाउने र सुरक्षाकर्मीसमेत पाउने भएकाले नेतृत्वले पटक-पटक यसरी नै चलखेल या हस्तक्षेप गर्दै आएको छ। यसलाई नरोक्ने हो भने एकातिर राज्यलाई अनावश्यक व्ययभार बढ्ने र अर्कातिर संगठनमा जुझारु र संगठनप्रति प्रतिबद्धभन्दा पनि नेतृत्वप्रति बफादार सेवकको संख्या बढ्ने निश्चित छ।

यसले एकातिर संगठनलाई कमजोर बनाउनेछ भने अर्कातिर 'तेरो' र 'मेरो' मान्छे भन्ने कित्ताकाट हुनेछ। यसलाई रोक्न सकिएन भने प्रहरीभित्र जहिल्यै यस्तै चलखेल या हस्तक्षेप मौलाउँदै जाने निश्चित छ।

● **सुविज्ञराज कायस्थ**, लोकन्थली, भक्तपुर

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पुटिन, सी र ट्रम्पको साम्राज्यवाद फर्काउने धुन

रुस, चीन र अमेरिकाले मानकीय सीमा उल्लंघन गरे भने अन्तर्राष्ट्रिय अधिकारमा आधारित व्यवस्था संकटमा पर्न सक्छ

देश / विदेश

● एरिक स्टर्म

हालैका सातामा राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाले पानामा नहर फिर्ता लिनुपर्ने, ग्रिनल्यान्डलाई नियन्त्रणमा लिनुपर्ने र क्यानडालाई ५१औँ राज्य बनाउनुपर्ने बताएका छन्। उनले गाजापट्टीलाई भूमध्यसागरतिरको 'रिभिएरा' (रमणीय तट) मा परिणत गर्ने प्रस्तावसमेत राखेका छन्। उनका यी भनाइले विस्तारवादी सोच झल्काउँछ, जुन उनले प्रशंसा गर्ने सी जिनपिङ र भ्लादिमिर पुटिनका विस्तारवादी नीतिसँग मेल खान्छ।

पुटिनको नेतृत्वमा रुसले अलगाववादी क्षेत्रलाई समर्थन गरेको छ, जर्जिया र युक्रेनमा पूर्ण रूपमा अतिक्रमणकारी युद्ध लडेको छ। त्यसैगरी यसले सिरिया र अफ्रिकाका विभिन्न देशमा हस्तक्षेप गरेको छ। सन् २०२२ मा रुसले युक्रेनमा व्यापक आक्रमण एवं अतिक्रमण गऱ्यो। त्यस क्रममा युक्रेन ऐतिहासिक रूपमा रुससँग अविभाज्य तर पश्चिमी प्रभावले विभाजित भएको दाबी उसले गरेको थियो। उता चीनले साउथ चाइना सीका टापुमा सैन्यीकरण गर्दै २७ वटा सैन्य संरचना निर्माण गरेको छ। यी टापुमा भियतनाम, ताइवान, फिलिपिन्स र मलेसियालगायत देशले पनि दाबी गर्दै आएका छन्। त्यसैगरी बेइजिङले ताइवानलाई चीनको अविभाज्य हिस्सा भन्दै 'घर फर्किनुपर्ने' दाबी कायम राखेको छ।

साम्राज्य र राष्ट्र राज्य : धेरैले साम्राज्यवादको युग समाप्त भएको ठानेका छन्। तर, इतिहासले फरक चित्र देखाउँछ। शताब्दीयौँसम्म साम्राज्य हाबी रहे, जबकि राष्ट्र-राज्य १८औँ शताब्दीको अन्त्यतिर मात्रै देखा परेका थिए। यी साम्राज्यमध्ये धेरैले विस्तारवादी सोच अपनाएका थिए। बेलायतबाट स्वतन्त्र भएपछि अमेरिका छिट्टै पश्चिमतर्फ विस्तार गर्दै गयो। यसले युद्ध जितेर र व्यापारमार्फत विशाल भूभाग अधिग्रहण गऱ्यो, जसले अमेरिकालाई महादेशीय साम्राज्यमा परिणत गऱ्यो।

यसैबिच इटली र जर्मनीजस्ता नवगठित राष्ट्र-राज्यले पनि बाह्य साम्राज्य हासिल गर्ने आकांक्षा राखेका थिए। यी मुलुकले अफ्रिकालगायत स्थानमा उपनिवेश निर्माण गर्न प्रयास गरे, यद्यपि ती धेरै टिकाउ भएनन्। त्यसैगरी परम्परागत साम्राज्यले राष्ट्र-राज्यको मोडेल अपनाउँदै बाध्यकारी सैन्य भर्ती, कानुनी समानता र राजनीतिक सहभागिताजस्ता तत्व समावेश गर्न थाले।

दोस्रो विश्वयुद्धपछिका दशकलाई इतिहासकारले बेलायत र फ्रान्सजस्ता परम्परागत साम्राज्यवादी शक्तिद्वारा भएको उपनिवेशवादको अन्त्यको रूपमा हेर्छन्। तर, साम्राज्यबाट राष्ट्र-राज्यमा रूपान्तरण सहज थिएन। अधिकांश साम्राज्यवादी सरकारले आफ्ना साम्राज्यलाई समानतामूलक साझा राष्ट्रमा रूपान्तरण गर्दै केही प्रभाव कायम राख्न चाहन्थे। यो प्रक्रिया यी मुलुकले विभिन्न तहको सफलतासाथ पूरा गरेका थिए। र, कतिपय अवस्थामा यी मुलुकले कठोर दबाबमा सफलता हासिल गरेका थिए। उदाहरण फ्रान्सले अल्जेरिया र भियतनाममा तीव्र संघर्षको सामना गर्नुपऱ्यो, जबकि बेलायतले भारतमा गम्भीर आर्थिक दबाब व्यहोऱ्यो। वास्तविक राष्ट्र-राज्यको युग १९६० को दशकसम्म सुरु भएको थिएन।

साम्राज्यको पुनरागमन भएको हो त ? : आज विश्वमा करिब दुई सय स्वतन्त्र देश छन् र धेरैजसो देश राष्ट्र-राज्य हुन्। तथापि, साम्राज्य वा कम्तीमा साम्राज्यवादी प्रवृत्ति पूर्ण रूपमा लुप्त भएको छैन भन्ने तर्क गर्न सकिन्छ। उदाहरणका लागि फ्रान्सले अफ्रिकाका पूर्वउपनिवेशमा बारम्बार हस्तक्षेप गऱ्यो, यद्यपि यी सैन्य कारबाही नयाँ भूभाग स्थायी रूपमा कब्जा गर्नका लागि थिएनन्। आज विश्वभरि साम्राज्यवादी प्रवृत्ति पुनः देखा परिरहेका छन्। यद्यपि इतिहास जस्ताको तस्तै दोहोरिँदैन। निकट भविष्यमा विशाल विजययुद्ध वा नयाँ समुद्रपार साम्राज्य

तस्बिर : युरी कोचेत्कोभ/इपिई-इएफई

निर्माण गर्ने प्रयास सम्भव देखिँदैनन्। हालका अधिकांश विस्तारवादी प्रयत्न छिमेकी क्षेत्रमा केन्द्रित छन्। चाखलाग्दो के छ भने पुटिन, सी र ट्रम्प सबैले आफ्ना साम्राज्यवादी योजनालाई उचित ठहऱ्याउन कठोर राष्ट्रवादी भाषा प्रयोग गर्छन्। उदाहरणका लागि पुटिनले युक्रेन र रुसको अविभाज्यता दाबी गर्दै 'नाजी'लाई युक्रेनलाई पश्चिमपरस्त बनाउन प्रयास गरेको दोष लगाउँछन्। उनले यही तर्कलाई आधार बनाई फेब्रुअरी २०२२ मा युक्रेनमाथि आक्रमण गरेका थिए। यसैगरी सीले प्रायः साम्यवादी चीनले अन्ततः विदेशी शक्तिबाट भएको 'अपमानको शताब्दी' पार गरी आफ्नो हैसियत पुनः स्थापित गरेको छ। यी दुवैले विगतको साम्राज्यवादी महिमालाई पुनः प्राप्त गर्न चाहेजस्तो देखिन्छ। रुसले सोभियत संघको विघटन उल्ट्याउन खोजिरहेको छ भने साम्यवादी चीन छिङ साम्राज्यको गौरव फर्काउने प्रयासमा छ। रोचक के छ भने आफ्नो निरन्तर बढ्दो अधिनायकवादी प्रवृत्तिका साथ क्षेत्रीय शक्ति टर्कीका नेता रेसेप तैयप एर्दोगानले पनि साम्राज्यवादी झुकाव देखाउँदै ओटोमन साम्राज्यबाट प्रेरणा लिइरहेका छन्।

अमेरिकाको स्थिति अलिक जटिल भए पनि चीन र रुसभन्दा भिन्न छैन। लामो समयदेखि अमेरिकाले व्यवस्थापन गरेको पानामा नहर ट्रम्पका अनुसार पूर्वराष्ट्रपति जिमी कार्टरद्वारा मूर्खतापूर्वक पानामालाई फिर्ता गरिएको थियो र अहिले यो चीनबाट नियन्त्रित भएको छ। उनी यो नहर अमेरिकामा फिर्ता आउनेछ भन्छन्। ट्रम्पले अमेरिकाको 'म्यानिफेस्ट डेस्टिनी'को उल्लेख पनि गर्छन्, जसअनुसार १९औँ शताब्दीमा अमेरिकाका बासिन्दालाई प्रशान्त महासागरको तटसम्म फैलिन पाउनुपर्छ भन्ने विश्वास थियो। आजकाल उनका आकांक्षा पश्चिमको सट्टा उत्तरतर्फ केन्द्रित छन्। राष्ट्रपति मंगल ग्रहमा पनि अमेरिकी झन्डा गाड्न चाहन्छन्, जसले उनका साम्राज्यवादी सपना अन्तरिक्षमा पुऱ्याउँछन्। अमेरिका, चीन र रुसले मानकीय सीमा उल्लंघन गरे भने अन्तर्राष्ट्रिय अधिकारमा आधारित व्यवस्था संकटमा पर्न सक्छ। संकेत ठिक देखिँदैनन्। अवैध रूपमा भूभागलाई अंगीकार गर्ने कदमले सम्पूर्ण अन्तर्राष्ट्रिय संरचनालाई जोखिममा पार्न सक्छ।

(स्टर्म लिइडेन विश्वविद्यालयका इतिहासका वरिष्ठ लेक्चरर हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

विघटनको सँघारमा भारतको विपक्षी गठबन्धन

गठबन्धनको सबैभन्दा ठुलो शक्तिका रूपमा रहेको कंग्रेस अहिले गुटबन्दीको जननी र एकताको बाधक बनेको इन्डिया गठबन्धनका अन्य दलको आरोप

● सुनील गाताड ● बेंकटेस केसरी

आफूलाई विपक्षी गुटको नेताको रूपमा प्रस्तुत गर्दै आएको कंग्रेसलाई क्षेत्रीय दलले लगभग कुनामा मिल्काइदिएका छन् । क्षेत्रीय पार्टीहरूले आजकल आइएनडिआइए (इन्डिया) गठबन्धनलाई बेवास्ता गर्न थालेका छन् । राष्ट्रिय जनता दल (आरजेडी) का नेता तेजस्वी यादवले इन्डिया गठबन्धन केवल लोकसभा निर्वाचनका लागि निर्माण भएको भन्ने भनाइले विपक्षी गठबन्धनको औचित्य लगभग समाप्त भएको संकेत गर्छ । यद्यपि यो कुरा राहुल गान्धीलाई मन पर्दैन । कंग्रेस सन् २०१४ पछि लोकसभामा ९९ सिट हासिल गरेपछि निकै फुरुङ्ग र उत्तेजित बनेकोजस्तो देखिन्छ ।

विभिन्न कारणले इन्डिया गठबन्धनका अधिकांश सदस्यले पछिल्ला महिना हरियाणा र महाराष्ट्रमा यसको चुनावी हारको दोष यसै पुरानो पार्टीमाथि थोपरेका छन् । कुनै समय गठबन्धनको सबैभन्दा ठुलो शक्तिका रूपमा रहेको कंग्रेसलाई अहिले गुटबन्दीको जननी र एकताको बाधक बनेको इन्डिया गठबन्धनका अन्य दलले आरोप लगाउन थालेका छन् ।

दिल्ली चुनावमा अरविन्द केजरिवालको आम आदमी पार्टी (आप) को हारले गठबन्धनलाई थप असर गर्ने देखिन्छ । गठबन्धनका दुई दल कंग्रेस र आपबिच मेल नहुँदा २७ वर्षपछि यहाँ भाजपा सत्तामा फर्किन सफल भएको छ । दिल्लीमा भाजपाले ४८ सित जित्दा आपले २२ सित जित्यो । मत विश्लेषणमा आप दोस्रो भएको १३ स्थानमा भाजपासँगको मतान्तर कंग्रेसले ल्याएको मतभन्दा कम छ । अर्थात्, कंग्रेस र आप मिलेको भए भाजपालाई रोक्न सकिने थियो । दिल्लीमा भारतीय जनता पार्टी (भाजपा) विरुद्धको प्रतिद्वन्द्वितामा कठिन मोडमा समेत आप र कंग्रेस मिल्न नसक्नुले गठबन्धनको एकता कति कमजोर छ भन्ने देखाउँछ ।

सन्देश गम्भीर र स्पष्ट छ । कंग्रेसले इन्डिया गठबन्धनका आफ्ना सहयोगीको सद्भाव र विश्वास निरन्तर जुटाउन गठबन्धनका सहयोगीसँग संसद्भित्र र बाहिर उनीहरूसँग निरन्तर संवाद र छलफलमा जुट्नु आवश्यक छ । अन्य क्षेत्रमा जस्तै राजनीतिमा पनि शुल्क सुविधा छैनन् । कंग्रेसले इन्डिया गठबन्धनको नेतृत्व गर्न चाहन्छ भने आफ्ना सहयोगीको सम्मान पाउन जान्नुपर्छ । पराजित राजनीतिक शक्ति किनारामा धकेलिनेछ । केवल विगतको महिमाको आधारमा मात्र निर्वाचनमा धेरै सिट जितिदैन । ६ महिनाअघि लोकसभा चुनावमा राम्रो प्रदर्शन गरेपछि पनि स्थिर हुन नसकेको भाजपाविरोधी ठबन्धन (आइएनडिआइए अर्थात इन्डिया) भित्रको संकटको जरा यसैमा छ ।

> दिल्ली चुनावमा कंग्रेस र आप मिलेको भए भाजपालाई रोक्न सकिने मत विश्लेषणले देखाएको छ । दिल्लीमा भारतीय जनता पार्टी (भाजपा) विरुद्धको प्रतिद्वन्द्वितामा कठिन मोडमा समेत आप र कंग्रेस मिल्न नसक्नुले गठबन्धनको एकता कति कमजोर छ भन्ने देखाउँछ ।

इन्डिया गठबन्धनको अवस्था बाहिर देखिएभन्दा गम्भीर छ । हरेक प्रतिस्पर्धामा आफू मात्र अगाडि बढ्न चाहेजस्तो देखिन्छ । कंग्रेसले आफूले पाउनुपर्नेभन्दा बढी पाइरहेको छ र गठबन्धनको एकताका लागि पर्याप्त योगदान नगरेको सदस्यहरूको गुनासो छ । यद्यपि, उनीहरूको भनाइ उचित-अनुचित दुवै हुन सक्छ ।

राहुल गान्धीका लागि समस्या यो हो कि 'भारत जोडो' यात्रा र न्याययात्राको चमक क्षीण हुँदै गएका कारण पार्टीले सार्वजनिक पहुँचमार्फत विश्वसनीय संगठन निर्माण गर्न सकेन । स्थिति सुरुवाती बिन्दुमा फर्किएको छ, जहाँ सबैले पुनरुत्थान भएको भाजपाको कसरी सामना गर्ने भन्नेबारे सोचिरहेका छन् । भाजपाले महाराष्ट्रमा सहजै 'महाविकास अघाडि' (एभभिएगठबन्धन) लाई पराजित गर्‍यो भन्ने सबैले देखेका छन् । राजनीति कहिल्यै स्थिर हुँदैन । भाजपालाई धैर्यता र लगनशीलताबाट कसरी काम गर्ने भन्ने थाहा छ । एक दशकको संघर्षपछि भाजपाले महाराष्ट्रमा पकड बलियो बनाएको मात्र होइन, निर्विवादीत पहिलो नम्बर बनेको छ । यसले दूरगामी प्रभाव पार्नेछ ।

'इन्डिया' गठबन्धनभित्रको गडबडीको अर्को पक्ष हो, यसका प्राय घटकले कुनै न कुनै समयमा भाजपासँग गठबन्धन गरेको इतिहास छ । यसको मतलव, गठबन्धनले कंग्रेसको मात्र हित गर्छ बाँकी सदस्यले किन गठबन्धनलाई बढावा दिइरहने ? भाजपासँग कहिल्यै गठबन्धन नगर्ने समाजवादी पार्टी (एसपी) र आरजेडीजस्ता दलको समस्या फरक छ । उत्तर प्रदेश र बिहारजस्ता आफ्नो घरेलु मैदानमा ठुलो हिस्साका लागि कंग्रेसको बढ्दो मागले अन्ततःउनीहरूको आफ्नै प्रधानतालाई असर गर्न सक्छ ।

बिहारमा लालु यादवजस्ता नेताले कंग्रेसप्रति विरोध जनाउने एकथरी वर्गको अनुमान छ । एक दशकअघि उनको चुनावी यात्रामा राहुल गान्धी पूर्ण अवरोध बनेर निस्किएका थिए, जतिवेला गान्धीले तत्कालीन प्रधानमन्त्री डा. मनमोहन सिंह सरकारले ल्याएको विधेयक च्याते । उनको कदमले अन्ततः लालु यादवलाई सहयोग गरेको थियो । अर्कोतर्फ, अखिलेश यादव मुख्यतया मुख्यमन्त्रीको पद ढुकेर बसेका छन् र कम्तीमा अहिलेका लागि केन्द्रमा उनको कुनै महत्त्वाकांक्षा छैन । महाराष्ट्रमा भर्खरै भएको विधानसभा चुनावमा पराजय भोगे पनि शरद पवारको आफ्नो राष्ट्रवादी कंग्रेस पार्टी (एनसिपी) लाई कंग्रेसमा विलय गर्ने कुनै योजना छैन । मुख्यमन्त्री बनेपछि कंग्रेसको सबैभन्दा नजिकको सहयोगी बनेका उद्धव ठाकरेको शिवसेनाको अहिले अर्कै धुन छ ।

कंग्रेसको समस्या यो हो कि पार्टी बिरलै गम्भीर ढंगले सोच्छ । योसँग अहिले कुनै पनि रणनीति छैन । आफ्नो इतिहासकै सबैभन्दा कठोर चुनौती र जटिलताको सामना गर्दा समेत भारतको सबैभन्दा पुरानो यस पार्टीले कुनै पनि गम्भीर आत्मसमीक्षा गरेको देखिदैन । आखिरमा, कंग्रेसका विफलता र कमजोरीले नै भाजपालाई देशकै सबैभन्दा ठुलो पार्टी बनाउन योगदान पुर्‍याएको हो ।

यो चुनौती अब कंग्रेस नेता राहुल गान्धीले सामना गर्नुपर्छ । नेता एक रोल मोडेल हुनुपर्छ, जसले 'जीवित' र संगठन बनाउने मूल्य सञ्चार गर्छ । कंग्रेसले आफ्नो सदनलाई कसरी व्यवस्थित गर्छ भन्ने कुराले विपक्षी गठबन्धन कुन दिशामा अघि बढ्छ भन्ने निर्णय गर्नेछ । यसमा कुनै 'सर्टकर्ट' छैन । कमजोर मानिसलाई साथी बनाउन कसैलाई मन पर्दैन, तर बलियो मानिसलाई मुस्किलले साथी वा सहयोगीको आवश्यक पर्छ । बलियो मानिसका अवश्य पनि अनगिन्ती अनुयायी हुन्छन् ।

(गाताडे पिटिआईका पूर्वएसोसियट एडिटर हुन् भने केसरी द एसियन

इतिहासमा आज

फेब्रुअरी ११

● **सन् १९९०** : दक्षिण अफ्रिकामा रंगभेदी शासनको विरोध गरेका कारण २७ वर्ष जेलमा रहेका नेल्सन मन्डेला अन्ततः रिहा भए ।

● **सन् १८१४** : नर्वेले डेनमार्क, स्विडेन, नर्वेबिचको 'कल्मार महासंघ'बाट अलग भएको घोषणा गर्दै स्वतन्त्रता घोषणा गर्‍यो ।

● **सन् १८८९** : जापानका सम्राट् मेइजीले नयाँ संविधान अंगीकार गरेसँगै देशमा आधुनिक सुधारको जग बस्यो, जुन सुधारलाई मेइजी सुधारको नामले चिनिन्छ ।

● **सन् १९१६** : महिला स्वतन्त्रताको पक्षमा स-सना मुद्दाको समेत विरोध हुने समयमा नारीवादी अभियन्ता एम्मा गोल्डम्यानले न्युयोर्कमा गर्भनिरोधबारे मन्तव्य दिइरहेको अवस्थामा पक्राउ परिन् । उनलाई दुई साताको जेल सजाय दिइएको थियो ।

● **सन् १९१९** : जर्मनीमा गणतन्त्र स्थापना भएपछिको पहिलो राष्ट्रपति 'सोसल डेमोक्रेटिक पार्टी अफ जर्मनी(एसपीडी)'का नेता फ्रेडरिक एबर्ट चुनिए ।

● **सन् १९२९** : मुसोलिनी सरकार र पोप पिउस एघारौँका प्रतिनिधिबिच भएको 'ल्याटरन सन्धि'अनुरूप इटलीको राजधानी रोम सहरभित्रको ४४ हेक्टेर क्षेत्रमा फैलिएको भेटिकन सिटीलाई स्वतन्त्रता प्रदान गरियो ।

● **सन् १९४५** : याल्टा सम्मेलनको अन्तिम दिन आज मित्र शक्तिका तीन नेता अमेरिकी राष्ट्रपति फ्र्यांकली डी रुजबेल्ट, ब्रिटिस प्रधानमन्त्री विस्टन चर्चिल र सोभियत नेता जोसेफ स्टालिनबिच युरोप नाजीवादबाट मुक्त भएको घोषणा गरे ।

स्टिल र अल्मुनियमको आयातमा २५ प्रतिशत कर लगाउने ट्रम्पको घोषणा

वासिंटन डिसी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी हप्तादेखि अमेरिका आयात हुने सबै देशका स्टिल र अल्मुनियममा २५ प्रतिशत भन्सार लगाउने बताएका छन् । ट्रम्पले यसै साताभित्र लागू हुने यो भन्सार 'अमेरिका भित्रिने सबै देशका स्टिल'मा लागू हुने र यसले अल्मुनियमलाई पनि प्रभाव पार्ने बताए । सन् २०१७-२०२१ को राष्ट्रपति कार्यकालमा अमेरिकी उद्योगको संरक्षणका लागि ट्रम्पले यस्तै शुल्क लगाएका थिए । यस क्षेत्रले एसियाली र युरोपेली देशबाट अनुचित प्रतिस्पर्धाको सामना गर्नुपरेको ट्रम्पको दाबी छ । तथ्यांकअनुसार क्यानडा संयुक्त राज्य अमेरिकामा आयात हुने स्टिल र अल्मुनियमको सबैभन्दा ठुलो स्रोत हो । ब्राजिल, मेक्सिको र दक्षिण कोरिया त्यसपछिका प्रमुख स्टिल आपूर्तिकर्ता हुन् । क्यानडालाई ट्रम्पले पहिले नै भन्सारको धम्की दिइसकेका छन् ।

ट्रम्पले आइतबार अन्य देशले अमेरिकी उत्पादनमा लगाएको दरअनुरूप नै ती देशविरुद्ध आफ्नो सरकारको भन्सार अर्थात् 'पारस्परिक भन्सार' घोषणा गर्ने चेतावनी दिएका छन् । 'हामीमाथि जस्तो व्यवहार गरिएको छ, हरेक देशसँग त्यस्तै (पारस्परिक) व्यवहार गरिनेछ,' ट्रम्पले भने ।

राष्ट्रपतिले पदभार सम्हालेलगत्तै ट्रम्पले चीन, मेक्सिको र क्यानडामा भन्सार लगाउने आदेश दिएका थिए । क्यानडा र मेक्सिकोले फेन्टानिल लागुपदार्थको प्रवाह र कागजातविहीन आप्रवासीको संयुक्त राज्य अमेरिकामा प्रवेशलाई रोक्न कडा कदम चाल्ने वाचा गरेपछि ट्रम्पले ती देशविरुद्ध लगाउने भनेको २५ प्रतिशत भन्सार एक महिनाका लागि रोकेका छन् ।

विश्व संक्षेप

बंगलादेशमा विशेष अप्रेसन, १३ सय पक्राउ

ढाका/ पूर्वप्रधानमन्त्री सेख हसिनाको शासनसँग सम्बन्धित गिरोहलाई लक्षित गरी गरेको 'अप्रेसन डेभिल हन्ट' नामक व्यापक कारबाहीमा एक हजार ३०० भन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको बंगलादेशी प्रहरीले सोमबार जनाएको छ । सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको क्रान्तिमा हसिनालाई सत्ताच्युत गरिएपछि सत्ता सम्हालेको अन्तरिम सरकारमा गृह मन्त्रालयका प्रमुख जहाँगिर आलम चौधरीले 'सैतानलाई जरैदेखि उखेलेर नफाल्दासम्म' यो अभियान जारी रहने बताए । 'शनिबार सुरु भएको अभियानका क्रममा देशभर एक हजार ३०८ जनालाई पक्राउ गरिएको छ । अभियान अझै जारी छ,' प्रहरी प्रवक्ता इनामुल हक सागरले भने । हसिना नेतृत्वको विपक्षी दल आबामी लिगको नेतृत्वमा आन्दोलनको घोषणा भएपछि सुरक्षा कारबाही सुरु गरिएको हो । अबामी लिगकी ७७ वर्षीया नेतृ हसिना गत वर्ष अगस्टमा अपदस्थ भएदेखि भारतको अज्ञात स्थानमा बस्दै आएकी छन् ।

हसिनाले निर्वासनबाटै फेसबुकमार्फत नेता तथा कार्यकर्तासँग संवाद गर्ने प्रयास गरेपछि अहिले पुनः अबामी लिगविरोधी भावना र अभियान सुरु भएको छ । अबामी लिग पुनः उठ्ने प्रयासको विरोधमा उर्लेको आक्रोशबिच एक भिडले बंगलादेशका प्रथम राष्ट्रपति तथा हसिनाका पिता सेख मुजिबुर रहमानप्रति समर्पित संग्रहालय र पूर्वघरसमेत नष्ट गरिदियो ।

ट्रम्पले घुँडा टेकाउन खोजेको इरानको आरोप

तेहरान/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई घुँडा टेकाउन खोजेको इरानका राष्ट्रपति मसुद पेजेस्कियानले आरोप लगाएका छन् । सन् १९७९ मा इस्लामिक गणतन्त्रको स्थापनाको ४६औं वर्षगाँठमा आयोजित कार्यक्रममा बोल्ने क्रममा उनले इरानविरुद्ध अमेरिकी नेतृत्व लागिपरेको बताएका छन् । सन् १९७९ मा इरानले शाह मोहम्मद रेजा पहलवीलाई सत्ताच्युत गरेको र गणतन्त्र स्थापना गरेको थियो । त्यसपछि फ्रान्समा निर्वासनबाट अयातुल्लाह रुहोल्लाह खमेनी तेहरान फर्केका थिए । यस अवधि अर्थात् जनवरी ३१ देखि १० दिनसम्म त्यहाँ बर्सेनि भव्य कार्यक्रमसाथ 'गणतन्त्र स्थापना समारोह' मनाउने गरिन्छ ।

ट्रम्पले यसै महिनाको सुरुमा तेहरानविरुद्धको कठोर प्रतिबन्ध पुनः कार्यान्वयनमा ल्याएको उल्लेख गर्दै पेजेस्कियनले भने, 'हामीले युद्ध चाहेका छैनौं । तर, इरान कहिल्यै पनि विदेशीका अगाडि झुक्नेछैन ।' कार्यक्रममा सहभागीले सर्वोच्च नेता आयतुल्लाह अली खमेनीको तस्बिर, इरानको हरियो, रातो र सेतो झन्डाका साथै तेहरान समर्थित हिजबुल्लाहजस्ता समूहको ब्यानर बोकेका थिए । सन् २०२१ मा समाप्त भएको आफ्नो पहिलो कार्यकालमा ट्रम्पले इरानविरुद्ध 'अधिकतम दबाब'को नीति अवलम्बन गरेका थिए । ट्रम्पले गत मंगलबार पुनः नयाँ प्रतिबन्ध लगाउन निर्देशन दिने आदेशमा हस्ताक्षर गरेका छन् । ट्रम्पले आफू इरानसँग सम्झौता गर्न तयार रहेको पनि बताएका छन् ।

स्टार्मरद्वारा विश्वका नेतालाई एचआइभी परीक्षण गर्न आग्रह

लण्डन/ एचआइभीको परीक्षण गरेको भिडियो सार्वजनिक गर्दै बेलायती प्रधानमन्त्री तथा जी-७ राष्ट्रका नेता केइर स्टार्मरले विश्वका अन्य नेतालाई एचआइभी परीक्षण गर्न आग्रह गरेका छन् । नेताले परीक्षण गर्दा यसको प्रभाव सहजै जनतामा पर्ने र उनीहरूले पनि यसलाई पछ्याउने उनले बताए । बेलायती प्रधानमन्त्री कार्यालयले एचआइभी परीक्षणलाई प्रोत्साहित गर्न एक हप्ता लामो राष्ट्रव्यापी पहलको समर्थनमा स्टार्मरले शुक्रबार डाउनिङ स्ट्रिटमा 'र्‍यासपिड होम टेस्ट' पूरा गरेको फुटेज सोमबार सार्वजनिक गरेको थियो ।

'युके हेल्थ सेक्युरिटी एजेन्सी (युकेएचएसए)'का अनुसार इंग्ल्यान्डमा अनुमानित चार हजार ७०० व्यक्ति एचआइभी संक्रमित छन् । स्टार्मरले डिसेम्बरमा आफ्नो सरकारले सन् २०३० सम्ममा इंग्ल्यान्डमा नयाँ एचआइभी बिरामी बन्ने क्रम अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । 'यदि मानिसले परीक्षण गरे भने उनीहरूले आफ्नो स्थिति थाहा पाउनेछन् र यसले रोग फैलिनबाट सावधानी अपनाउन सहजता हुनेछ,' उनले आफ्नो कार्यालयद्वारा जारी गरिएको विज्ञप्तिमा भनिएको छ ।

वासिंटनको विमान दुर्घटनामा ट्रम्पको निर्णय जिम्मेवार थियो ?

दुर्घटना हुँदा ट्रम्पले शपथ लिएको १० दिन पनि भएको थिएन । यस्तोमा उनले लागू गरेका कार्यकारी निर्देशनको प्रभाव देखिने समय नभइसकेको विज्ञहरू बताउँछन् ।

जनवरी २९ मा अमेरिकाको 'रोनाल्ड रेगन वासिंटन नेसनल एयरपोर्ट' नजिकको आकाशमा विमान र हेलिकोप्टर जुध्दा लगभग सबै यात्रु र चालक दलका सदस्यको ज्यान गयो । सामाजिक सञ्जालमा भने राष्ट्रपति डोनाल्ड ट्रम्पका आलोचक दुर्घटनाका लागि ट्रम्पका केही नीति जिम्मेवार रहेको दोष लगाएको देखियो ।

'गत साता मात्र ट्रम्पले 'यातायात सुरक्षा प्रशासन (टिएसए)' र तटरक्षक प्रमुखलाई बर्खास्त गरेका थिए । उनले उड्डयन सुरक्षा सल्लाहकार समितिसमेत भंग गरेका थिए,' यो कदम दुर्घटनाका लागि जिम्मेवार हुन सक्ने औँल्याउँदै सामाजिक सञ्जाल 'एक्स'मा एकजनाले लेखेका थिए । ट्रम्पले जनवरी २१ मै ती निकायका प्रमुखलाई बर्खास्त गरेका थिए । त्यस्तै उनले उड्डयन सुरक्षा सल्लाहकार समितिका सबै सदस्यसमेत बर्खास्त गरेका छन् ।

अर्को एक प्रयोगकर्ताले उड्यन क्षेत्रसँग जोडिएका ट्रम्पका निर्णयको सूची एक्समा पोस्ट गर्दै लेखेका थिए, 'तपाईंले १. यातायात सुरक्षा प्रशासनको प्रमुखलाई बर्खास्त गर्नुभयो, २. सम्पूर्ण उड्डयन सुरक्षा सल्लाहकार समितिलाई बर्खास्त गर्नुभयो, ३. सबै हवाई ट्राफिक नियन्त्रकको भर्ना 'फ्रिज'(रोक्का) गर्नुभयो, ४. १०० शीर्ष एफएए सुरक्षा अधिकारीलाई बर्खास्त गर्नुभयो ।' ट्रम्पले आफ्नो कार्यकालको पहिलो सातामा नयाँ कर्मचारी भर्नामा रोक लगाउनेलगायत व्यापक कर्मचारी परिवर्तनको घोषणा गरेका थिए । तर, उड्डयनविज्ञ भने ट्रम्पका कदमले क्यान्सस राज्यबाट उडेको व्यावसायिक जेट र सेनाको ब्ल्याक हक हेलिकोप्टरबिचको ठक्कर दुर्घटना निम्त्याउन कुनै योगदान नगरेको मान्छन् ।

हुन पनि दुर्घटना हुँदा ट्रम्पले शपथ लिएको १० दिन पनि भएको थिएन । यस्तोमा उनले लागू गरेका कार्यकारी निर्देशनको प्रभाव देखिने समय नभइसकेको विज्ञहरू बताउँछन् । तथापि, यातायात सुरक्षा प्रशासन, संयुक्त राज्य अमेरिका कोस्ट गार्ड र उड्डयन सुरक्षा सल्लाहकार समितिको उड्डयन सुरक्षामा भूमिका नहुने भने होइन । 'तर, राष्ट्रपति ट्रम्पको कदमले यति छिटो प्रभाव पार्ने सम्भावना छैन,' अमेरिकी वायुसेनाका पूर्वकर्णेल तथा पाइलट जिम कार्डोसोले भने । कार्डोसो हाल दक्षिण फ्लोरिडा विश्वविद्यालयको 'ग्लोबल एन्ड नेसनल सेक्युरिटी इन्स्टिच्युट'का वरिष्ठ निर्देशक छन् । 'दुर्घटनामा संलग्न दुवै विमानका हवाई चालक दल र त्यो समय काम गरिरहेका हवाई ट्राफिक नियन्त्रक जनवरी २० पछि लागू भएका ट्रम्पका कार्यकारी आदेशले गरेका नीतिगत परिवर्तनले प्रभावित हुनेमा थिएनन्,' कार्डोसोले भने ।

> जनवरी २० को एक कार्यकारी आदेशमा ट्रम्पले संघीय कर्मचारीको नयाँ भर्ना फ्रिज गर्ने (रोक्ने) निर्णय गरेका थिए । ट्रम्पले जनवरी २१ मै ती निकायका प्रमुखलाई बर्खास्त गरेका थिए । त्यस्तै उनले उड्डयन सुरक्षा सल्लाहकार समितिका सबै सदस्यसमेत बर्खास्त गरेका छन् । यी निर्णयको जनवरी २९ को दुर्घटनामा भूमिका रहेको केहीको आरोप छ ।

हवाई दुर्घटनालगत्तै त्यसको कारणबारे निष्कर्षमा पुग्नु मूर्खतापूर्ण हुने फ्लोरिडास्थित सेन्ट पिटर्सबर्गमा रहेको उड्डयन सुरक्षा परामर्श फर्मका सञ्चालक सेवानिवृत्त पाइलट जोन कोक्स बताउँछन् । 'दुर्घटनाको प्रारम्भमै रहेकाले हामीलाई धेरै कुरा थाहा छैन,' कोक्सले भने । दुर्घटना भएको २४ घण्टा नबित्दै कुनै विशेष कारणले दुर्घटना निम्त्यायो भन्ने तर्क गर्नेहरू विनाआधार बोलिरहेकोमा उनले जोड दिए । कोक्सका अनुसार दुर्घटना के कारणले भयो भनेर निर्धारण गर्ने अन्तर्राष्ट्रिय मापदण्डले 'अनुमानमा विश्वास गर्दैन । सबै तथ्यलाई ध्यान दिएर केलाउँछ । दुर्घटनाजस्ता गम्भीर घटनामा राजनीतिक रूपमा प्रेरित जवाफभन्दा सही उत्तर प्राप्त गर्नु बढी महत्त्वपूर्ण छ ।' विमान र हेलिकोप्टरको ठक्करको सही कारण पत्ता लगाउन भइरहेको अनुसन्धान पूरा हुन महिनौं लाग्न सक्छ । अहिलेका लागि ट्रम्पले उड्डयनसँग सम्बन्धित कस्ता कदम चालेका छन् र यदि तिनको कुनै प्रभाव परेको भए यस दुर्घटनामा कस्तो प्रभाव परेको हुन सक्छ भन्नेबारे चर्चा गरौं ।

उड्डयन क्षेत्र सम्बन्धमा ट्रम्पले लिएका निर्णय

जनवरी २० को एक कार्यकारी आदेशमा ट्रम्पले संघीय कर्मचारीको नयाँ भर्ना फ्रिज गर्ने (रोक्ने) निर्णय गरेका थिए । यसले कुनै पनि संघीय पदमा भर्ना खुलाउन वा कुनै पनि नयाँ पद सिर्जना गर्न रोक लगाएको छ । यद्यपि, यो आदेश 'आप्रवासन प्रवर्तन, राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षासँग सम्बन्धित' कुनै पनि सैन्य पदका लागि भने लागू हुनेछैन । सार्वजनिक सुरक्षामा भूमिका हुने भएकाले हवाई ट्राफिक नियन्त्रणलाई भर्ना रोक्का लागू नहुने ह्वाइट हाउसले बताएको छ । ह्वाइट हाउसले थप बताएअनुसार 'हवाई ट्राफिक नियन्त्रक'का रूपमा काम गर्ने कर्मचारी राजनीतिक नियुक्ति नभएकाले यो राष्ट्रपतिको परिवर्तन प्रभावित हुँदैन ।

कार्यकाल सम्हालेको दोस्रो दिन जनवरी २१ मा ट्रम्पले 'उड्डयन क्षेत्रमा अमेरिकीलाई सुरक्षित राख्ने'सम्बन्धी कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । यसले उड्डयन क्षेत्रमा 'विविधता, समानता र समावेशीकरण' अर्थात् छोटोमा 'डिइआई' का आधारमा हुने भर्नालाई खारेज गरेको छ । अब यातायातमन्त्री र संघीय उड्डयन प्रशासनका पदाधिकारीले 'योग्यता-आधारित भर्ना' मात्र गर्नुपर्ने निर्देशन दिइएको छ । सोही कार्यकारी आदेशले 'महत्त्वपूर्ण सुरक्षा क्षेत्रमा काम गरिरहेका व्यक्ति'को कार्यसम्पादन समीक्षा गर्न निर्देशन दिएको छ ।

दुर्घटनापछि जनवरी ३० मा पत्रकारसँगको कुराकानीका क्रममा ट्रम्पले दुर्घटनाका लागि एफएएले भर्नाका लागि विगतमा कार्यान्वयन गरेको विविधता र समावेशीकरण नीतिलाई जिम्मेवार ठहर्‍याए । तर, कोक्सका अनुसार जनवरी २९ को दुर्घटनामा संलग्न सबै पाइलट र हवाई ट्राफिक नियन्त्रक आवश्यक प्रशिक्षण पूरा गरेका कर्मचारी रहेकाले विविधता तथा समावेशीकरणका पालनाले त्यसलाई कुनै असर नगरेको बताए ।

न्युयोर्क टाइम्सले जनवरी ३० मा प्रकाशित गरेको एक समाचारमा दुर्घटनाको समयमा रेगन विमानस्थलको हवाई ट्राफिक नियन्त्रण टावरमा तैनाथ कर्मचारीको संख्या 'हवाई उडानको संख्याको आधार असामान्य रहेको' एफएएको आन्तरिक प्रारम्भिक सुरक्षा रिपोर्टले औँल्याएको छ । कर्मचारीको न्यून प्रतिस्थापन दर र टाइट बजेटका कारण रेगन विमानस्थलस्थित टावरले वर्षौंदेखि कर्मचारीको अभाव झेल्दै आएको टाइम्सको समाचारमा उल्लेख गरिएको छ ।

हुन त जनवरी २१ मा ट्रम्पले टिएसए प्रशासक डेभिड पेकोस्के र कोस्ट गार्ड कमान्डेन्ट एडमिरल लिन्डा फागनलाई बर्खास्त गरेका थिए । तर, टिएसएको सुरक्षा जिम्मेवारीहरू सामान्यतया यात्रु, ढुवानी सामान र उड्डयन कर्मचारीको सुरक्षा जाँचमा केन्द्रित हुन्छ, विमानको सञ्चालनमा होइन । र, तटरक्षक त उड्डयनसम्बन्धी नभएर समुद्री सुरक्षामा केन्द्रित निकाय हो । ट्रम्पले उड्डयन सुरक्षा सल्लाहकार समितिका सबै सदस्यलाई पनि बर्खास्त गरेका थिए । तथापि, यो समूहमा निजी क्षेत्रका उड्डयन समूहका प्रतिनिधि समावेश हुन्छन् । तिनले टिएसए प्रशासकलाई उड्डयन सुरक्षामा सल्लाह दिने गर्छन् । समूहको बैठक फेब्रुअरी २६ मा बोलाइएको थियो, जुन सामान्यतया वर्षमा चारपटक हुने गर्छ । र, यस्तो समूहले हवाई दुर्घटना रोक्ने सामर्थ्य राख्दैन, तिनले सल्लाह मात्र दिने हुन् ।

अल जजिराबाट

■ मन्त्रिपरिषद् बैठकको निर्णय

अर्थसचिवमा उपाध्याय, घिमिरे राष्ट्रपति कार्यालयमा

नयाँ पत्रिका

सरकारले तीन सचिवको सरुवा गरेको छ। सोमबार साँझको मन्त्रिपरिषद् बैठकले अर्थसचिवमा घनश्याम उपाध्यायलाई जिम्मेवारी दिएको छ। उनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा थिए। अर्थसचिव रामप्रसाद घिमिरेको राष्ट्रपति कार्यालयमा सरुवा भएको छ। राष्ट्रपति कार्यालयका सचिव नारायणप्रसाद दुवाडी अख्तियार पुगेका छन्। घिमिरे गत साउनमा मात्र अर्थसचिव बनेका थिए, त्यसअघि उनी राजस्व सचिव थिए।

हाल अर्थको जिम्मेवारी पाएका सचिव उपाध्याय अख्तियारमा जानुअघि श्रम मन्त्रालयमा थिए भने त्यसअघि बागमतीमा प्रमुख सचिव भएर काम गरेका थिए। सचिवमा बढुवा हुनुअघि उनी कर्णालीको

अर्थसचिव थिए। कर्णाली जानुअघि उनले ललितपुर र काठमाडौंको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी पनि सम्हालेका थिए। उपाध्याय अर्थ प्रशासनका क्याडर भए पनि सहसचिवमा बढुवा भएपछि अर्थ संरचना बाहिरै थिए। उनी राजस्व समूहबाट निजामती सेवामा प्रवेश गरेका हुन्।

■ सहसचिव बाबुराम अधिकारी सचिवमा बढुवा

सोमबारको मन्त्रिपरिषद् बैठकले सहसचिव बाबुराम अधिकारीलाई सचिवमा बढुवा गरेको छ। लुम्बिनी प्रदेश सरकारको कामु प्रदेश सचिव रहेका अधिकारी सचिवमा बढुवा भएका हुन्।

बढुवा सिफारिस समितिको बिहीबारको बैठकले प्रशासनतर्फ रिक्त सचिवमा बढुवाका लागि अधिकारीसहित मदन भुजेल र चन्द्रकला पौडेलको नाम सिफारिस गरेको थियो। अधिकारी बढुवा भएका हुन्।

Himalaya Urja Bikas Company Limited

Tinkune, Kathmandu, Tel: 01-4111853/673/674, Email: himalenergy@gmail.com, Web: www.himalurja.com

Unaudited Financial Result

(For the Period of 2nd Quarter as at Poush end 2081, Fiscal Year 2081/082)

Particulars	Current Quarter ending	Previous Quarter ending	Crroesponding Previous Year Quarter ending
ASSETS AND PROPERTIES			
Non-Current Assets			
Gross Property, Plant & Equipment	3,733,303,702.62	3,729,996,325.48	3,724,951,375.65
Less: Accumulated Depreciation	(380,731,059.80)	(345,316,678.54)	(246,154,515.25)
Total Non Current Assets	**3,352,572,642.82**	**3,384,679,646.93**	**3,478,796,860.39**
Investment	**84,500,000.00**	**84,500,000.00**	**84,500,000.00**
Current Assets			
Cash & Cash Equivalents	157,345,179.14	192,341,818.10	1,295,214.05
Trade & Other Advances	120,958,246.37	197,062,296.85	185,904,921.75
Margin and Deposit	174,608.25	174,608.25	174,608.25
Total Current Assets	**278,478,033.76**	**389,578,723.20**	**187,374,744.05**
Total Assets	**3,715,550,676.78**	**3,858,758,370.13**	**3,750,671,604.45**
EQUITY & LIABILITIES			
Share Capital	1,980,000,000.00	990,000,000.00	990,000,000.00
Total Share Capital	1,980,000,000.00	990,000,000.00	990,000,000.00
Reserve & Surplus	(155,325,212.39)	(141,391,598.01)	(178,126,808.50)
Total Equity	**1,824,674,787.61**	**848,608,401.99**	**811,873,191.50**
Non-Current Liabilities			
Loan	1,880,692,051.62	2,005,856,288.55	2,908,690,186.07
Current Liabilities			
Current Liabilities & Payables	10,183,837.54	14,293,679.59	30,108,226.88
Total Current Liabilities	**10,183,837.54**	**14,293,679.59**	**30,108,226.88**
Total Equity & Liabilities	**3,715,550,676.78**	**2,868,758,370.13**	**3,750,671,604.45**
Profit & Loss Account			
Income From Power Sales	270,073,175.05	189,354,325.35	138,287,007.63
Other Income	7,188,600.00	48,974,400.52	107,611,851.06
Total Income	**277,261,775.05**	**238,328,725.87**	**245,898,858.69**
Less: Royalty	5,401,463.50	3,787,086.51	2,765,740.15
Less: Administrative & other direct Expenses	32,036,442.35	18,533,092.60	22,574,307.99
Operating Profit/(Loss)	**239,823,869.20**	**216,008,546.77**	**220,558,810.55**
Less:Financial Cost	102,847,179.51	56,763,328.68	151,325,035.27
Less:Depreciation	68,269,847.04	32,961,854.37	67,904,126.84
Profit/(Loss) Before Tax	**68,706,842.65**	**126,283,363.72**	**1,329,648.44**
Current Tax	6,375.00	-	3,203,184.00
Deferred Tax	-	-	-
Net Profit/(Loss) Transferred to Reserve & Surplus	**68,700,467.65**	**126,283,363.72**	**(1,873,535.56)**

Note: The figures are regrouped and rearranged where necessary. The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Audhority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुसूची-१४

(नियम २६ को उपनियम १ सँग सम्बन्धित)

आ.व. २०८१/०८२ को दोश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण:**

क. आ.व. २०८१/०८२ को यस त्रैमासिकको वासलात तथा नाफा नोक्सान हिसाव किताव मिति २०८१।१०।२९ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ।

ख. उक्त वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्नानुसार छ :

प्रति शेयर आम्दानी	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	मूल्य आम्दानी अनुपात	तरलता अनुपात
३.४७	९२.१६	१८७.६५	६५.७१	२७.३५

२. **व्यवस्थापकीय विश्लेषण:** कम्पनीले निर्माण गरेको अपर खिम्ती-II जलविद्यूत आयोजना ७ मे.वा. र उपल्लो खिम्ती जलविद्यूत आयोजना १२ मे.वा.को Contingency व्यवस्था अन्तर्गत विद्युत बिक्री भइरहेको छ। कम्पनीले हकप्रद शेयरको बिक्री कार्य सम्पन्न गरेको छ। यस कम्पनीले नयाँ जलविद्युत आयोजनाहरु निर्माण गर्ने पूर्व तयारी भईरहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:** यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध तथा कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन।

४. धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृतिबाट नै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या स्टक एक्सचेन्ज लि. वेवसाइट अनुसार:

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	कारोबार कुल दिन	कुल कारोबार संख्या	कुल कारोबार शेयर संख्या
२६३/-	२०७/-	२२८/-	५५	३५,१५६	१,२५,५३,४८६

५. **समस्या र चुनौती:** संस्थाले सामना गर्नुपरेका समस्या तथा चुनौतीहरु बजारमा रहेका अन्य संस्थाहरु सरह नै छन्। आइपर्ने समस्या र चुनौतीहरुको समस्याहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सोको निराकरणको उपायहरु अवलम्बन गर्ने गरेको छ।

६. **संस्थागत सुशासन:** संस्थागत सुशासनको लागि संस्थाले कर्मचारी बृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्थापन गरि उचित वातावरण तयार गर्ने गरेको छ।

७. **सत्य तथ्य सम्बन्धी कार्यकारी प्रमूखको उद्घोषण** : आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचनाहरु तथा जानकारीहरु लुकाएको छैन।

Synergy Power Development Limited

Baluwatar, Kathmandu

Unaudited Financial Statement

At the end of 2nd Quarter on 2081.09.29 (13.01.2025)

Statement of Financial Position — *in NPR*

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Assets			
Non - Current Assets			
Plant, Properties and Equipment	39,809,507.05	39,317,276.72	31,505,687.06
Intangible Assets	1,085,750,953.80	1,095,128,113.00	1,110,214,573.43
Investments	442,744,000.00	442,744,000.00	442,744,000.00
Total Non Current Assets	1,568,304,460.85	1,577,189,389.71	1,584,464,260.49
Current Assets			
Loan, Advance and Deposits	23,596,099.84	16,372,097.41	21,230,037.63
Cash & Bank Balance	8,612,509.02	9,728,617.30	20,802,742.49
Trade and other receivables	75,697,190.70	78,364,593.81	75,462,224.47
Total Current Assets	107,905,799.56	104,465,308.52	117,495,004.59
Total Application of Fund	1,676,210,260.41	1,681,654,698.23	1,701,959,265.08
Equity			
Share Capital	1,209,862,500.00	1,209,862,500.00	1,209,862,500.00
Other Equity	26,565,902.94	26,565,902.94	26,565,902.94
Reserve and Surplus	143,667,050.74	128,014,624.26	112,470,717.68
Total Equity	1,380,095,453.68	1,364,443,027.20	1,348,899,120.62
Non Current Liabilities			
Secured Loan	231,683,256.40	256,247,346.73	293,093,968.12
Total Non Current Liabilities	231,683,256.40	256,247,346.73	293,093,968.12
Current Liabilities			
Trade and Other Payable	23,135,004.50	17,875,778.76	19,947,687.68
Provision	11,296,545.83	13,088,545.55	10,018,488.66
Overdraft	30,000,000.00	30,000,000.00	30,000,000.00
Total Current Liabilities	64,431,550.33	60,964,324.31	59,966,176.34
Total Equity and Liabilities	1,676,210,260.41	1,681,654,698.23	1,701,959,265.08

Statement of Profit & Loss and Other Comprehensive Income — *in NPR*

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Electricty Sales	114,353,423.82	68,108,494.72	120,692,418.00
Interest Income	70,945.74	48,224.17	313,534.60
Gross Income	114,424,369.56	68,156,718.89	121,005,952.60
Project Expenses	5,171,724.81	4,643,677.59	2,647,615.00
Administrative and General Expenditure	4,521,890.80	2,643,712.93	6,672,281.99
Personnel Expenses	10,717,000.90	5,402,948.23	11,410,780.36
Insurance and Royalty	5,892,212.70	2,336,353.71	6,199,925.67
Depreciation of Fixed Assets	1,164,194.17	730,243.31	337,854.92
Amortization of Intangible Assets	18,337,443.52	8,960,284.33	18,798,060.35
Finance Expenses	12,823,050.90	7,066,742.54	30,074,028.57
Total Administration and other Expenses	58,627,517.80	31,783,962.65	76,140,546.86
Profit before Staff Bonus	55,796,851.76	36,372,756.24	44,865,405.74
Staff Bonus	1,083,434.01	706,267.11	871,172.93
CSR	541,717.01	353,133.56	435,586.46
Profit Before Taxes	54,171,700.74	35,313,355.58	43,558,646.35
Current Taxes	9,209,189.13	6,003,270.45	8,711,729.27
Deferred Tax (Income)/Expenses	-	-	-
Profit After Taxes	44,962,511.61	29,310,085.13	34,846,917.08

Notes:
1. Previous year's figures have been regrouped/rearranged whenever necessary to make them comparable with the current year's classification/disclosure.
2. The unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ (अनुसूची (१४ को नियम २६ को उपनियम १ सँग सम्बन्धित)

आ.व. २०८१/२०८२ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:

क) आ.व. २०८१/०८१ को दोश्रो त्रैमासिक अवधिको व्यवस्थापन द्वारा तयार गरिएको अपरिस्कृत वित्तिय विवरण (वासलात तथा नाफा नोक्सान हिसाब) यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ।

ख) उक्त वासलातको आधारमा कम्पनीका प्रमुख वित्तिय अनुपात निम्नानुसार छ।

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	७.४३	तरलता अनुपात	१.६७
छविलाल सार्कीको नाति टेक बहादुर सार्कीको छोरा बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गा.पा. वडा नं. ८, बस्ने वृहस्पति सार्कीको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा एकलौटी दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ७ को सिट नं. ०३४१०३४ को कित्ता नं. ७७६ को क्षेत्रफल १०१०.५६ वर्ग मिटरको जग्गा र सो जग्गामा बनेको जस्ता पाताले छायकोघर तथा उक्त घरजग्गाले चर्चेको र भविष्यमा चर्चने लिगलगापात समेत ।
व्यक्तिगत जमानीकर्ता:
नामः पार्वती नेपाली, ठेगानाः बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गा.पा. वडा नं. ८ बस्ने, बाबु: डिल बहादुर दमाई, ससुराः बृहस्पती सार्की, पतिः भोज बहादुर नेपाली सार्की, ना.प्र.नं. ६५१००९-९२४ जारी मितिः २०६८/०१/०४ जि.प्र.का. बर्दिया ।
नामः बाटुली सर्केनी, ठेगानाः बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गा.पा. वडा नं. ८ बस्ने, बाबु: बल बहादुर सार्की, ससुराः टेक बहादुर सार्की, पतिः बृहस्पती सार्की ना.प्र.नं.(२) २३३० जारी मितिः २०४५/०१/२५ जि.प्र.का. बर्दिया ।
नामः भोज बहादुर नेपाली, ठेगानाः बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गा.पा. वडा नं. ८ बस्ने, बाबु: बृहस्पती सार्की, बाजेः टेक बहादुर सार्की, ना.प्र.नं. २७४७८, जारी मितिः २०६२/०५/२६ जि.प्र.का. बर्दिया ।

ऋणीको विवरण:
४. नामः गोविन्द चौधरी, ठेगानाः बर्दिया जिल्ला मगरागाडी गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बारबर्दिया न.पा. वडा नं. ५ बस्ने, बाबु: कालु थारु, बाजेः सच्चु थारु ना.प्र.नं. १५५१८, जारी मितिः २०५८/०८/०८, जि.प्र.का. बर्दिया कर्जा किसिमः हायर पर्चेज ।
सूरक्षण बापत धितोको विवरण:
१. सच्चु थारुको नाति कालु थारुको छोरा बर्दिया जिल्ला मगरागाडी गा.वि.स. वडा नं. १, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बारबर्दिया न.पा. वडा नं. ५, बस्ने गोविन्द चौधरीको नाममा मालपोत कार्यालय गुलरिया बर्दियामा एकलौटी दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला मगरागाडी गा.वि.स. वडा नं. १ को सिट नं. ०३४०५९१ को कित्ता नं. २४२३ को क्षेत्रफल ६३०.०० ऐ. जिल्ला ऐ. गा.वि.स. वडा नं. ऐ. को सिट नं. ०३४०५५१ को कित्ता नं. २४२० को क्षेत्रफल ४८.०० र ऐ. जिल्ला ऐ. गा.वि.स. वडा नं. ऐ. को सिट नं. ०३४०५५१ को कित्ता नं. २४१६ को क्षेत्रफल १८२.०० वर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिग लगापात समेत ।
२. यातायात व्यवस्था कार्यालय सेति अञ्चल धनगढी, कैलालीमा दर्ता भई यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) धनि भई ऋणी गोविन्द चौधरीको नाममा रहेको आयशर ट्र्याक्टर, दर्ता नं. सु.प.प्र. ०१००२ त ४३५८ मोडल ५५७ बनेको साल २०१९ इन्जिन नं. ५२८२२७०३४३१४, चेसिस नं. ९२८४१५२५५०९८ सवारी साधन समेत ।
व्यक्तिगत जमानीकर्ता:
नामः शुभरानी चौधरी, ठेगानाः बर्दिया जिल्ला मगरागाडी गा.वि.स. वडा नं. १, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बारबर्दिया न.पा. वडा नं. ५ बस्ने, बाबु: दल बहादुर थारु, ससुराः कालु थारु, पतिः गोविन्द चौधरी, ना.प्र.नं. ६५३०१७/१०८०, जारी मितिः २०६३/१०/१२ जि.प्र.का. बर्दिया ।
नामः साविर गद्दी, ठेगानाः बर्दिया जिल्ला महम्मदपुर गा.वि.स. वडा नं. ९, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. १२ बस्ने, बाबु: इदु गद्दी, बाजेः लक्ष्मण गद्दी, ना.प्र.नं. १४६४७, जारी मितिः २०५८/०५/२४ जि.प्र.का. बर्दिया ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था
केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

दलको दैलोमा जलविद्युत् उद्यमी

- सर्वोच्च अदालतले संरक्षण क्षेत्रका नाममा रहेको वन क्षेत्रमा कुनै पनि भौतिक संरचना निर्माण गर्न नपाउने गरी दिएको आदेशको विपक्षमा जलविद्युत् लगानीकर्ता
- निकुञ्ज र संरक्षण क्षेत्रका सिमाना हेरफेर गरेर लगानी सुरक्षणका लागि पहल गरिदिन दलहरूसँग इप्पानको माग

रास्वपाका प्रमुख सचेतक सन्तोष परियारलाई भेट्दै इप्पान प्रतिनिधि

नयाँ पत्रिका

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले निकुञ्ज तथा संरक्षण क्षेत्रभित्र जलविद्युत् आयोजना विकास गर्ने वातावरण बनाउन आग्रह गरेको छ।

सोमबार सत्तारूढ दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारलाई भेट्दै इप्पानले राष्ट्रिय निकुञ्ज र विभिन्न संरक्षण क्षेत्रभित्र पनि जलविद्युत् आयोजना विकास गर्ने वातावरण बनाउन आग्रह गरेको हो।

पछिल्लो समय सर्वोच्च अदालतको संवैधानिक इजलासबाट भएको एउटा फैसलाका कारण विभिन्न संरक्षण क्षेत्रका नाममा रहेको वन क्षेत्रमा कुनै पनि भौतिक संरचना निर्माण गर्न नपाउने अवस्था सिर्जना भएको भन्दै सरकारका तर्फबाट समेत उक्त फैसलाको आलोचना भइरहेको छ।

इप्पानका अध्यक्ष गणेश कार्कीले उक्त फैसलाका कारण नयाँ आयोजना बनाउन नसकिने बताए। बनेका आयोजनाको बिजुली पनि प्रसारणलाइन बनाउन नदिएर खेर जाने अवस्था आउने, लगानी नै असुरक्षित हुने खतरा बढेको उनको भनाइ छ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले फैसला पुनर्विचार नभए नेपालमा थप एउटा पनि जलविद्युत् आयोजना नबन्ने अवस्था आउने बताए। सबै आयोजना संरक्षण क्षेत्रमा नपरे पनि प्रसारणलाइन कुनै न कुनै संरक्षण क्षेत्रमै पर्ने र प्रसारणलाइन बनाउन नपाए अहिले बनिरहेका आयोजनाकै बिजुली पनि प्रवाह नहुने हुँदा थप आयोजना बनाउने ठाउँ नै नरहेको डाँगीले बताए।

नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले विभिन्न संरक्षण क्षेत्रका नाममा राखिएका संरचनाले विकास निर्माणमा निकै ठूलो प्रभाव पारेको भन्दै यसलाई कसरी संशोधन गर्न सकिन्छ भन्ने विषयमा आफू छलफलमा लागिसकेको बताए।

'अदालतलाई देखाएर देशलाई बन्धक बनाउन मिल्दैन। अहिलेको फैसलाले संरक्षण क्षेत्रमा एउटा नल पनि गाड्न नमिल्ने भएको छ,' उनले बताए।

यो समस्या समाधानको पहिलो विकल्प भनेको सरकारले राजपत्रमा सूचना निकालेर सिमाना हेरफेर गर्नु रहेको र दोस्रो विकल्पमा यसलाई पुनर्परिभाषित गर्नु रहेको बर्तौलाको भनाइ थियो।

अहिलेकै ऐनमा टेकेर संसदीय आयोग बनाएर यी सबै कुरा छानबिन गरेर सरकारलाई कार्यान्वयन गर्न निर्देशन दिन सकिने उनले बताए। होइन भने देशलाई समृद्ध बनाउने जुन सम्भावना छ, त्यो प्रयोगमा नआएरै खेर जाने अवस्था आउन सक्ने पनि बर्तौलाले बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले तस्करले काठ बेच्न हुने, तर जनताले ढलेका रुख पनि काट्न नपाउने यस्ता कानुन सशोधन हुनुपर्ने बताए।

उनले ५० प्रतिशत वन क्षेत्र पुग्न लागेको नेपालमा मलेसियाबाट काठ ल्याउनुपर्ने अवस्थाको अन्त्य गर्न आफूले आवाज उठाउने बताए।

इप्पानका उपमहासचिव प्रकाश दुलालले अमेरिका विश्वसँग गरेका सम्झौताबाट पछि हट्न हुन्छ भने नेपालले पनि विकासविरोधी सम्झौताबाट पछि हट्नुपर्ने बताए।

नेपालको कुल भूभागको २३ प्रतिशत क्षेत्रफल विभिन्न नामका संरक्षित क्षेत्रको नाममा रहेको इप्पानका कार्यसमिति सदस्य भरत पराजुलीले बताए।

सुन प्रतितोला एक लाख ६९ हजार ६ सय

काठमाडौं/ सोमबार एक तोला सुनको मूल्य एक लाख ६९ हजार ६ सय रुपैयाँ पुगेको छ। सुनचाँदी व्यवसायी महासंघका अनुसार अघिल्लो दिन प्रतितोला एक लाख ६८ हजार दुई सयमा कारोबार भएको सुन प्रतितोला एक हजार चार सयले बढेको हो।

त्यस्तै, चाँदीको मूल्य प्रतितोला एक हजार नौ सय ७५ रुपैयाँ पुगेको छ। आइतबार भने एक हजार नौ सय ६० रुपैयाँ प्रतितोला थियो। नेपालमा सुन तथा चाँदीको मूल्य अन्तर्राष्ट्रिय बजारमा हुने कारोबार मूल्यका आधारमा घटबढ हुने गरेको छ। हाल अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔंस दुई हजार आठ सय ७९ अमेरिकन डलरआसपासमा कारोबार भइरहेको छ।

स्थानीय सरकार
नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८१/१०/२९)

यस कार्यालयको मिति २०८१/०९/१६ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सुचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1.	NEE/NCB/11/081/82	Pandhare Tourism Infrastructure Construction Works	Sundaradevi Nirman Sewa, Dhading	21,36,193.71
2.	NEE/NCB/12/081/82	Construction of Salla Ghari Chandeswori School Sadak	Dharmadhwaja Construction Pvt.Ltd, Dhading	18,03,588.17
3.	NEE/NCB/13/081/82	Ward Office Road and Barhachaur Road Maintenance Works	Sairam Construction, Dhading	25,45,578.91
4.	NEE/NCB/14/081/82	Rehabilitation of Siranbazar Seuli Road and Maintenance of khani Khola Deurali Road	Bhawani Nirman Sewa, Nuwakot	40,05,136.21

प्रमुख प्रशासकीय अधिकृत

Tarakeshwor Municipality
Office of The Municipal Executive
Dharmasthali, Kathmandu
Bagmati Province, Nepal

Invitation for Bids

(Date of First Publication: 2081/10/29(11-02-2025)

1. **Tarakeshwor Municipality, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the construction of following works (described on the table) under National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.

Contract no./ID	Description of Works	Total Estimated Amt (With VAT) Nrs.	Bid Security Amt (Nrs.)	Bid validity / bid security/ period	Bid Document Fee (Nrs.)
Tara/28/ NCB/081-082	Supply, Delivery and Installation of 16 m High Mast Light Set at different sites of Tarkeshwor Municipality	98,30,177.00	2,50,000	90/120 days	3,000

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.

Information of bank account
i. Name of the Bank : NIC Asia Bank Manamaiju, Kathmandu
ii. Name of Office : Tarakeshwor Nagarpalika Office
iii. Rajaswa Khata No : 0172050029446002
iv. Dharauti Khata no : 17CA501509524006

3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2081/12/01 (March 14, 2025) 12:00.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/12/01 (March 14, 2025) 13:00 hours at the office of Tarakeshwor Municipality, Dharmasthali, Kathmandu Tarakeshwor,Kathmandu, Nepal.
5. For more information, contact at **9851263111, 9841423004**.

Chief Administrative Officer

नेप्सेमा कार्यकारी प्रमुख नियुक्ति अघि नबढाउन अर्थ मन्त्रालयको बहानाबाजी

संस्थानहरूमा कार्यकारी प्रमुखको पदपूर्ति गर्ने वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको नेतृत्वमा दुईजना सहसचिव छन् । तर, नेप्सेको प्रमुख कार्यकारी अधिकृतको भर्ना, छनोट र नियुक्ति प्रक्रिया थाल्ने जिम्मेवारी आफ्नो नभएको भन्दै एकले अर्कोलाई देखाएर पन्छिँदै छन् ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

गत शुक्रबार चारवर्षे कार्यकाल पूरा गरेर कृष्णबहादुर कार्की बिदा भएपछि रिक्त रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से)को प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्ति प्रक्रिया सुरु गर्न अर्थ मन्त्रालयले चासो दिएको छैन ।

मातहतका संस्थानहरूमा कार्यकारी प्रमुखको पदपूर्ति गर्ने वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा प्रमुख रहेका दुईजना सहसचिव दीर्घराज मैनाली र नारायण रिसाल नेप्से सिइओ नियुक्ति गर्ने जिम्मेवारीबाट पन्छिन खोजिरहेका छन् । संस्थान महाशाखाको नेतृत्व गरिरहेका मैनालीले त वित्तीय क्षेत्र व्यवस्थापन इकाइले नेप्सेमा नियुक्तिको जिम्मेवारी लिनुपर्ने बताए । नेप्सेको क्षेत्राधिकार वित्तीय क्षेत्र व्यवस्थापनअन्तर्गत पर्ने भएकाले सम्बन्धित निकायबाट नै नियुक्ति प्रक्रिया अघि बढ्नुपर्ने उनको तर्क छ । 'हामीले यहाँबाट (संस्थान समन्वय) सिइओ नियुक्तिको तयारी गरेका छैनौँ । यो वित्तीय क्षेत्र व्यवस्थापनको क्षेत्राधिकार हो । त्यसैले उतैबाट अघि बढ्नुपर्ने हो,' उनले भने ।

मैनालीलाई अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गत भदौमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट अर्थमा ल्याएका थिए । वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको नेतृत्वमा रहेका सहसचिव नारायण रिसाललाई नहटाई सोही महाशाखामा मैनालीलाई समेत राखिएको छ । जसकारण एउटा महाशाखालाई दुई भाग लगाइएको छ ।

मैनालीले संस्थान समन्वयको कार्यक्षेत्र र रिसालले वित्तीय क्षेत्र व्यवस्थापनतर्फको जिम्मेवारी हेरिरहेका छन् । वित्तीय क्षेत्र महाशाखाका कर्मचारी भने संस्थानको पदपूर्ति संस्थान समन्वय क्षेत्र हेर्ने सहसचिवबाटै हुनुपर्ने बताउँछन् । 'नियुक्ति प्रक्रिया त संस्थान समन्वय कार्यक्षेत्र तोकिएकै ठाउँबाट हुनुपर्ने हो,' ती कर्मचारीले भने । दुई सहसचिवको टकरावले अहिले नेप्से प्रमुख नियुक्ति अन्योलमा पुगेको अर्थका कर्मचारीको बुझाइ छ ।

नेप्से प्रवक्ता मुराहरि पराजुलीले मापदण्डअनुसार नै सिइओ नियुक्ति हुने विश्वास रहेको बताए । उनले भने, 'यसपालि पनि मापदण्डअनुसार नै सिइओ नियुक्ति हुन्छ भन्ने हाम्रो अपेक्षा छ ।'

■ सरकारी स्वामित्वको नेपाल स्टक एक्सचेन्ज कमजोर बनाएर निजी क्षेत्रलाई नयाँ स्टकको लाइसेन्स दिने गृहकार्य

सन्तोषनारायण श्रेष्ठ
अध्यक्ष, धितोपत्र बोर्ड

धितोपत्र बजार सञ्चालन, सूचकांक नियमन, सार्वजनिक कम्पनीको सूचीकरण र विकास गर्दै आएको सरकार स्वामित्वको नेपाल स्टक एक्सचेन्जलाई बलियो बनाउने गरी अढाई वर्षअघि प्रस्ताव गरिएको प्रतिवेदन अर्थ मन्त्रालयले दराजमै थन्क्याएको छ । अहिले सिइओ नियुक्ति गर्न ढिलाइ गरेर नेप्सेलाई थप कमजोर पार्न खोजिँदै छ । बरु, नेप्सेको प्रतिस्पर्धी हुने गरी निजी क्षेत्रलाई अर्को स्टक एक्सचेन्जको लाइसेन्स बाँड्ने गृहकार्य सरकारले अघि बढाएको छ ।

नयाँ स्टकको लाइसेन्स जारी गर्ने सर्तमा नै धितोपत्र बोर्डमा सन्तोषनारायण श्रेष्ठलाई सरकारले अध्यक्षमा नियुक्त गरेको छ । उनले बोर्ड बैठकबाट नयाँ स्टकको लाइसेन्स दिने विषयमा अध्ययन गर्न समितिसमेत गठन गरिसकेका छन् । संस्थागत भ्रष्टाचारमार्फत अर्बौंको चलखेल गरेर स्वार्थ समूहलाई नयाँ स्टकको लाइसेन्स वितरण गर्न लागिएको भन्दै प्रमुख प्रतिपक्षी दलले सदनमा खबरदारीसमेत गर्दै आएको छ । विज्ञहरूले पनि सरकारको प्राथमिकता नेप्से सुधारमै हुनुपर्ने सुझाव दिइरहेका छन् ।

नारायण रिसाल | दीर्घराज मैनाली

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले एउटा महाशाखामा पहिलोपटक दुई सहसचिवलाई नेतृत्वमा राखेका छन्, जसकारण उनीहरूबिच टकराव उत्पन्न भइरहेको छ

■ नेप्से पुनर्संरचना गराउन सक्ने सिइओ ल्याउन कर्मचारीको माग

नेप्से कर्मचारी संघले संस्थालाई पुनर्संरचना गराउन सक्ने व्यक्तिलाई कार्यकारी प्रमुख पदमा नियुक्त गर्न अर्थ मन्त्रालयलाई ध्यानाकर्षण गराएका छन् । उनीहरूले कार्कीको म्याद सकिनुअगावै नयाँ सिइओ नियुक्तिबारे चासो दिएका थिए ।

संघले २२ माघमा नेप्से संस्था स्वयंको पुनर्संरचना गर्ने, साना तथा मझौला कम्पनीको सेयर कारोबार गराउने, नयाँ कारोबारयोग्य औजार ल्याउने, प्रविधिलाई अद्यावधिक गराउनेलगायत चुनौतीपूर्ण अवस्थाबाट अगाडि बढिरहेको भन्दै अर्थ मन्त्रालयमा ज्ञापनपत्र बुझाएको छ ।

'समग्र पुँजी बजारको विकास र लगानीकर्ताको हितमा प्रभावकारी कार्य गर्न पुँजी बजारको विषयमा ज्ञान भएको सक्षम नेतृत्वको खाँचो रहेको हामीले अनुभव गरेका छौँ,' ज्ञापनपत्रमा भनिएको छ ।

अर्थ मन्त्रालयबाट नियुक्त गरिने नेप्सेको प्रमुख कार्यकारी अधिकृत पुँजी बजारको विषयमा ज्ञान-सीप, व्यावसायिक क्षमता भएको नैतिकवान् साथै पुँजी बजारको विकास, लगानीकर्ताको हित संरक्षणमा प्रतिबद्ध र नेप्सेको पुनर्संरचना कार्य गर्न तथा गराउन सक्ने व्यक्तिलाई छनोट गरी पठाउन उनीहरूले माग राखेका हुन् ।

शुक्रबारदेखि खुम्बुमा व्यावसायिक उडान थालिने

स्थानीय र हेलिकोप्टर व्यवसायीको वार्ता अझै निष्कर्षमा पुग्न सकेन, सरकारसँग सुरक्षा मागेर नियमित उडान थाल्ने व्यवसायीको गृहकार्य

● **अनोजकुमार घिमिरे**, प्रजिअ, सोलुखुम्बु
वार्ता निष्कर्षमा पुगिसकेको छैन । खुम्बु पासाङ ल्हामु गाउँपालिकाले उद्धार, माउन्टेन फ्लाइट र कार्गोबाहेकका अन्य कमर्सियल प्रयोजनमा उडान गर्न नदिने अडान कायम राखेको छ ।

● **प्रतापजंग पाण्डे**, हेलिकोप्टर व्यवसायी
शुक्रबारदेखि उडान पूर्ववत् अवस्थामै गर्ने हो, नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)को अनुमति लिएर सरकारसँग सुरक्षा मागेर उडान नियमित गर्छौं ।

नवीन अर्याल/नयाँ पत्रिका

स्थानीयको अवरोधकै बिच हेलिकोप्टर व्यवसायीहरूले शुक्रबारदेखि सगरमाथा (खुम्बु) क्षेत्रमा व्यावसायिक प्रयोजनको हेलिकोप्टर उडान नियमित गर्ने भएका छन् । हेलिकोप्टर व्यवसायीले सरकारसँग सुरक्षा मागेर ४० दिनपछि खुम्बु क्षेत्रमा हुने सबै प्रकारका उडानलाई पहिलेकै अवस्थामा निरन्तरता दिने निर्णय गरेका हुन् ।

खुम्बु क्षेत्रमा रोकिएको व्यावसायिक हेलिकोप्टर उडान २ फागुनदेखि सुरु गर्न लागेको नेपाल वायुसेवा सञ्चालक संघका प्रथम उपाध्यक्ष प्रतापजंग पाण्डेले जानकारी दिए । पटक-पटक भएको स्थानीयसँगको वार्ता निचोडमा नपुगेपछि हेलिकोप्टर सञ्चालकले स्थानीय प्रशासनसँग सुरक्षा मागेर उडान नियमित गर्ने निष्कर्षमा पुगेको उनले बताए । खुम्बु क्षेत्रमा जथाभावी कमर्सियल उडान गर्न नदिने भन्दै स्थानीयले हेलिप्याडमा झन्डा गाडेर विरोध गरेपछि २१ पुसदेखि उडान ठप्प छ ।

जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुको संयोजकत्वमा केही समयअघि बसेको बैठकमा स्थानीयले हेलिप्याडमा गाडेको झन्डा हटाएपछि १५ माघदेखि उद्धार उडान सुरु गरिएको थियो । अर्को एक हप्ताभित्र वार्ता निष्कर्षमा पुग्ने र व्यावसायिक उडान पनि नियमित हुने भद्र सहमति थियो ।

सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) अनोजकुमार घिमिरे पनि हप्ताभित्र समस्या समाधान हुनेमा विश्वस्त थिए । तर, स्थानीय र हेलिकोप्टर सञ्चालकको आआफ्नै अडान कायम भएकाले सहमति हुन सकेको छैन ।

'अझै वार्ता निष्कर्षमा पुगेको छैन । खुम्बु पासाङ ल्हामु गाउँपालिकाले उद्धार, माउन्टेन फ्लाइट र कार्गोबाहेकका अन्य कमर्सियल प्रयोजनमा उडान गर्न नदिने अडान रोखेको छ,' सोलुखुम्बुका प्रजिअ घिमिरले भने, 'हामीले समस्या समाधानका लागि थप पहल गरिरहेका छौँ, जतिसक्दो चाँडो समस्या समाधान हुनेमा विश्वस्त छौँ ।'

पर्यटनको सिजन सुरु हुन लागेकाले लामो समय हेलिकोप्टर थन्क्याएर राख्न नसकिने कैलाश हेलिकोप्टरका सञ्चालकसमेत रहेका पाण्डेले बताए । 'शुक्रबारदेखि उडान पूर्ववत् अवस्थामै गर्ने हो, नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)को अनुमति लिएर सरकारसँग सुरक्षा मागेर उडान नियमित गर्छौं,' उनले भने । सोलुखुम्बु प्रशासनले पनि हेलिकोप्टर उडानमा अवरोध गर्नेलाई कारबाही गर्ने चेतावनी दिइसकेको छ ।

नर्सिङ केयर गिभरमा जापानले २० हजार नेपालीलाई लैजाने

मासिक दुई लाखसम्म तलब

नयाँ पत्रिका

जापानले नर्सिङ केयर गिभरमा २० हजार नेपालीलाई लैजाने भएको छ । नेपाल र जापानका कम्पनीले संयुक्त रूपमा सोमबार काठमाडौंमा एक कार्यक्रम आयोजना गरी 'नेपाल-जापान सेवा आदान-प्रदान कार्यक्रम'अन्तर्गत तीनदेखि पाँच वर्षमा २० हजार नर्सिङ केयर गिभरलाई लैजाने घोषणा गरिएको हो ।

जापानका जेन्काउ रिसर्च इन्स्टिच्युटका, कोजाई कोसन कर्पोरेसन प्रोग्रेसिभ स्टाफ एजेन्सी र नेपालका काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल साइन्स, सन एन्ड कम्पनी प्रालि र सन्दिपनी ग्रुप अफ एजुकेसनका प्रतिनिधिले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार सन्दिपनीले नर्सिङ केयरमा जनशक्ति पठाउने कम्पनीका कार्यकारी निर्देशक नरेश ओझाले बताए । उनका अनुसार १८ वर्षदेखि ४५ वर्षका व्यक्ति नर्सिङ केयर गिभरमा जान योग्य हुनेछन् । केयर गिभिरमा जान चाहने नेपालीका लागि नर्सिङ विषयको अध्ययन अनिवार्य गरिएको छैन । तर, जापानी भाषाको आधारभूत ज्ञान एन-फोर लेभलको भाषा परीक्षा उत्तीर्ण गरी तोकिएको सीप परीक्षणमा पास गर्नुपर्नेछ ।

भाषा परीक्षा र सीप परीक्षणमा उत्तीर्ण भएकालाई अन्तर्वार्तामार्फत जापानी कम्पनीले छनोट गर्ने पिएसएसका कार्यकारी निर्देशक चिजो मासुदाले बताए । यसरी छानिएकालाई नेपालमा नै केयर गिभरका लागि आवश्यक सूचना प्रविधि र एआईलगायतका तालिम प्रदान गरिनेछ ।

छानिएका नेपाली केयर गिभरलाई जापानी कम्पनी पिएसएस खाइगोले जापानका विभिन्न स्थानमा रोजगारी दिने सम्झौतामा उल्लेख छ । जापानमा केयर गिभरमा मासिक दुई लाख जापानी येनसम्म आम्दानी गर्न सक्ने कम्पनीको दाबी छ ।

> १८ देखि ४५ वर्षका व्यक्ति नर्सिङ केयर गिभरमा जान योग्य हुने, तर नर्सिङ विषयको अध्ययन अनिवार्य गरिएको छैन । जापानी भाषाको आधारभूत ज्ञान एन-फोर लेभलको भाषा परीक्षा भने उत्तीर्ण हुनुपर्छ ।

नेपाल र जापानबिच नेसन् २०१९ मा श्रम समझदारीपत्रमा हस्ताक्षर भएअनुसार निर्दिष्ट सीप भएका कामदार (एसएसडब्लू) प्रणालीमार्फत नेपाली नागरिकलाई जापानमा रोजगारीको अवसर दिने व्यवस्था गरिएको छ । एसएसडब्लूअन्तर्गत विभिन्न १४ वटा क्षेत्रमा कामदार जापान जान पाउँछन् । ती क्षेत्रमा नर्सिङ तथा स्याहार, भवन सरसफाइ र व्यवस्थापन, कच्चा माल उत्पादन उद्योग, औद्योगिक मेसिन उत्पादन उद्योग, इलेक्ट्रिक तथा एलेक्ट्रोनिक्स उद्योग, निर्माण, पानीजहाज निर्माण तथा मेसिनरी उद्योग, अटोमोबाइल मर्मत-सम्भार, उड्डयन, होटेलसम्बन्धी उद्योग, कृषि, मत्स्यपालन तथा अक्वाकल्चर, खाना तथा पेय पदार्थ उत्पादन र खाद्य सेवा उद्योग छन् ।

CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित
अनुसूची-१४

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को द्वितीय त्रैमासिक अवधिको लेखा परीक्षण नभएको (अपरिष्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण :
कम्पनीको हिसाब-किताबको लेखांकनअनुसार आर्थिक वर्ष २०८१/०८२ (२०२३/२०२४) को २०८१ कात्तिक १ देखि २०८१ पुस २९ (अक्टोबर १७, २०२४ देखि जनवरी १३, २०२५) सम्मको आर्थिक विवरण निम्नअनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको वासलात र नाफा-नोक्सानसम्बन्धी विवरण :
आर्थिक बर्ष २०८१/०८२ को कम्पनीको दोस्रो त्रैमासिक अवधिको लेखा परीक्षण नभएको तुलनात्मक वित्तीय विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ । यस दोस्रो त्रैमासिक समीक्षा अवधिसम्ममा सम्बन्धित पक्षहरूबिच कम्पनीको नियमित व्यावसायिक कारोबारबाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) कम्पनीको दोस्रो त्रैमासिक अवधिको लेखा परीक्षण नभएको वित्तीय विवरणका प्रमुख वित्तीय अनुपात :

विवरण	यस आ.व.को दोस्रो त्रैमासिक अवधि (पुस २९, २०८१ को अन्त्यमा)	अघिल्लो त्रैमासिक अवधि (असोज ३०, २०८१ को अन्त्यमा)	गत आ.व. को दोस्रो त्रैमासिक अवधि (पुस २९, २०८० को अन्त्यमा)
ऋण पुँजीको अनुपात	१.१९	१.२६	१.५५
सेयरधनीको सेयर पुँजी कोषको प्रतिफल	०.०४	०.०२	०.०५
प्रतिसेयर आम्दानी (रु)	४.३३	१.६६	४.१०
प्रतिसेयर नेटवर्थ (रु)	९९.७३	९७.०६	८९.०९
प्रतिसेयर कुल सम्पत्तिको मूल्य (रु)	२३८.८४	२३५.९०	२३९.१८
प्रतिसेयर बजार मूल्य (रु १००/-प्रतिसेयर) (रु)	८८३	९४८	९१५.६०
प्राइस अर्निङ रेसियो (टाईम्स)	२०३.७५	५६९.६५	२२३.४९
चालू अनुपात	२.६५	३.२२	३.१०

२. व्यवस्थापकीय विश्लेषण :
(क) आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रयमास अवधिसम्मको आर्थिक गतिविधि मध्यम रहेको छ । कम्पनीको पछिल्लो आ.व.को अवधिको तुलनामा कुल आयमा कमी आए तापनि नियन्त्रित खर्च प्रणालीमार्फत कुल नाफामा स्थिरतासहितको वृद्धि कायम रहेको छ ।
(ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्यांकअनुसार हवाईमार्गबाट यात्रा गर्ने पर्यटकहरूको आगमन संख्याको मासिक औसत वृद्धि हुँदै आएको छ । यसका साथै यस अवधिमा स्थलमार्गबाट विषेश गरी भारतीय र बंगलादेशका पर्यटकहरूको उल्लेख्य मात्रामा आवागमन भएको छ । यस किसिमको पर्यटकको आवागमन वृद्धिले आगामी दिनमा यस कम्पनीका सेवाको उपभोगमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ ।
(ग) यस चन्द्रागिरि हिल्सको मनोरम र अद्वितीय प्राकृतिक वातावरण तथा पर्यटकीय उपजहरूको विकास विश्व पर्यटन बजारमा कम्पनीको प्रचारप्रसारसहित कम्पनीको रिसोर्टको अनलाइन बुकिङ तथा केबलकार टिकट खरिद सेवालाई थप सहज बनाई ग्राहककेन्द्रित सेवा प्रदान गरिएको छ । कम्पनीबाट आन्तरिक पर्यटकहरूका लागि समय-समयमा विशेष छुटको प्याकेजहरूलाई निरन्तरता दिँदै कम्पनीका सेयरधनीहरूका लागि कम्पनीबाट प्रदान गरिने सम्पूर्ण सेवाहरूमा विशेष छुटको व्यवस्था र स्थानीय बासिन्दालाई समेत विशेष सहुलियत प्रदान गरिएको छ । यसका साथै बुधबारको दिनमा केबलकार टिकटमा सम्पूर्ण नेपालीका लागि १५ प्रतिशतको विशेष छुटको योजनासमेत यो अवधीबाट सञ्चालनमा ल्याइएको छ ।
घ) कम्पनीले केबलकार सेवालाई शतप्रतिशत सुरक्षित रूपमा सञ्चालन गर्नका लागि यस कम्पनीमा कार्यरत दक्ष कर्मचारीहरू प्रतिबद्ध भई अहोरात्र खटिरहहेका छन् । अकस्मात् आउने ससाना प्राविधिक समस्या समाधान गर्न अपनाउनुपर्ने सुरक्षाका उपायहरू तथा उपकरणहरूको सही प्रयोग गर्नका लागि कुनै समस्या रहेको छैन । साथै कम्पनीले सुरक्षा निकायसँग समेत समन्वय गरी विपद् लगायतका काममा सहकार्य गरिआएको छ ।
(ङ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सोको ब्याज तोकिएको समयमा भुक्तानी गरिँदै आइएको छ ।
(च) कम्पनीबाट रिसोर्ट परिसरमा पर्यटकहरूको सुविधा तथा आतिथ्यतलाई मध्यनजर गर्दै थप सुविधासहितका नयाँ संरचनाहरूको निर्माणका कार्य अगाडि बढाइएको छ ।

३. कानुनी कारबाहीसम्बन्धी विवरण :
(क) आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिसम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनीउपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।
(ख) आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा सञ्चालक वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।
(ग) आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिसम्ममा कम्पनीलाई कुनै संस्थापक वा सञ्चालकविरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको सेयर कारोबारसम्बन्धी विश्लेषण :
(क) सेयरको कारोबारमा हुने उतारचढाव खुला बजारले निर्धारण गरेको मूल्य र मान्यताअनुरूप निर्देशित हुने गरेको छ । सेयरको कारोबारसम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।
(ख) कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिमा प्रतिसेयर रु १००/का दरको सेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या देहायबमोजिम रहेको छ :

दोस्रो त्रैमासिक अवधि २०८१ पुस २९ (तदनुसार जनवरी १३, २०२५)	सेयर कारोबार-मूल्य (रु)			कुल सेयरको कारोबार-दिन र संख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कुल कारोबार सेयर संख्या
	१०११	८८३	८८३	५५	१७,८३६	१८,५४,३१२

५. समस्या तथा चुनौती :
(क) समस्या तथा चुनौती :
(अ) आन्तरिक
१. यस कम्पनीमा कुनै आन्तरिक समस्या नरहेको ।
(आ) बाह्य
१. अप्रत्याशित रूपमा आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरूको कारणवाट देशको आन्तरिक तथा बाह्य पर्यटन उद्योगमा पर्न सक्ने प्रभाव र सोबाट कम्पनीको कारोबारमा पर्ने असर ।
२. देशमा विद्यमान अस्थिर राजनीतिक वातावरणका कारण समग्र अर्थतन्त्रमा पर्न सक्ने प्रभाव ।
३. पर्यटकीय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र निर्माणाधीन कामको पनि सुस्त गतिका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव ।
४. देशको अस्थिर राष्ट्रिय नीतिहरू र विशेष गरी पर्यटकीय क्षेत्रमा पर्ने सक्ने प्रभाव ।
५. पर्यटन प्रवर्धनमा पर्यटनसम्बद्ध सरकारी र निजी क्षेत्रका निकायको Aggressive Promotion हुनुपर्नेमा निष्क्रियताका कारण कुनै गतिविधि नहुनु ।
६. आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु ।
७. विदेशी विनिमय दरमा आउने परिवर्तन ।

(ख) रणनीति :
क) कम्पनीप्रति आमजनमानसको सकारात्मक धारणा कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापनको कार्यकुशलता र समयसापेक्ष रूपमा अपनाइएका विभिन्न रणनीतिको परिणामस्वरूप स्वदेश तथा विदेशबाट भ्रमणमा आउने पर्यटकहरूको अघिल्लो समीक्षा अवधिको तुलनामा यस समीक्षा अवधिमा वृद्धि हुनुका साथै रिसोर्टमा बास बस्ने र विभिन्न गोष्ठी, सेमिनार सञ्चालन गर्न आउने व्यक्ति तथा संघ-संस्थाको संख्यामा निरन्तर वृद्धि भइरहेकाले यस किसिमको रणनीतिलाई निरन्तरता दिइनेछ ।
ख) कम्पनीमा उपलब्ध सबै पर्यटकीय सुविधाको सुविधाको उच्चतम उपयोग, सञ्चालन खर्चमा मितव्ययितासहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीको आम्दानीमा वृद्धि हुने गरी बजार व्यवस्थापनका काममा दिइएका उच्च प्राथमिकतालाई निरन्तरता दिइनेछ ।
ग) चन्द्रागिरि हिल्सको भ्रमणलाई हरेक व्यक्तिको जीवनको उत्कृष्ट र अविस्मरणीय पलका रूपमा स्थापित गराउने उद्देश्यका साथ विभिन्न गतिविधि सञ्चालन गएिको छ । आन्तरिक पर्यटकहरूका लागि रिसोर्टमा विभिन्न छुटहरूसहितका प्याकेजहरू प्रदान गर्ने कार्य निरन्तर भइरहेको छ । यस किसिमका प्याकेजका कारण आन्तरिक पर्यटकको आवागमनमा वृद्धि हुने अपेक्षा गरिएको छ । यस किसिमको रणनीतिलाई निरन्तरता दिइनेछ ।

६. संस्थागत सुशासन :
संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापनद्वारा चालिएका कदमसम्बन्धी विवरण देहायबमोजिम रहेका छन् :
(क) कम्पनीको लेखा परीक्षण उपसमितिले लेखा परीक्षक छनोट, लेखा परीक्षण गराउने र लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नका लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।
(ख) कम्पनीको आन्तरिक लेखा परीक्षण स्वतन्त्र आन्तरिक लेखा परीक्षकबाट गरिएको छ, आन्तरिक लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समितिसमक्ष पेस गर्ने गरी सोमाथि विस्तृत छलफल हुने गरेको छ ।
(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरूको पूर्ण परिपालनासहित अन्य प्रचलित ऐन तथा कानुनबमोजिम पूरा गर्नुपर्ने मापदण्डहरूको पूर्ण पालना गरिएको छ ।
(घ) कम्पनीको कर्मचारी विनियावली र नीति तथा आर्थिक नीति तयार गरी सोही नीतिभित्र रहेर सबै काम-कारबाही गरिआइएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन र लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

अनुसुची १
Chandragiri Hills Limited
Kathmandu, Nepal
STATEMENT OF UNAUDITED FINANCIAL RESULTS
As on Poush 29, 2081 BS (January 13, 2025)

Particulars	Upto This Quarter ending on Poush 29, 2081 BS (January 13, 2025) Unaudited	Upto Previous Quarter ending on Ashwin 30, 2081 BS (October 16, 2024) Unaudited	Corresponding Previous Quarter ending on Poush 29, 2080 BS (January 14, 2024) Unaudited
ASSET			
Non-Current Asset			
(a) Fixed Asset			
(i) Property, Plant and Equipment	2,997,732,842	2,984,141,902	3,009,126,423
(ii) Intangible Asset	4,176,233	4,255,189	2,852,421
(iii) Capital Work in Progress	7,579,814	-	13,289,367
(iv) Right of Use of Asset	43,948,057	43,033,874	43,033,874
(b) Long term Investment	315,700,000	315,700,000	315,700,000
Deferred tax asset			
Total of Non- Current Asset	**3,369,136,945**	**3,347,130,965**	**3,384,002,086**
Current Assets			
(a) Inventories	48,220,827	45,050,308	38,259,117
(b) Account Receivables	30,358,789	24,705,289	26,729,715
(c) Cash & Cash Equivalent	60,528,013	106,625,174	106,737,461
(d) Loans & Advances	121,008,979	70,186,651	88,319,633
(e) Other Current Assets	34,715,248	25,297,561	25,185,530
Total of Current Asset	**294,831,855**	**271,864,983**	**285,231,456**
Total Asset	**3,663,968,800**	**3,618,995,948**	**3,669,233,542**
EQUITY & LIABILITIES			
Equity, Reserve and Surplus			
(a) Share Capital	1,534,091,000	1,534,091,000	1,534,091,000
(b) Reserve and Surplus	(4,195,764)	(45,148,275)	(167,301,740)
Total Equity, Reserve and Surplus	1,529,895,236	1,488,942,725	1,366,789,260
Non- Current Liabilities			
(a) Long-term borrowings	1,822,850,826	1,879,664,578	2,116,602,136
(b) Deferred Tax Liabilites	147,444,531	113,949,883	43,914,615
(c) Lease Liability	52,533,776	52,075,024	50,006,632
Total of Non-Current Liabilities	**2,022,829,133**	**2,045,689,485**	**2,210,523,383**
Current Liabilities			
(a) Duties & Taxes	12,978,633	23,052,804	6,757,884
(b) Account payable	30,419,215	12,046,932	30,561,958
(c) Other Current Liabilities	67,846,583	49,264,002	54,601,056
Total of Current Liabilities	**111,244,431**	**84,363,737**	**91,920,899**
Total Equity and Liabilities	**3,663,968,800**	**3,618,995,948**	**3,669,233,542**

STATEMENT OF UNAUDITED PROFIT & LOSS FOR THE PERIOD ENDED on Poush 29, 2081 BS (January 13, 2025)

Particulars	Upto This Quarter ending on Poush 29, 2081 BS (January 13, 2025) Unaudited	Upto Previous Quarter ending on Ashwin 30, 2081 BS (October 16, 2024) Unaudited	Corresponding Previous Quarter ending on Poush 29, 2080 BS (January 14, 2024) Unaudited
Revenue from Operation	422,537,743	195,875,589	457,537,906
Cost of sales	55,521,567	26,210,605	57,259,484
Gross Income	**367,016,176**	**169,664,983**	**400,278,422**
Other Income	2,442,943	754,453	7,659,266
Expenses			
Employee Benefits Expenses	88,320,162	45,935,552	82,310,900
Administrative and Other Expenses	52,100,599	24,655,843	56,968,688
Total Expenses	**140,420,761**	**70,591,394**	**139,279,588**
Profit Before Interest, Depreciation and Tax	**229,038,358**	**99,828,042**	**268,658,100**
Finance costs	87,365,889	44,969,625	128,045,618
Profit Before Depreciation and Tax	**141,672,469**	**54,858,416**	**140,612,482**
Depreciation and Amortization Expenses	53,324,636	29,328,550	53,442,679
Profit before extra ordinary items and taxes	**88,347,832**	**25,529,867**	**87,169,803**
Extra ordinary item			
Profit before taxes			
Tax Expenses			
Current Tax			
Deferred Tax (Income)/Expenses	21,865,455		24,320,025
Profit (Loss) for the period from continuing operations	**66,482,377**	**25,529,867**	**62,849,778**
Profit /(Loss) from dis-continuing operations			
Tax expenses of dis-continuing operations			
Profit (Loss) for the period from dis-continuing operations			
Profit/(Loss) for the period	**66,482,377**	**25,529,867**	**62,849,778**
Earning per equity share:			
Basic Earning per share	4.33	1.66	4.10
Diluted Earning per share	4.33	1.66	4.10

साइपालमा एभेरष्ट बैंकको शाखा
७५३ स्थानीय तहमा बैंकिङ पहुँच

नयाँ पत्रिका

एभरेष्ट बैंकले आफ्नो शाखा विस्तारका क्रममा सुदूरपश्चिम प्रदेशको हिमाली जिल्ला बझाङको उत्तरपूर्व साइपाल गाउँपालिका- १ स्थित धलौनमा आफ्नो नयाँ शाखा सञ्चालनमा ल्याएको छ। उक्त शाखको उद्घाटन नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले गरेका हुन्। समारोहमा साइपाल गाउँपालिकाका अध्यक्ष मानवीर बोहरा, एभरेस्ट बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्य, प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ, नेपाल राष्ट्र बैंकका निर्देशक केशवबहादुर केसी, साइपाल गाउँपालिकाका सबै वडाका वडाध्यक्षहरू, एभरेष्ट बैंक सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख उज्ज्वल पोखेल, संघीय सरकार तथा स्थानीय संघ-संस्थाका प्रतिनिधि, बैंकका कर्मचारीलगायत स्थानीयवासीको उत्साहजनक उपस्थिति थियो।

२८ माघमा औपचारिक रूपमा उद्घाटित यो बैंकको १२९औँ शाखा कार्यालय हो। वित्तीय पहुँचबाट टाढा रहेको साइपाल गाउँपालिकामा बैंकको यो शाखा कार्यालय सञ्चालनमा आएसँगै अब देशका सात सय ५३ वटै स्थानीय निकायमा वाणिज्य बैंकको शाखा पुगेको छ।

यो पालिका भौगोलिक तथा पूर्वाधार विकासको हिसाबले पनि अति दुर्गम मानिन्छ। मोटरबाटोको समेत पहुँच नभएको तथा सात-आठ घण्टाको पैदल यात्रा गरी पुग्नुपर्ने यस पालिकामा शाखा कार्यालय खोली सञ्चालनमा ल्याउने कठिन तथा चुनौतीपूर्ण कार्य सफल भएको भन्दै गाउँपालिका अध्यक्ष बोहराले नेपाल राष्ट्र बैंक तथा साइपाल गाउँपालिकाप्रति धन्यवाद व्यक्त गरे।

देशको सम्पूर्ण पालिकामा बैंक तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने सरकारको महत्त्वपूर्ण अभियानलाई पूर्णता दिने गरी शाखा सञ्चालन गर्न सकेकोमा बैंकका सञ्चालक समिति अध्यक्ष वैद्यले खुसी व्यक्त गरे।

> वित्तीय पहुँचबाट टाढा रहेको साइपाल गाउँपालिकामा एभरेष्ट बैंकको शाखा कार्यालय सञ्चालनमा आएसँगै अब देशका सात सय ५३ वटै स्थानीय निकायमा वाणिज्य बैंकको शाखा पुगेको छ

गभर्नर अधिकारीले बैंकको यस शाखाको स्थापनासँगै संघीय राष्ट्रको सम्पूर्ण पालिकामा बैंक पुऱ्याउने सरकारी लक्ष्यले पूर्णता पाएको बताए। साथै, अब सानोतिनो बैंकिङ सेवाका लागि पनि सदरमुकाम धाउनुपर्ने साइपालवासीको बाध्यताको अन्त्य भएको बताए। अन्य सुविधा पनि बिस्तारै गाँसिँदै आउने र यस क्षेत्रको समग्र आर्थिक क्रियाकलापसमेत चलायमान हुने विश्वास व्यक्त गरे।

देशकै अग्रणी बैंकका रूपमा स्थापित यस बैंकको शाखा कार्यालय स्थापनासँगै अब यस क्षेत्रको आर्थिक गतिविधि बढ्न गई समग्र आर्थिक विकासमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ। हाल बैंकले देशैभर एक सय ३१ शाखा सञ्जाल, चार एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक ६७ एटिएमबाट सेवा दिँदै आइरहेको छ। साथै, विश्वव्यापी नेटवर्कबाट अत्याधुनिक मोबाइल, इन्टरनेट र एसएमएस बैंकिङ सुविधा प्रदान गर्दै आइरहेको यस बैंकले नेपाल सरकारको राजस्व संकलनका लागि ३२ वटा संकलन केन्द्रबाट सेवा दिँदै आइरहेको छ। यस बैंकले भारतको नयाँदिल्लीलगायत अन्य मुलुकमा पनि आफ्नो प्रतिनिधि कार्यालय स्थापना गरी सेवा प्रदान गर्दै आइरहेको छ।

शुक्रबारदेखि नेपाल एग्रिटेक, फुड एन्ड बेभरेज इन्टरनेसनल एक्स्पो हुँदै

काठमाडौं/ शुक्रबारदेखि सातौं नेपाल एग्रिटेक तथा नेपाल फुड एन्ड बेभरेज इन्टरनेसनल एक्स्पो आयोजना हुँदै छ। २ देखि ४ फागुनसम्म भृकुटीमण्डपमा आयोजना हुन लागेको एक्सो मिडिया स्पेस सोलुसन्स प्रालि, फ्युचरेक्स ट्रेड फेयर्स एन्ड इभेन्ट्स प्रालि तथा एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालिले संयुक्त रूपमा गर्न लागेका हुन्।

एक्स्पोमा नेपालभित्रका कृषि उद्यमी, व्यवसायीका साथै विदेशी व्यवसायी तथा कम्पनीका प्रदर्शनी स्टल रहनेछन्। प्रदर्शनीमा कृषिकर्मलाई सहज र किफायती बनाउन मद्दत पुऱ्याउने साना-साना औजार, मेसिनदेखि लिएर डेरी मेसिनरी तथा पशुपक्षीपालन उद्योगमा प्रयोग हुने उपकरणको प्रदर्शनी गरिनेछ। साथै, नेपालको कृषि क्षेत्रको यान्त्रिकीकरणमा सहयोग पुऱ्याउन यो प्रदर्शनी कोसेढुंगा साबित हुने आयोजकको विश्वास छ। प्रदर्शनीबाट नेपालको कृषि क्षेत्रलाई उपयुक्त हुने नवीनतम प्रविधि तथा सेवाको पहिचान गर्न मद्दत मिल्ने र तिनको प्रयोगद्वारा कृषि उत्पादन वृद्धि भई मुलुकलाई कृषिउपजमा आत्मनिर्भर बन्न टेवा पुग्ने बताइएको छ। एक्स्पोमा प्रवेश निःशुल्क गरिएको छ।

प्रदर्शनीमा कृषिका विभिन्न विधाजस्तै कुखुरापालन, माछापालन, बाख्रापालन, गाई-भैंसीपालन, डेरी, कृषिका मेसिनरी औजार, उपकरण, भेटेरिनरी, खाद्य प्रविधिबारे जानकारी प्राप्त गर्न सकिनेछ। मुख्य प्रदर्शनी स्थलमा सबै विधाका अलग-अलग समूह स्टल रहनेछन्। मेलामा अवलोकन गर्न आउनेले आफ्नो चाहना, आवश्यकता र चासोअनुसारको स्टलमा गएर सम्पूर्ण जानकारी लिन सक्ने गरी व्यवस्था मिलाइएको पनि आयोजकले जनाएको छ।

सन नेपालको वैदेशिक रोजगार बिमासम्बन्धी अन्तर्क्रिया

काठमाडौं/ सन नेपाल लाइफ इन्स्योरेन्सले क्वालालम्पुर, मलेसियामा रहेका नेपाली आप्रवासी कामदारलाई वैदेशिक रोजगार बिमासम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। इन्स्योरेन्सले मलेसियामा कार्यरत नेपाली आप्रवासी कामदारको वित्तीय सुरक्षाबारे सचेतना फैलाउने उद्देश्यले उक्त कार्यक्रम गरेको हो। कार्यक्रमका प्रमुख अतिथिका रूपमा मलेसियाका लागि नेपाली राजदूत डा. नेत्रप्रसाद तिमसिना रहेका थिए।

इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्यालले आप्रवासी श्रमिकको वित्तीय सुरक्षा, वैदेशिक रोजगार बिमा, दाबी भुक्तानी प्रक्रिया र यसका दीर्घकालीन लाभबारे प्रकाश पारेका थिए।

नेपाल लाइफ इन्स्योरेन्सको २१.०५ प्रतिशत लाभांश पारित

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सको २५औं वार्षिक साधारणसभाले लाभांश पारित गरेको छ। सभाले आव ०८०/८१ को वितरणयोग्य मुनाफाबाट सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम हाल कायम चुक्ता पुँजीको २१.०५ प्रतिशत लाभांश पारित गरेको हो। लाभांशका रूपमा १० प्रतिशत बोनस सेयर र करसहित ११.०५ प्रतिशत नगद लाभांश रहेको छ।

त्यसैगरी, सभाले सञ्चालक समिति अध्यक्ष गोविन्दलाल संघईले प्रस्तुत गरेको गत आवको वार्षिक कार्यप्रगति प्रतिवेदन छलफल गरी पारित गरेको छ। लेखा परीक्षकको प्रतिवेदनसहितको गत आवको वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलगायतका वित्तीय विवरण पनि छलफल गरी स्वीकृत गरिएको छ।

अध्यक्ष संघईले जीवन बिमा क्षेत्रमा कम्पनीको व्यावसायिक हिस्सा र गरिमालाई तमाम चुनौतीबिच अझै नयाँ उचाइमा अगाडि बढाउन संरचनात्मक सुधार, संस्थागत सुशासनको पूर्णपालना गर्ने प्रतिबद्धता जनाए। सभामा बोल्दै प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले गत वर्ष देखिएका चुनौतीलाई अवसरमा परिणत गरी हासिल गरिएका व्यावसायिक उपलब्धि र भावी योजनाबारे प्रकाश पारे।

नेसनल लघुवित्तको नाफा १०६.६२ प्रतिशतले बढ्यो

काठमाडौं/ नेसनल लघुवित्त वित्तीय संस्था लिमिटेडको नाफा चालू आवको दोस्रो त्रैमाससम्म शतप्रतिशतले बढेको छ। चालू आर्थिक वर्षको पुस मसान्तसम्ममा लघुवित्तले २१ करोड ५२ लाख रुपैयाँ खुद नाफा कमाएको छ। यो गत आवको सोही अवधिको तुलनामा १०६.६२ प्रतिशत बढी हो। गत आवको सोही अवधिसम्म लघुवित्तले १० करोड ४१ लाख रुपैयाँ खुद नाफा कमाएको थियो।

समीक्षा अवधिमा लघुवित्तको खुद ब्याज आम्दानी ८७.९६ प्रतिशतले बढेको छ भने खुद फी तथा कमिसन आम्दानी ३७.२५ प्रतिशतले घटेको छ। त्यस्तै, लघुवित्तको कुल सञ्चालन आम्दानी ४६.८७ प्रतिशत बढेको छ।

दोस्रो त्रैमाससम्म लघुवित्तको वितरणयोग्य मुनाफा २४ करोड १५ लाख रुपैयाँ रहेको छ भने वितरणयोग्य प्रतिसेयर आम्दानी ३२ रुपैयाँ ३४ पैसा रहेको छ। नाफासँगै लघुवित्तको प्रतिसेयर आम्दानी पनि बढेको छ। समीक्षा अवधिमा लघुवित्तको यस्तो आम्दानी १३ रुपैयाँ १२ पैसाले बढेर ३२ रुपैयाँ ३४ पैसा पुगेको छ। साथै, प्रतिसेयर नेटवर्थ २१९ रुपैयाँ ६७ पैसा रहेको छ भने मूल्य आम्दानी अनुपात ४०.९१ गुणा रहेको छ।

एक अर्ब ३३ करोड रुपैयाँ चुक्ता पुँजी रहेको यस लघुवित्तको जगेडा कोषमा एक अर्ब ५९ करोड रुपैयाँ सञ्चित छ। लघुवित्तले पुस मसान्तसम्ममा २२ अर्ब ४५ करोड रुपैयाँ निक्षेप तथा सापटीबाट २२ अर्ब नौ करोड रुपैयाँ कर्जा प्रवाह गरेको छ।

एसके इनर्जीको आइपिओ बिक्री प्रबन्धक सानिमा क्यापिटल

काठमाडौं/ एसके इनर्जी डेभलपमेन्ट लिमिटेडले निष्कासन गर्न लागेको सार्वजनिक प्राथमिक सेयर (आइपिओ)को निष्कासक तथा बिक्री प्रबन्धकमा सानिमा क्यापिटल नियुक्त भएको छ। सोसम्बन्धी सम्झौतामा एसके इनर्जीका अध्यक्ष वीरबहादुर राई र सानिमा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत भीष्मराज चालिसेले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

एस इनर्जीले प्रतिसेयर १०० अंकित दरमा २० करोड ८० लाख रुपैयाँबराबरको २० लाख ८० हजार कित्ता आइपिओ निष्कासन गर्ने बताइएको छ। कम्पनीले भोजपुर जिल्लाको षडानन्द नगरपालिका भएर बग्ने श्याम खोलाको पानीको बहाव सदुपयोग गरी ७.२ मेगावाट क्षमताको श्याम खोला जलविद्युत् आयोजना निर्माण गरिरहेको छ।

अर्बिट इनर्जीले आइपिओ जारी गर्ने, बिक्री प्रबन्धकमा कुमारी क्यापिटल

काठमाडौं/ अर्बिट इनर्जी लिमिटेडले आइपिओ जारी गर्ने भएको छ। कम्पनीले प्रतिसेयर १०० रुपैयाँ अंकितदर ५० लाख कित्ता सेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारणमा निष्कासन गर्न लागेको हो। कम्पनीको आइपिओ निष्कासक तथा बिक्री प्रबन्धकमा कुमारी क्यापिटल लिमिटेडलाई नियुक्त गरिएको छ। धितोपत्र निष्कासन गर्ने सम्झौतामा कम्पनीका तर्फबाट महाप्रबन्धक सुदीप खड्का तथा कुमारी क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरेका छन्।

कम्पनीले संखुवासभाको सभापोखरी गाउँपालिकास्थित साभाखोलाको पानी सदुपयोग गरी सभाखोला बी २१.५ मेगावाट र सभाखोला सी ६.३ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। आयोजनाको निर्माण कार्य ५५ प्रतिशत सम्पन्न भइसकेको कम्पनीले जनाएको छ।

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
ISO 9001:2015 UKAS MANAGEMENT SYSTEMS 0043
Certificate No. 42693

स्टार मल, चौथो तल्ला, पुतलीसडक, काठमाडौं, फो.नं.: ०१-४०१२६१३
फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np

Quarterly Financial Results for Second Quarter, F.Y. 2081/82 B.S.

CONDENSED CONSOLIDATED STATEMENT OF FINANCIAL POSITION

Fig in NPR.

Particulars	Unaudited At the end of this Quarter	Unaudited At the end of Immediate Previous Year
Assets:		
Goodwill & Intangible Assets	115,143	122,976
Property and Equipment	401,861,721	424,203,553
Investment Properties		
Deferred Tax Assets		-
Investment in Subsidiaries		
Investment in Associates		
Investments	107,262,552,277	100,302,577,745
Loans	21,968,263,682	22,216,594,678
Reinsurance Assets		
Current Tax Assets		277,197,028
Insurance Receivables	12,678,341	28,942,871
Other Assets	8,156,959	8,236,838
Other Financial Assets	3,389,529,479	3,269,414,425
Cash and Cash Equivalent	2,201,566,421	1,857,624,513
Total Assets	**135,244,724,023**	**128,384,914,628**
Equity:		
Share Capital	2,653,200,000	2,653,200,000
Share Application Money Pending Allotment		
Share Premium	61,151,801	61,151,801
Catastrophe Reserves	585,250,147	571,066,882
Retained Earnings	2,636,681,334	2,510,450,279
Other Equity	496,620,351	425,512,455
Total Equity	**6,432,903,633**	**6,221,381,417**
Liabilities:		
Provisions	60,000,898	51,722,288
Gross Insurance Contract Liabilities	127,585,502,377	120,281,030,011
Deferred Tax Liabilities	38,183,344	14,953,487
Insurance Payable	97,958,423	85,613,711
Current Tax Liabilities	119,675,106	-
Borrowings	-	-
Other Liabilities	346,514,709	584,689,562
Other Financial Liabilities	563,985,533	1,145,524,152
Total Liabilities	**128,811,820,390**	**122,163,533,211**
Total Equity and Liabilities	**135,244,724,023**	**128,384,914,628**

CONDENSED CONSOLIDATED STATEMENT OF PROFIT OR LOSS

Fig in NPR.

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Income:				
Gross Earned Premiums	4,886,225,344	9,459,942,970	4,152,547,735	8,663,145,362
Premiums Ceded	(29,471,194)	(54,753,604)	(18,961,928)	(38,544,130)
Net Earned Premiums	**4,856,754,150**	**9,405,189,366**	**4,133,585,807**	**8,624,601,232**
Commission Income	3,098,906	3,098,906	222,227	1,409,700
Other Direct Income	71,013,679	125,685,301	48,374,443	115,743,025
Interest Income on Loan to Policyholders	565,140,354	1,171,439,182	582,147,343	1,113,987,577
Income from Investments and Loans	2,437,795,250	4,980,445,471	2,273,206,827	4,562,697,266
Net Gain/(Loss) on Fair Value Changes	-	-	-	-
Net Realised Gains/(Losses)	-	-	-	-
Other Income	-	33,000	-	-
Total Income	**7,933,802,339**	**15,685,891,226**	**7,037,536,647**	**14,418,438,800**
Expenses:				
Gross Benefits and Claims Paid	3,159,172,522	5,819,421,428	2,554,007,638	5,256,979,667
Claims Ceded	-	(650,000)	(2,366,666)	(6,538,399)
Gross Change in Contract Liabilities	3,468,578,731	7,304,472,366	3,280,266,088	6,797,922,305
Change in Contract Liabities Ceded to Reinsurers	-			
Net Benefits and Claims Paid	**6,627,751,253**	**13,123,243,794**	**5,831,907,060**	**12,048,363,573**
Commission Expenses	369,056,309	656,414,511	354,642,756	660,938,232
Service Fees	36,425,656	70,538,920	31,004,923	64,684,509
Other Direct expenses	-	-	-	-
Employee Benefits Expenses	96,465,706	210,830,127	75,207,728	169,266,575
Depreciation and Amortization Expenses	17,326,366	26,143,166	4,467,289	9,172,837
Impairment Losses	-	-	-	-
Other Operating Expenses	90,706,284	147,994,835	86,532,477	143,116,055
Finance Cost	45,46,560	8,744,603	-	
Total Expenses	**7,242,278,134**	**14,243,909,956**	**6,383,762,233**	**13,095,541,781**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax	**691,524,205**	**1,441,981,270**	**653,774,414**	**1,322,897,019**
Share of Net Profit of Associates accounted using Equity Method				
Profit Before Tax	**691,524,205**	**1,441,981,270**	**653,774,414**	**1,322,897,019**
Income Tax Expenses	628,557,198	1,300,148,624	576,878,708	1,186,271,117
Net Profit/(Loss) For The Year	**63,000,007**	**141,832,646**	**76,895,706**	**136,625,902**
Earning Per Share				
Basic EPS		10.69		10.30
Diluted EPS		10.69		10.30

CONDENSED CONSOLIDATED STATEMENT OF OTHER COMPREHENSIVE INCOME

Fig in NPR.

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Net Profit/(Loss) For The Year	63,000,007	141,832,646	76,895,706	136,625,902
Other Comprehensive Income	(387,574,678)	69,689,570	25,565,038	(6,757,008)
Total Comprehensive Income	(324,574,671)	211,522,216	102,460,744	129,868,894

Disclosure as per Section 84(3) of Insurance Act, 2079

1 **Solvency Ratio related disclosure:**
The Solvency Ratio for the year ended Asadh 32, 2080 is declared as 3.7 which is above the requirements prescribed by Nepai Insurance Authority, the valuation for the FY 2080-81 is being submitted to NIA for approval.

2 **Reinsurance related disclosure:**
A. The Company currently has reinsurance arrangements with Nepal Re and Himalayan Re in Nepal and Hannover Re in Malaysia.
B. Reinsurance Premium ceded to the reinsurers up to FY 2023-24 has been already made, is in accordance with the directives issued by Nepal Insurance Authority (NIA) from time to time and as per the terms already agreed between the insurer and reinsurer.
बुटवल/ रुपन्देहीका उद्योगी-व्यवसायीले आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमा उद्योग क्षेत्र सुधारका लागि गरिनुपर्ने विषयलाई सुझावका रूपमा समेट्न नेपाल उद्योग परिसंघमार्फत सरकारलाई आग्रह गरेका छन्। आगामी बजेटमा समेट्नुपर्ने विषयमा परिसंघले सुझाव माग गरेपछि प्रदेश र जिल्ला तहमा रहेका उद्योगी-व्यवसायीले अनुत्पादक क्षेत्रमा लगानी बढाएर उत्पादनमूलक उद्योग प्राथमिकतामा नपारेको, चर्को ब्याजदरका कारण धराशायी भएको, सिंगो व्यवस्था नै उद्योगमैत्री नरहेको र कर्जा भुक्तानीमा पनि समस्या रहेको बताएका छन्।

रुपन्देही उद्योग संघका अध्यक्ष दिलीप सापकोटाले उद्योगीहरूले स्वदेशी लगानी वृद्धि हुँदा राष्ट्रिय अर्थतन्त्र मजबुत हुने हुँदा लगानीको वातावरणतर्फ ध्यान दिनुपर्ने धारणा राखेका छन्। उनीहरूले बैंक तथा वित्तीय संस्थाहरूले कम्तीमा ६० प्रतिशत लगानी उत्पादनमूलक क्षेत्रमा गर्नुपर्ने, महिला सुविधा कर्जा, युवा उद्यमशीलता कर्जा, पुनर्कर्जाजस्ता कर्जाहरू उत्पादनशील क्षेत्रमा प्राथमिकताका साथ दिनुपर्ने, उद्योग क्षेत्रमा गरिने ऋण लगानीको ब्याजदर १ अंकको हुनुपर्ने सुझाव दिएका छन्। त्यस्तै, उद्योगमा गरिने लगानीको ब्याजदर बेस रेटका आधारमा कायम गर्नुपर्ने, उद्योगीहरूले एलसी खोल्दा राख्नुपर्ने १० प्रतिशतसम्म मार्जिन नगद रकम विनाब्याज बैंकमा राख्नुपर्ने व्यवस्था अन्यायपूर्ण रहेको भन्दै हटाउनुपर्नेतर्फ पनि ध्यानाकर्षण गराएका छन्। कार्यक्रममा रुपन्देही उद्योग संघका अध्यक्ष दिलीप सापकोटाले उद्योगीहरूले स्वदेशी लगानी वृद्धि हुँदा राष्ट्रिय अर्थतन्त्र मजबुत हुने हुँदा लगानीको वातावरणतर्फ ध्यान दिनुपर्ने धारणा राखेका थिए।

परिसंघका लुम्बिनी प्रदेशका उपाध्यक्ष रामप्रसाद बस्यालले आगामी बजेटमार्फत सरकार र सम्बन्धित निकायलाई सुझाव दिन कार्यक्रम आयोजना गरिएको भन्दै कार्यक्रमबाट उठेका सबै विषय सम्बन्धित निकायमा पुर्‍याउने प्रतिबद्धता जनाएका छन्। आआफ्नो उद्योगको समस्याबारे उद्योगीहरू चन्द्रमान श्रेष्ठ, उपेन्द्र अग्रवाल, लिलबहादुर कार्की, निश्चल शर्मा, मेघराज भण्डारी, राजकुमार श्रेष्ठ, सूर्यबहादुर कार्की, कुसुम खनाललगायतले सुझाव राखेका थिए। उद्योग संघका प्रमुख कार्यकारी अधिकृत यादव भण्डारीका अनुसार कार्यक्रममा संघका द्वितीय उपाध्यक्ष हरिबहादुर खत्री, महासचिव हीरामणि भट्टराईलगायतले साना उद्योगीको भावनालाई समेट्नुपर्ने बताएका थिए।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय हेटौडा, मकवानपुरका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८१/१०/२९ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधी भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाई ऋणी, संचालक तथा जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं। आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौमा मिति २०७४/११/२८ मा दर्ता भई दर्ता नं. १८५४३९/०७४/०७५ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, हेटौडाबाट मिति २०७४/१२/१४ मा भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६७६०६५८ को प्रमाणपत्र प्राप्त **प्रिमियर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. । फर्मको ठेगाना :** मकवानपुर जिल्ला उ.म.न.पा. वडा नं. १, चौकिटोल।

संचालक तथा जमानतकर्ता : सुजन प्रसाद देवकोटा (ना.प्र.नं. ३११०२२/४२२२३, जारी मिति २०६३/१२/०४, प्रतिलिपि जारी मिति २०७५/०२/२२, जिल्ला प्रशासन कार्यालय, मकवानपुर)। ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ०१ (साविक मकवानपुर जिल्ला बसामडी गा.वि.स. वडा नं. ९)। बाबु : केदार प्रसाद देवकोटा। बाजे : टंक नाथ देवकोटा।	**जमानतकर्ता : केदार प्रसाद देवकोटा** (ना.प्र.नं. २०४०४, जारी मिति २०४९/०१/१८, जिल्ला प्रशासन कार्यालय, मकवानपुर)। ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ०१ (साविक मकवानपुर जिल्ला बसामडी गा.वि.स. वडा नं. ९)। बाबु : टंक नाथ देवकोटा । बाजे : नम नन्द देवकोटा।

धितो सम्पत्ति (सवारी साधन) को विवरण :
१. धनी प्रभु बैंक लि. ऋणी प्रिमियर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. भई नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, यातायात व्यवस्था विभाग, यातायात व्यवस्था कार्यालय, नारायणी अञ्चल, विरगंजमा दर्ता भएको ईन्जिन नं. JEHZ413834 र च्यासिस नं. MB1HTLFC2JREX3114 बनाउने कम्पनी Ashok Leyland कम्पनीको सवारी नं ना. ८ ख १२१६ को भाडा टिप्पर १
२. धनी प्रभु बैंक लि. ऋणी प्रिमियर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. भई नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, यातायात व्यवस्था विभाग, यातायात व्यवस्था कार्यालय, नारायणी अञ्चल, विरगंजमा दर्ता भएको, ईन्जिन नं. JEHZ100695 र च्यासिस नं. MB1HTLFC8JRDX3535 बनाउने कम्पनी Ashok Leyland कम्पनीको सवारी नं ना. ८ ख १२१७ को भाडा टिप्पर १

नोट : धितो वापत यस बैंकको नाममा रहेका माथि उल्लेखित सवारी साधन यस बैकमा वुझाउनु हुनसमेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

■ अन्तरजातीय विवाहमा राज्यको अत्याचार

गृहमन्त्री र प्रहरी प्रमुखमाथि छानबिनको माग

नयाँ पत्रिका

गृह मन्त्रालयकै निर्देशनमा अन्तरजातीय विवाह गरेका सत्येन्द्रकुमार राम र नेहा रौनियारको जोडीलाई प्रहरीले पटक-पटक पक्राउ गरी ज्यादती गरेको विषयमा सांसदहरूले सरकारसँग स्पष्ट जवाफ मागेका छन् । प्रतिनिधिसभाको आकस्मिक र शून्य समयमा बोल्दै सांसदहरूले जातीय विभेदजस्तो घटनामा मुछिएका गृहमन्त्री रमेश लेखकको राजीनामासमेत माग गरेका छन् ।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारले व्यवस्था फेरिए पनि राज्य संयन्त्रले दलितलाई हरेक वर्ष प्रताडित गरिरहेको बताए । सरकारले संविधान नमानेर दलितलाई हरेक वर्ष घातक र विक्षिप्त बनाएर अन्याय गर्ने गरेको उनको भनाइ थियो । 'राजनीतिक पार्टीहरूसँग त हाम्रो विश्वास टुटिसक्यो सभामुखज्यू,' उनले भने, 'यहाँले पनि विकृति विसंगतिविरुद्ध लड्नुभएको छ । यो संसद्मा हरेक वर्ष हुने दलितको नृशंस हत्या, जातीय हिंसाविरुद्ध सरकारलाई ठोस कानुन बनाएर समाधान दिन र जवाफ दिन माग गर्दछु,' रास्वपा प्रमुख सचेतक परियारले भने ।

सबैको प्रयत्नले व्यवस्था परिवर्तन भएको, संविधान निर्माण गरेको भए पनि अझै अन्तरजातीय विवाह गरेका कारण दलित मारिनुपर्ने, प्रेम गरेका कारण उठिबास लाग्नुपर्ने र राज्य संयन्त्र र संस्थान दलितका अधिकार कुल्चन प्रयोग हुनुपर्ने अवस्था विडम्बनापूर्ण भएको बताए । उनले घटनामा गृह मन्त्रालयको स्पष्ट जवाफको लागि रुलिङ माग गरे ।

सोमबार बसेको प्रतिनिधिसभा बैठक (बायाँ) र राष्ट्रिय सभा बैठक । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

जातीय विभेदको घटनाबारे प्रमुख सचेतक परियारको माइक काटिएपछि राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले आपत्ति जनाए । 'उमेर पुगेका जोडीलाई जसरी गृहमन्त्रीको आदेशमा प्रहरीले पक्राउ गर्दा संसद्मा विषयवस्तु उठ्दैगर्दा आधा बोल्न दिएर माइक काटिन्छ । विधिको शासनमा यस्तो हुँदैन, सभामुख महोदय,' उनले भने, 'सभामुखलाई अनुरोध गर्न चाहन्छु, सरकार जहिले पनि सत्ताको हुन्छ । संसद् जहिले पनि प्रतिपक्षीको हुन्छ । त्यसैले, गृहमन्त्रीलाई यो संसद्मा उभिएर जवाफ माग गर्नका लागि तपाईं हाम्रो अभिभावक हो, यो कुर्सीबाट रुलिङ गरिदिनुस् । होइन भने भोलि हतियार उठेर मान्छे दिनदहाडै मारिन खोजिए भने यसको जवाफ कसले दिने सभामुख महोदय ?'

शाहीले विधिको शासनमा जहिले पनि सरकार सत्तापक्षको, संसद् प्रतिपक्षको हुने भन्दै प्रतिपक्षीलाई बोल्न दिन सभामुखसँग माग गरे ।

रास्वपाकी सुमना श्रेष्ठले पनि जातीय विभेदको घटनामा गृहमन्त्रीले स्पष्ट जवाफ दिनुपर्ने माग गरिन् । 'हाम्रो माननीय सन्तोष परियारले सोधेको प्रश्नको म जवाफ चाहन्छु,' उनले भनिन् ।

रास्वपाकै शिव नेपालीले शक्तिको दुरुपयोग सत्ता र कुर्सीमा पुगेपछि कसरी हुँदोरहेछ भन्ने कुरा सत्येन्द्र र नेहा रौनियारको घटनाले छर्लंग भएको बताए । 'सरकार र गृहमन्त्रीले दलित समुदायप्रति गरेको ज्यादती तीन करोड नेपालीले हेरिरहेका छन् । यसको साक्षी मानव अधिकार आयोग छ,' उनले भने, 'यहाँ सत्ता र शक्तिको दुरुपयोग भएको छ । सभामुखमार्फत शक्तिको दुरुपयोग गर्नेलाई तत्काल कारबाही गर्न रुलिङ होस् ।'

माओवादी सांसद सुशीला सिर्पाली ठकुरीले सर्लाहीको अन्तरजातीय बिहे गर्ने जोडी र परिवार अझै असुरक्षित रहेको भन्दै राज्यले सुरक्षाको अनुभूति गराउनुपर्ने माग गरिन् । '२१औँ शताब्दीमा पनि मनुस्मृति सोच र व्यवहारद्वारा परिचालित गृहमन्त्री र प्रहरी प्रमुखलाई छानबिन गरी कारबाहीको दायरामा ल्याउन माग गर्दछु,' उनले भनिन् ।

राष्ट्रिय सभाको सोमबार बसेको बैठकको विशेष समयमा एकीकृत समाजवादीका घनश्याम रिजालले सर्लाहीको जोडीमाथि गरिएको राज्य अत्याचारको छानबिनका लागि संसदीय समिति गठनको माग गरेका छन् । 'सर्लाहीका सत्येन्द्र र नेहामाथि राज्यको संलग्नतामा जुन अत्याचार र दमन भएको छ, यो ६० लाख दलित समुदायमाथिको आक्रमण हो । यो घटनाले देशविदेशमा रहेका सचेत नेपालीहरूको शिर निहुराएको छ,' उनले भने, 'तसर्थ अध्यक्षज्यूमार्फत यो सदनसमक्ष घटनाको निष्पक्ष छानबिनका लागि संसदीय छानबिन समिति बनाउन माग गर्दछु ।'

■ गृहमन्त्रीको स्वीकारोक्ति : **मसँग कुरा आएपछि सहजीकरण गर्न प्रहरीलाई भनेको हुँ**

सत्येन्द्र र नेहाको अन्तरजातीय विवाहका सम्बन्धमा आफूकहाँ सम्बन्धित पक्षले कुरा ल्याएको गृहमन्त्री रमेश लेखकले आफूनिकट कांग्रेस सांसदहरूलाई सुनाएका छन् । त्यस्तो कुरा आएपछि प्रहरीलाई सहजीकरण गर्न भनेको उनले बताएका छन् । तर, जोडी छुट्याउने र पक्राउ गर्नमा आफ्नो भूमिका नरहेको उनको दाबी छ । यसअघि मन्त्री लेखकले आफूलाई घटनाको विषयमा जानकारी नै नभएको र भ्रामक समाचार बाहिर आएको भन्दै संसद्लाईसमेत ढाँटेका थिए । 'घटनाबारे सम्बन्धित व्यक्तिहरूबाट कुरा आएपछि के रहेछ, बुझ्नू र सहजीकरण गर्नू भनेर मातहतका निकायलाई निर्देशन मात्रै दिएको हुँ,' लेखकको भनाइ उधृत गर्दै एक कांग्रेस सांसदले भने, 'तर, छुटाउने वा प्रताडित गर्ने कुरा कल्पना गर्न सक्दिनँ, माननीयज्यूहरूले बुझिदिनुपर्‍यो ।'

एक व्यक्तिका...

पृष्ठ १ बाट क्रमशः

बनाउने काम भएको भन्दै सशस्त्र प्रहरीमा असन्तुष्टि चुलिएको छ । सशस्त्र प्रहरीमा हाल तीन डिआइजी, तीन एसएसपी, १५ एसपी, २५ डिएसपी र ७४ इन्स्पेक्टरको पद रिक्त छ । डिआइजीको बढुवा रोकिँदा रिक्त रहेका अन्य पदमा पनि बढुवा प्रक्रिया अवरुद्ध हुन पुगेको छ । सशस्त्रका प्रवक्ता डिआइजी कुमार न्यौपानेले भने बढुवा रोकिनुको कारणबारे आफूलाई जानकारी नभएको बताए । 'सायद गृहकार्य भइरहेको होला,' उनले भने ।

यसरी तीन महिनाभन्दा लामो समय पद रिक्त राख्नु अदालतको समेत अवहेलना हुने अवस्था छ । सर्वोच्च अदालतले ०७५ मा सुरक्षा निकायमा कुनै रिक्त रहेको तीन महिनाभित्र बढुवाबाट पदपूर्ति गर्न सरकारलाई परमादेश दिएको थियो । जुन परमादेश कार्यान्वयन नभएकाले अहिले अदालतको अवहेलना मुद्दा आकर्षित हुने अवस्था रहेको सशस्त्र प्रहरी अधिकारी बताउँछन् ।

नेपाल प्रहरीका पूर्वएसएसपी यादवराज खनालले दायर गरेको रिटमा सर्वोच्चका न्यायाधीशद्वय सपना प्रधान र डम्बरबहादुर शाहीको इजलासले भनेको छ, 'पदपूर्ति समिति वा बढुवा समिति र सोको पदाधिकारीको अकर्मण्यता कुनै पनि प्रहरी अधिकृत/कर्मचारीहरूको भाग्यमा प्रहार गर्ने संयन्त्र बन्न हुँदैन । बढुवा समितिले आफ्नो जिम्मेवारी समयमा पूरा नगर्दा प्रहरी संगठनले किटान गरेको लक्ष्य प्राप्ति पनि नहुने र संस्थाको हितको अनुकूल पनि नहुने हुँदा अब प्रहरी ऐन नियमअन्तर्गत बढुवाको सन्दर्भमा जिम्मेवार पदपूर्ति समिति र बढुवा समितिलगायतका निकायहरूले आफ्नो काम, कर्तव्य र अधिकारहरूको प्रयोग पूर्वतयारीका साथ क्यालेन्डर बनाएर कार्यतालिकाअनुसार आवश्यक सिफारिस वा सम्भाव्य उम्मेदवारका लागि प्रतिस्पर्धालगायतका आवश्यक प्रक्रिया अगाडि बढाई समयमा बढुवासम्बन्धी निर्णय गरी अनिवार्य रूपमा क्यालेन्डर पूर्ण रूपमा लागू गर्न नियमावलीले तोकेको अवधिमा नै बढुवासम्बन्धी कार्य सम्पन्न गर्नू-गराउनू भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।'

राजनीतिक हस्तक्षेपका कारण यो आदेश सशस्त्र प्रहरीमा कार्यान्वयन हुन सकेको छैन । माथिल्लो तहमा बढुवा हुने सम्भावना नभएपछि हालै सशस्त्र प्रहरी इन्स्पेक्टर र त्यसभन्दा तल्लो तहमा भने बढुवाको प्रक्रिया अघि बढाएको छ ।

बालिका बन्धक...

पृष्ठ १ बाट क्रमशः

भएको पुष्टि गरे । 'रेखा शर्माविरुद्धको मुद्दा नचल्ने निर्णय भएको हो । उक्त निर्णय उच्च सरकारी वकिल कार्यालयबाट पनि निर्णय भएर महान्यायाधिवक्ता कार्यालयमा पेस भएको सुनेको छु,' उनले भने ।

जिल्ला सरकारी वकिल कार्यालय स्रोतका अनुसार महान्यायाधिवक्ता कार्यालयको निर्देशनपछि जिल्ला सरकारी वकिल कार्यालयले शर्माविरुद्ध मुद्दा नचल्ने निर्णय लिएको हो । शर्मा दाङ तुल्सीपुर उपमहानगरपालिका- ५ की स्थानीय हुन् । उनको धुम्बाराहीमा निजी निवास छ । सोही निवासमा कक्षा ७ मा अध्ययनरत १४ वर्षीया बालिकालाई ६ वर्षदेखि बन्धक बनाई राखेकी थिइन् । बालिकाको काठमाडौं महानगरपालिकाले उद्धार गरेको थियो ।

महानगरपालिकाले घटना सार्वजनिक गरेपछि गत भदौमा संसद्मा हंगामा मच्चिएको थियो । महानगरका मेयर बालेन्द्र शाह 'बालेन'ले सामाजिक सञ्जालमार्फत शर्मालाई कारबाही गर्नसमेत भनेका थिए । दबाबपछि उनीविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमा मुद्दा दर्ता भएको थियो । तर, मुद्दा अदालतसम्म पुग्न सकेको थिएन । सरकारी वकिल कार्यालय सोही मुद्दा नचलाउने निर्णयमा पुगेको हो ।

ठुला र...

पृष्ठ १ बाट क्रमशः

संहिताअनुसार 'कुनै कसुरका सम्बन्धमा कुनै व्यक्तिका विरुद्ध मुद्दा चलाउन तत्काल संकलित सबुत प्रमाण पर्याप्त नभएमा' सरकारी वकिलले मुद्दा नचलाउने निर्णय गर्न सक्छ । यद्यपि, त्यस्तो कसुरमा 'कुनै व्यक्तिको निजी सम्पत्ति वा बिगो हानि-नोक्सानीसम्बन्धी देवानी दायित्वका विषयसमेत समावेश भएको रहेछ भने सरकारी वकिलले सोको सूचना जाहेरवाला वा त्यस्तो कसुरबाट पीडित व्यक्तिलाई सम्बन्धित अनुसन्धान अधिकारीमार्फत दिनुपर्ने' प्रावधान छ ।

सांसद चौधरी र उनका भाइ अरुण चौधरी बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गा हिनामिनामा मुछिएका छन् । तर, महान्यायाधिवक्ताले उनीहरूविरुद्ध मुद्दा नै नचलाउने निर्णय गरेका छन् । जग्गा फिर्ता हुने भएपछि उनीहरूविरुद्ध मुद्दा चलाउन नपर्ने दलिल महान्यायाधिवक्ता कार्यालयको छ ।

घटनामा संलग्न रहेको अभियोगमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले अरुणलाई गत वर्ष पक्राउ नै गरेको थियो । त्यसलगत्तै, उद्योगपति विनोद र वसन्त चौधरीसँग पनि सिआइबीले बयान लिएको थियो ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लले हडपिएको कसुर प्रमाणित भएको, तर प्रभावशाली व्यक्ति भएकै भरमा मुद्दा अभियोजन नहुनु आश्चर्य लाग्दो रहेको बताए । 'बाँसबारी छालाजुत्ता कारखानाको जग्गा हिनामिनामा कसुर भएको देखिन्छ । त्यही भएर नै प्रतिवादी जग्गा फिर्ता गर्न राजी भएको हुन सक्छ,' मल्ल भन्छन्, 'तर, उनीहरूविरुद्ध मुद्दा नचलाउने निर्णय भयो । कसुरमा संलग्न रहेका प्रभावशाली व्यक्तिविरुद्ध मुद्दा नचलाउने सरकारको निर्णयले सन्देश राम्रो प्रवाह हुँदैन ।'

जापानमा मानव तस्करी गरेको अभियोगमा कोशी प्रदेशका तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारी गत मंसिर २७ मा पक्राउ परे । घटनामा संलग्न रहेको भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंले उनीसहित १२ विरुद्ध मुद्दा अभियोजन गर्ने सुझावसहित सरकारी वकिल कार्यालय काठमाडौंमा अनुसन्धान प्रतिवेदन पेस गर्‍यो । तर, वकिल कार्यालयले अधिकारीविरुद्ध मुद्दा अभियोजन गरेन । बरु प्रलोभनमा फसेर उनीसँगै जापान उडेका तीन युवाविरुद्ध मुद्दा चल्यो । ओखलढुंगाकी ३७ वर्षीय गुठी राई परिचयपत्र फोटोकपी गरेकै कारण अहिले पनि तारेख धाइरहेकी छिन् ।

नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरेको अभियोगमा कांग्रेस सांसद तथा नोबेल मेडिकल कलेजका सञ्चालक डा. सुनील शर्मालाई सिआइबीले गत वर्ष पक्राउ गर्‍यो । तर, उनीविरुद्ध पनि मुद्दा नचलाउने निर्णय महान्यायाधिवक्ता कार्यालयले गर्‍यो । भारतीय कलेजको नक्कली शैक्षिक प्रमाणपत्रमा नेपालको कानुन आकर्षित नहुने व्याख्या गरेर शर्मालाई उन्मुक्ति दिइएको थियो ।

एमाले केन्द्रीय सदस्य ऐन महर कार्यकर्ता बलात्कारमा आरोपित भए । युवती जाहेरी लिएर काठमाडौं परिसर पुगिन् । तर, उनको जाहेरी नै दर्ता भएन । हारगुहार गर्दै उनी सरकारी वकिल कार्यालय काठमाडौं पुगिन् । त्यहाँबाट पनि अनुसन्धान प्रक्रियाका लागि आदेश भएन ।

त्यसपछि काठमाडौं परिसर र सरकारी वकिल कार्यालयविरुद्ध उनी रिट लिएर उच्च अदालत पाटन पुगिन् । गत ९ माघमा उच्चले मुद्दा दर्ता गर्न आदेश गरेको छ । तर, आदेश हालसम्म कार्यान्वयन भएको छैन ।

जिल्ला प्रहरी परिसरका प्रवक्ता एसपी अपिल बोहराले उच्चको आदेश अध्ययन गरेपछि थप भन्न सकिने बताए । 'उच्चको आदेशका सम्बन्धमा अध्ययन गरेर मात्रै भन्न सकिएला । मैले बुझेसम्म अदालतको आदेशमा मुद्दा नै दर्ता गर्नु भनेर प्रस्टसँग भनेकोजस्तो लाग्दैन । भाषा अरू नै प्रयोग भएकोजस्तो लाग्छ । यद्यपि, अध्ययन भइरहेको छ,' उनले भने ।

झुटा मुद्दा

पृष्ठ १ बाट क्रमशः

यत्रो अत्याचार गरे । हामी बम्बई जाँदा केही आधिकारिक-पत्रसहित आदेश गरिएको भए हामी आफैँ प्रहरीमा उपस्थित हुन्थ्यौँ । तर, विनाकागज, सिभिल ड्रेसमा गएर प्रहरीले जबर्जस्ती पक्राउ गर्‍यो, कुटपिट गर्‍यो । त्योभन्दा अत्याचार के हुन्छ ? ती दुवै प्रहरीलाई मात्रै होइन, उनीहरूलाई निर्देशन दिने आइजिपी र गृहमन्त्रीलाई पनि कानुनी दायरामा ल्याएर छानबिन गर्नुपर्छ । संलग्न देखिने सबैलाई कारबाही हुनुपर्छ । नत्र त भोलिका दिनमा समेत हामीमाथि जे पनि गर्न सक्छन् । हामीजस्तै अरूमाथि पनि यस्तो अन्याय नहोस् भन्नका लागि पनि दोषीलाई कारबाही गर्नुपर्छ ।

बिवाह दर्तापछि पनि बालविवाहको मुद्दा दर्ता गर्नेमाथि कारबाही होस् । एउटा अदालतमा विवाह दर्ता भइसकेपछि अर्को अदालतमा कसरी बालविवाहको मुद्दा दर्ता भयो ? अनि कागजात केही नहेरी कसरी धरौटी माग गरियो ? यो विषय सामान्य त होइन नि ! राज्यले गरेको खेलवाडले हाम्रो पढाइ दुई वर्ष क्षति भइसक्यो । हामीले पढाइ अगाडि बढाउन पाउनुपर्‍यो । भोलि बाटोमा हिँड्दा होस् कि केही गर्दा हामीलाई कुनै प्रकारको झमेला नहोस् । त्यसैले, तत्काल मात्रै होइन, दीर्घकालीन शान्तिसुरक्षा चाहियो । यसका लागि हामीमाथि अन्याय गर्नेहरूमाथि कारबाही हुनुपर्छ । प्रहरीहरू मेरो (नेहा) बुवाको खर्चमा बम्बईसम्म हामीलाई पक्राउ गर्न गएका छन् । उनीहरूले बुवाको करोडौँ सकाएका छन् । प्रहरीले अनुसन्धानका नाममा व्यक्तिको पैसा लिन मिल्छ ? यहाँ त मेरो बुवा पनि पीडित हुनुहुन्छ । प्रहरीले खोसेर लगेको सर्टिफिकेट र गरगहना अहिलेसम्म फिर्ता दिएको छैन । मानव अधिकार आयोगले बयानमा बोलाएर एसपी रुगम कुँवरलाई यसबारे सोधेको रहेछ । कुँवरले सर्टिफिकेट र गरगहना केटी (नेहा)को परिवारलाई दिएको बताएको भनेर हामीलाई आयोगका अधिकारीले भनेका छन् ।

तीन-चार महिनादेखि घर रित्तो थियो । आमा (गीतादेवी)विरुद्ध पनि बालविवाहको मुद्दा दायर भएपछि उहाँ पनि विस्थापित हुनुपरेको थियो । अहिले घर फर्किएर आउँदा धेरै कुरा बिग्रिएको छ । बत्ती, पानीको कललगायत सबै बर्बाद भइसकेको रहेछ ।

चौतर्फी...

पृष्ठ १ बाट क्रमशः

छानबिन गर्न सांसदहरूले संसद्मै आवाज उठाएका छन् भने अधिकारकर्मीहरूले उनीमाथि अनुसन्धानका लागि सरकारी वकिलको कार्यालयदेखि मानव अधिकार आयोगसम्म उजुरी दिएका छन् । चौतर्फी दबाब बढ्न थालेपछि आइजिपी कुँवरले इन्दललाई छोरा-बुहारी घर लैजान दबाब दिएका थिए । राष्ट्रिय मानव अधिकार आयोगले पनि सत्येन्द्रको परिवारलाई सुरक्षा दिन आइतबार मात्र प्रहरीलाई पत्राचार गरेको थियो । बुवा-आमासहित काठमाडौंबाट गाडी रिजर्भ गरेर गएका सत्येन्द्र र नेहालाई बरहथवा बजार पुगेपछि सर्लाही प्रहरीले स्कर्टिङ गरेर घर पुर्‍याएको थियो । सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरे, जिल्ला प्रहरी प्रमुख एसपी रवीन्द्रकुमार सिंह, सशस्त्र प्रहरीका एसपी विनोदराज खनाल, राष्ट्रिय अनुसन्धानका डिएसपी रामरिझन यादवलगायतको टोली घरमै पुगेर पूर्ण सुरक्षाको ग्यारेन्टी गरेको सत्येन्द्र र नेहाले बताएका छन् । सुरक्षाका लागि घरमा दुईजना प्रहरी खटाइदिएको पनि उनीहरूले बताए । तर, आफूहरूको शान्तिसुरक्षासँगै सर्लाही जिल्ला अदालतमा दर्ता भएको बालविवाहको झुटा मुद्दा खारेज तथा मुद्दा दर्ता गर्नेलाई कारबाही हुनुपर्ने, पटक-पटक पक्राउ गरेर कुटपिट गर्ने प्रहरी तथा उनीहरूलाई निर्देशन दिने आइजिपीदेखि गृहमन्त्रीसम्मका उच्च अधिकारीमाथि छानबिन गरेर दोषीलाई कारबाही गर्नुपर्ने उनीहरूको माग छ ।

सर्वोच्चको आदेश...

पृष्ठ १ बाट क्रमशः

सोमबार दायर निवेदनमाथि ५ फागुनको पेसी दिइएको सर्वोच्च प्रशासनले जनाएको छ । अदालतको अवहेलना मुद्दामा प्रधानमन्त्री र भूमि व्यवस्थामन्त्रीलाई पदमुक्तसमेत गर्न माग गरिएको छ ।

सरकारले फैसला कार्यान्वयनको साटो अध्यादेश ल्याई जग्गा सट्टापट्टा सहज बनाएको निवेदनमा दाबी छ । प्रधानमन्त्री ओली र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले गरेको कार्य सर्वथा अनुचित, गैरकानुनी तथा गैरसंवैधानिक मात्र नभई प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त कसुर भएको दाबी रिट निवेदक अधिवक्ता अर्यालको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अधिकारीसमेतको संलग्नतामा पछिल्लो सात महिनादेखि अनवरत रूपमा परमादेश कार्यान्वयनमा अवरोध हुँदै आएको निवेदनमा छ । प्रधानमन्त्री ओलीविरुद्ध रिट दर्ता नभएपछि नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई विपक्षी बनाइएको छ ।

'निज सम्माननीय प्रधानमन्त्रीज्यू तथा माननीय मन्त्रीज्यूको प्रत्यक्ष पहल तथा संलग्नतामा मिति २०८१/१०/२ मा सम्माननीय राष्ट्रपतिज्यू मार्फत कपटपूर्ण अध्यादेश (जस्तै दफा १२छ (३) को पछिल्लो वाक्य) जारीसमेत गराई फैसलाको प्रकरण नं. ३० मा उल्लिखित परमादेशको अवज्ञा गरी, गर्न लगाई सोको कार्यान्वयन नगर्ने, गर्न नदिने तथा प्रत्यक्ष अवरोध सिर्जना गर्ने गरी सर्वथा अनुचित, गैरकानुनी तथा गैरसंवैधानिक कार्य भएको छ,' निवेदनमा छ, 'नेपाल सरकारको नाममा प्राप्त गर्नुपर्ने अवस्थाका हदबन्दी छुटका जग्गासमेत बिक्री गरी निजी रूपमा हक हस्तान्तरण गर्न पाउने व्यवस्था गर्दा फैसलाको अवज्ञा भएको छ । उक्त कार्य प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त कसुरजन्य रहेको स्पष्ट देखिन्छ ।'

सर्वोच्च अदालतको संवैधानिक इजलासले हदबन्दीभन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोग नरहेको प्रत्यर्थी गिरीबन्धु टी इस्टेट प्रा.लि. का नाममा रहेको जग्गा नेपाल सरकारको नाममा प्राप्त गर्नू भने पनि कार्यान्वयन गराउनुको साटो बदनियतपूर्वक अवज्ञा गरेको, फैसला कार्यान्वयन हुन नदिएको तथा अवरोध खडा गरेको निवेदकको दाबी छ ।

निवेदनमा अर्यालले भनेका छन्, 'सर्वोच्च अदालतको फैसलाबमोजिम नेपाल सरकारको नाममा फिर्ता ल्याउनुपर्ने भनिएका जग्गा फिर्ता गरी नल्याइएको तथा सर्वोच्च कार्यकारी अधिकारको दुरुपयोग गरी सर्वोच्च अदालतको फैसलाबमोजिम फिर्ता ल्याउने प्रक्रियामा अवरोध गरिएको तथ्य विद्यमान छ । यस कार्यले न्यायपालिकाको औचित्यमाथि समेत गम्भीर चुनौती दिएको प्रतित हुन्छ ।'

यस्तो कार्य संवैधानिक नैतिकताको उल्लंघनसमेत भएकाले सर्वोच्चमा निवेदन पेस गरेको अधिवक्ता अर्यालले निवेदनमा उल्लेख गरेका छन् । 'अनुचित स्वार्थसिद्धिको लागि सर्वोच्च कार्यकारी पदमा आसीन व्यक्तिले संविधान, संवैधानिक लोकतन्त्र तथा स्वतन्त्र न्यायपालिकाको उपहास गरेको कार्य क्षम्य हुन सक्दैन । राज्यका प्रमुख पदाधिकारी स्वयं संवैधानिक प्रणाली दुर्घटनाउन्मुख बनाउने कार्यमा संलग्न हुनु संविधानविरुद्धको कसुर हुन सक्छ,' अर्यालको निवेदनमा छ ।

सरकारले हालै ल्याएको भुमीसम्बन्धि अध्यादेशले भूमाफियालाई फाइदा हुने भन्दै चर्को आलोचना भइरहेको छ । यसमा घरजग्गा व्यवसायको नाममा हदबन्दीभन्दा धेरै जग्गा पनि बिक्रि गर्न पाइने प्रावधान छ । त्यो प्रावधान सर्वोच्चको परमादेशको प्रतिकूल भएको अर्याल बताउँछन् । 'घरजग्गा व्यवसायका लागि भनेर हदबन्दी छुटमा लिएकाले जग्गा बेच्न पनि पाउने प्रावधान छ,' उनी भन्छन्, 'यो विषय सर्वोच्चको परमादेशसँग बाझियो, प्रयोजनअनुसार प्रयोग गरिएको छैन भने त्यो सरकारलाई फिर्ता गर्नुपर्छ भन्ने फैसलामा छ । फैसलाविपरीत अध्यादेश आएकाले रिट दायर गरेको हुँ ।'

प्रधानमन्त्रीको नाम राखेको भन्दै रिट दरपीठ

प्रधानमन्त्री केपी ओलीको नामै किटेर निवेदन ल्याएपछि सर्वोच्च प्रशासनले उक्त निवेदन दर्ता गर्न मानेको थिएन । यसअघिको रिटमा विपक्षीमा प्रधानमन्त्रीको नाम नरहेको भन्दै सहरजिस्ट्रार अच्युत कुइँकेलले सोमबार नै उक्त रिट दरपीठ गरेका थिए । '...अदालतको अवहेलनामा कारबाही गर्नका निमित्त निवेदन दिएकोमा...रिट निवेदनमा उल्लेखित विपक्षीबाहेकका व्यक्ति/पदाधिकारीसमेतलाई अदालतको अवहेलनामा कारबाही गरिपाऊँ भनी निवेदन गरेको देखिँदा प्रस्तुत निवेदन दर्ता गर्न मिलेन,' कुइँकेलको दरपीठ आदेशमा छ ।

जसपछि पुनः ओलीको नाम हटाएर अर्यालले रिट दर्ता गराएका हुन् । '...अदालतको अवहेलना संस्थाले नभई व्यक्तिले गरेको कसुर भएको हुँदा यथाशक्य व्यक्ति यकिन गरी प्रत्यर्थी कायम गर्नुपर्ने वा सोबमोजिम दायर भएको निवेदन दर्ता गरिनुपर्नेमा सर्वोच्च अदालत प्रशासनको अभ्यासमा भने एकरूपता नभएको देखिन्छ । प्रधानमन्त्री तथा मन्त्रीज्यूलाई प्रत्यर्थी कायम गरी दर्ता गर्न पेस गरेको पूर्ववत् निवेदन सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री अच्युत कुइँकेलज्यूबाट दरपीठ भएको हुँदा आवश्यक संशोधनसहित प्रस्तुत निवेदन पेस गरेको छु,' अधिवक्ता अर्यालको निवेदनमा छ ।

Madhesh Province
Ministry of Forest and Environment
Forest Research and Training Center
Sagarnath, Sarlahi
Madhesh Province

Invitation for Bids

First date of Publication: 2080/10/29

S. N.	Contract No	Description Of Work	Bid Security Amount	Estimated Amount (with vat)	Bid Validatity Period	Payment Of Non Refundable Amount
1	NCB-FRTC-works -01- 2081/082	Construction of Lab Work.	1,20,000.00	47,54,479.88	90 Days	3000.00

Rajaswa Account Detail :
Bank Name : Nepal Bank Ltd., Malangawa, Sarlahi
Office Name : Ban Anusandhan tatha Prashikxan Kendra
Account Number : **27102000001001000001**
Office Code **: 329021013**
Revene Head **: 14229**
Daurati Account Detail :
Bank Name : Nepal Bank Ltd., Malangawa, Sarlahi
Office Name : Ban Anusandhan tatha Prashikxan Kendra
Account Number : **02902000002003000001**
Office Code **: 329021013**
For Further Detail Please Visit PPMO's Website www.bolpatra.gov.np/egp

Forest Officer

Bandipur Rural Municipality
Office of the Rural Municipal Executive
Bandipur, Tanahun
Gandaki Province, Nepal

Invitation for Electronic Bids

First Date of Publication: 2081/10/29 (11-02-2025)

1. The Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following Works under National Competitive Bidding Procedure:

S.N.	Contract ID No.	Name of Project	Exclusive of VAT and Contingencies	Bid Security Amount (NRs.)	Fee for Bid Document (NRs.)	Last Date of Bid Submission	Bid Opening Date and Time
1.	BRM/NCB/ WORKS/13/2081/082	Bandipur Ring Road & Road from Bandipur to Resham Kheti	21,61,920.13/-	62,500.00/- (Validity 120 days)	3000/-	16-03-2025, 12:00	16-03-2025, 13:00

2. Bidder must submit tax clearance of F/Y: 2080/81.
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun or PPMO'S websitewww.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
नयाँ पत्रिका

अपराजित अत्तरियाले जित्यो अर्जुन ट्रफी

धनगढीमा तेजराज भट्ट

सिवाइसी अत्तरियाले अर्जुन ट्रफी राष्ट्रिय टी-२० च्याम्पियनसिपको उपाधि जितेको छ। धनगढीको फाप्ला रंगशालामा सोमबार भएको फाइनलमा अत्तरियाले फ्रेन्ड्स युथ क्लब डडेलधुरालाई ३४ रनले हराउँदै उपाधि हात पारेको हो। पहिलो ब्याटिङ गरेको अत्तरियाले २० ओभरमा ११९ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा डडेलधुराले १८ ओभरमा सबै विकेट गुमाएर ८४ रन मात्र बनाएको थियो। मध्यम लक्ष्य रक्षा गर्ने क्रममा अत्तरियाका साहब आलमले घातक बलिङ गरेका थिए।

आलमले आठ रन खर्चेर तीन विकेट हात पारे। प्रतियोगितामा राष्ट्रिय टोलीका ओपनर कुशल भुर्तेल उत्कृष्ट ब्याट्सम्यान र बलर घोषित भए। यसैगरी, म्यान अफ दी सिरिज विवेक यादव र उदीयमान खेलाडी हिकमत महरा भएका छन्। म्यान अफ दी सिरिज भएका विवेकले प्रतियोगितामा १५२ रन बनाउनुका साथै १० विकेट हात पारेका थिए।

उपाधि भिडन्तमा मध्यम योगफल

यसअघि स्तरीय ब्याटिङ गरेको अत्तरियाले फाइनलमा डडेलधुराविरुद्ध कमजोर प्रदर्शन गर्‍यो। इनिङ्सका दोस्रो बलमै ओपनरलाई गुमाएको अत्तरियाका लागि रासिद खानले सर्वाधिक ३१ रनको योगदान दिए। उनले २१ बलमा एक चौका र तीन छक्का प्रहार गरे। कप्तान सन्तोष कार्कीले २३ बलमा तीन चौकाको सहयोगमा २० रन जोडे। शंकर रानाले २१ बलमा दुई चौका र एक छक्का प्रहार गरी २० रन बनाए। सन्तोष र शंकरबिच दोस्रो विकेटका लागि ४० रनको साझेदारी भएको थियो।

मध्यक्रममा दीपेश कँडेल र भीम सार्कीले सोचेजस्तो योगदान दिन सकेनन्। भीमले ११ बलमा १० रन तथा दीपेशले नौ बलमा सात रन बनाए। त्यसपछि विवेक र रासिदबिच गतिलो साझेदारी भएको थियो। यसबाहेक अन्य ब्याट्सम्यानले दोहोरो रनमा अंक बनाउन सकेनन्। बलिङमा अभिषेक गौतमले कसिलो बलिङ गर्दै १५ रनमा चार विकेट लिए। गौतमले महत्त्वपूर्ण विकेट लिएका कारण नै अत्तिरियाले डडेलधुरालाई मध्यम योगफल दिएको हो। कुशल भुर्तेलले ३४ रनमा एक तथा अजय चौहानले १३ रनमा एक विकेट हात पारे।

दिपेश र आलमले लिए समान तीन विकेट

अत्तरियाका लागि दुई बलरले उत्कृष्ट बलिङ गरेका थिए। ओपनर बलरद्वय दिपेश कँडेल र साहब आलमले समान तीन विकेट हात पारे। दिपेशले १४ रन तथा साहबले आठ रन दिए। सहावले एक मेडन राखे। यसैगरी कलम गुप्ताले २२ रनमा दुई विकेट हात पारे। विवेकले १२ रनमा दुई विकेट लिए। डडेलधुराको ब्याटिङमा ओपनर भुर्तेलले २२ बलमा दुई चौकाको सहयोगमा २० रन बनाए। गजेन्द्र बोहराले २८ बलमा २४ रन जोडे। कप्तान सन्दीप जोराले पाँच तथा अशोक धामीले ११ रन बनाए।

डडेलधुरालाई ३४ रनले हराउँदै च्याम्पियन बनेको सिवाइसी अत्तरिया

अर्जुन ट्रफीमा चम्किए भुर्तेल

पछिल्लो समय खराब फर्ममा रहेका कुशल भुर्तेलको अर्जुन ट्रफीमा अलराउन्ड प्रदर्शन

पछिल्लो केही समययता राष्ट्रिय टोलीका ओपनर भुर्तेलको प्रदर्शन एकनास हुन सकेको थिएन। गत पुसमा सम्पन्न नेपाल प्रिमियर लिगमा समेत उनको प्रदर्शन औषत रह्यो। तर, धनगढीमा भएको अर्जुन ट्रफीमा उनको प्रदर्शन असाधारण रह्यो। यद्यपि, ब्याटिङ, फिल्डिङ र बलिङमा समानान्तर रूपमा टोलीलाई योगदान दिएका भुर्तेलले फाइनलमा भने जित दिलाउन सकेनन्।

प्रतियोतिगामा सर्वाधिक रन तथा विकेट लिने सूचीमा उनी शीर्ष स्थानमा रहेका छन्। उनले पाँच खेलमा एक अर्धशतकीय इनिङ्सको मद्दतमा १६८ रन बनाए। यसैगरी बलिङमा उनले पाँचै इनिङ्समा १३ विकेट लिए। प्रतियोतिगामा एक इनिङ्समा धेरै रन बनाउनेमा उनी नै अगाडि रहे। उनले धनगढीविरुद्ध ५१ बलमा नौ चौका र पाँच छक्का प्रहार गरी ८७ रनको योगदान दिए। यस प्रतियोगिताबाट भुर्तेलले आफू अलराउन्ड खेलाडीका रूपमा चिनाएका छन्।

धेरै विकेट लिने बलर

बलर	टोली	खेल	इनिङ्स	विकेट
कुशल भुर्तेल	डडेलधुरा	५	५	१३
कमल गुप्ता	अत्तरिया	५	५	१२
विवेक यादव	अत्तरिया	५	५	१०
साहब आलम	अत्तरिया	५	५	८
दिपेश कँडेल	अत्तरिया	५	५	८

धेरै रन बनाउने ब्याट्सम्यान

खेलाडी	टोली	खेल	इनिङ्स	रन
कुशल भर्तुेल	डडेलधुरा	५	५	१६८
भीम सार्की	अत्तरिया	५	५	१५९
विवेक यादव	अत्तरिया	५	५	१५२
शंकर राणा	अत्तरिया	५	५	१६४
लोकेश बम	डडेलधुरा	४	४	११०

एनओसीको बैंक खाता रोक्का गर्न पत्राचार

नयाँ पत्रिका

खेलकुद मन्त्रालयले नेपाल ओलम्पिक कमिटी (एनओसी) को बैंक खाता रोक्का र वैदेशिक भ्रमण रोक्न सम्बन्धित निकायमा पत्राचार गरेको छ। मन्त्री तेजुलाल चौधरीले अर्थ र गृह मन्त्रालयलाई एनओसीको बैंक खाता रोक्का र पदाधिकारीहरूलाई विदेश भ्रमणबाट रोक्न पत्र पठाएको जानकारी दिएका छन्। 'एनओसीले चलाउँदै गरेको सबै खाता रोक्का र पदाधिकारीलाई विदेश भ्रमणमाथि पूर्ण रूपले रोक्न गृह मन्त्रालयमा पत्र पठाइसकेका छौँ,' मन्त्री चौधरीले सोमबार एनएसजेएफको २९औँ वार्षिकोत्सवमा बताए।

राष्ट्रिय खेलकुद परिषद्को गत ३ माघमा बसेको ११८औँ बोर्ड बैठकले सर्वोच्च अदालत र सरकारको निर्णयविरुद्ध निर्वाचन गरेको एनओसीका सम्पूर्ण बैंक खाता र पदाधिकारीहरूलाई वैदेशिक भ्रमणमाथि रोक लगाउने निर्णय गरेको थियो। गत साता राखेपको ३३औँ कार्यकारी समितिले पनि बैंक खाता रोक्का गर्ने निर्णय गरेको थियो।

मन्त्री चौधरीले अर्थ र गृह मन्त्रालयले एनओसीविरुद्ध छिट्टै काम गर्ने बताए। 'हामीले एनओसी निर्वाचन अवैध रहेको भन्दै आएका छौँ, प्रशासनिक काम रोक्न हामीले एनओसीको भवनमा हुने कार्यक्रम रोक्ने प्रयास गरौँ, प्रहरी खटाएर रोक लगाएको थियो,' उनले भने। यसअघि मन्त्रालय र राखेपले विभिन्न निर्णय गरे पनि सम्बन्धित निकायमा कार्यान्वयनका लागि पत्र पठाउन सकेको थिएन। 'अब केही समयपछि निर्णय कार्यान्वयन हुने आशा छ,' चौधरीले भने। उनले पुनः एकपटक अदालतको निर्णयविरुद्ध गरेको निर्वाचन मान्य नहुने दोहोर्‍याएका छन्। 'सर्वोच्च अदालतको आदेश र सरकारको निर्देशकविरुद्ध कार्य गर्नेविरुद्ध हामी डराउनेछैनौँ,' उनले भने, 'यस विषयमा नडराउने र मन्त्रालयले खुट्टा नकमाउने पनि स्पष्ट पार्न चाहन्छु।' कानुनको पालना गराउन अग्रसर छौँ।'

नेपाल ओलम्पिक कमिटीको बैंक खाता रोक्का गर्न र पदाधिकारीको वैदेशिक भ्रमण रोक्न खेलकुद मन्त्रालयले गर्‍यो अर्थ तथा गृह मन्त्रालयमा पत्राचार

आइओसी र ओसिएले दिएका छैनन् मान्यता

गत १३ पुसमा अनलाइन भोटिङबाट जीवनराम श्रेष्ठ लगातार तेस्रोपटकका लागि अध्यक्षमा निर्वाचित भएका थिए। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) र ओलम्पिक काउन्सिल एसिया (ओसिए)ले एनओसीको निर्वाचनलाई मान्यता प्रदान गरेका छैनन्।

अन्तर्राष्ट्रिय खेलकुदका दुवै प्रमुख निकायले एनओसीको निर्वाचनमा भएका घटनाक्रमलाई नजिकबाट आफूहरूले नियालिरहेको र तत्काल केही निर्णय नगरेको स्पष्ट पारेका छन्। यद्यपि, एनओसीका पदाधिकारीहरूले भने आइओसी र ओसिएले मान्यता नदिएको भन्ने विषय बारे केही प्रतिक्रिया नदिएको दावी गरेका छन्।

भण्डारी र सापकोटा सम्मानित

काठमाडौं/ एनएसजेएफ अग्रज खेलकुद पत्रकारिता वरिष्ठ पत्रकार श्रीविक्रम भण्डारी र सुमन भोम्जन स्मृति युवा खेल पत्रकारिता अवार्ड विनयज्योति सापकोटाले पाएका छन्। नेपाल खेलकुद पत्रकार मञ्चले सोमबार २९औँ स्थापना दिवसको अवसरमा मेरोखेलडटकमका सम्पादक भण्डारी र कान्तिपुर टेलिभिजनका सापकोटालाई सम्मान गरेको हो।

पछिल्लो एक दशकदेखि मञ्चले यो अवार्ड गर्दै आएको छ। खेलकुदमन्त्री तेजुलाल चौधरी र राष्ट्रिय खेलकुद

परिषद्का सदस्यसचिव टंकलाल घिसिङलगायतले भण्डारीलाई २५ हजार रुपैयाँ प्रदान गरेका थिए। सुदूरपश्चिमको डडेलधुरामा जन्मिएका भण्डारीले २०४४ देखि खेलकुद पत्रकारिता गर्दै आएका छन्। युवा पत्रकार सापकोटाले ल्यापटप पाएका छन्। उनी ६ वर्षयता खेलकुद पत्रकारितामा सक्रिय छन्।

भण्डारीले तीन दशकअगाडि आफूहरूले स्थापना गरेको संस्थाबाट सम्मानित हुन पाउँदा खुसीको सीमा नै नरहेको बताए। एनएसजेएफका कार्यवाहक अध्यक्ष निरञ्जन अधिकारीले खेलकुद पत्रकारिताको व्यावसायिक स्तरोन्नतिका लागि गरिने विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन भइरहेको बताए।

खेल संक्षेप

रेडियन्ट र ह्वाइटफिल्ड अन्तिम आठमा

काठमाडौं/ रेडियन्ट पब्लिक र ह्वाइटफिल्ड ११औँ एक्सेल्सियर कपअन्तर्गत बास्केटबलको सिनियर पुरुषमा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। रेडियन्टले निसर्ग वाटिकालाई ५४-३७ ले पराजित गर्‍यो। अर्को खेलमा ह्वाइटफिल्डले रेडियन्ट रिडर्सलाई २७-२१ ले हरायो। सिनियर पुरुषमा भ्याली भ्युले पिपुल्स एकेडेमीलाई ३३-१९ तथा एलआरआईले स्वर्णिमलाई ४०-३९ ले पाखा लगाउँदै अन्तिम आठको स्थान पक्का गरेका छन्।

सिनियर पुरुषमा क्वार्टरफाइनल समीकरण पूरा भएको छ। आयोजक एक्सेल्सियरले होली भिजनको सामना गर्नेछ। एलआरआई र निसर्ग वाटिकाबिच खेल हुनेछ। अर्को क्वार्टरफाइनलमा भ्याली भ्युले ह्वाइटफिल्डविरुद्ध खेल्नेछ। सिनियर महिलामा रिब्सले द चाँदबागमाथि ३०-६ को सहज जित दर्ता गर्दै अन्तिम आठको स्थान पक्का गर्‍यो। यसैगरी, एक्सेल्सियर कपअन्तर्गत पुरुष फुटसलको यू-११ मा एक्सेल्सियरले एलआरआईलाई ४-१ ले पराजित गरी क्वार्टरफाइनलमा प्रवेश गरेको छ। यू-११ मा चाँदबागले न्यु जेनिथलाई १-० ले हरायो।

सदभाव र राहुल सम्मानित

काठमाडौं/ ३८औँ बंगलादेश एमेच्योर गल्फ च्याम्पियनसिपमा स्वर्ण जितेका नेपालका नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्य र राहुल विश्वकर्मालाई नेपाल गल्फ संघले सम्मान गरेको छ। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले व्यक्तिगततर्फ स्वर्ण विजेता सदभावलाई ५० हजार रुपैयाँ दिए। बंगलादेशमा उपाधि जित्ने सदभाव पहिलो नेपाली गल्फर हुन्। सन् १९८८ देखि नेपालले प्रतियोगिता सहभागिता जनाएको हो। सदभावले राहुलसँग मिलेर टिमतर्फको उपाधि पनि जितेका थिए। दुवै खेलाडीले जनही २५ हजार रुपैयाँ पाए।

फाल्डो गल्फ आजदेखि

काठमाडौं/ फाल्डो जुनियर टुर नेपाल च्याम्पियनसिप मंगलबारदेखि रोयल नेपाल गल्फ क्लबमा हुँदै छ। ५४ होलको प्रतियोगितामा जुनियर गल्फर विभिन्न तीन उमेर समूहमा प्रतिस्पर्धा गर्नेछन्। पुरुषतर्फ १७-२१, १२-१६ र महिलामा १२-२१ वर्षका गल्फरले भाग लिनेछन्। प्रत्येक समूहका विजेताले २३ देखि २५ अप्रिलसम्म भियतनाममा आयोजना हुने फाल्डो जुनियर टुर एसिया ग्रान्ड फाइनल खेल्न पाउने गर्ने नेपाल गल्फ संघका अध्यक्ष टासी घलेले जानकारी दिए। प्रतियोगितामा चार प्रदेशका ३१ जना जुनियर गल्फरहरूको सहभागिता रहनेछ।

लिखुभुजीलाई हाङथुम कप उपाधि

काठमाडौं/ रामेछापको लिखुभुजी क्लबले संखुवासभाको मूलखर्कमा भएको ४६औँ हाङथुम कपको उपाधि जितेको छ। प्रतियोगिताको फाइनलमा लिखुभुजीले सुनसरीको सिर्जना युथलाई १-० ले हरायो। खेलको ७२औँ मिनेटमा करण मगरले एक मात्र पेनाल्टी गोल गर्दै लिखुभुजीलाई उपाधि दिलाए। डिबक्सभित्र सुनसरीका खेलाडीले फल गरेपछि विपक्षीले पेनाल्टी प्रहार गर्न अवसर पाएको हो। प्रतियोगितामा उत्कृष्ट खेलाडी सिर्जना युथ सुनसरीका नगेन राई भए। उत्कृष्ट गोलरक्षक लिखुभुजीका मिलन श्रेष्ठ र सर्वाधिक गोलकर्ता चुलाचुली झापाका तीर्थ बस्नेत भए।

हेराल्ड कलेज विजयी

काठमाडौं/ आयोजक हेराल्ड कलेज चौथो हेराल्ड कप अन्तरकलेज छात्र बास्केटबल प्रतियोगितामा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। हेराल्डले न्युटनलाई ५२-४६ ले पराजित गर्‍यो। जेभियर इन्टरनेसनल, एन्जल्स हार्ट र लालीगुराँस नेसनल एकेडेमी पनि क्वार्टरफाइनलमा पुगेका छन्। जेभियरले ब्रिटिस गुर्खालाई ५२-४३ ले हरायो। एन्जल्स हार्टले युनिग्लोबमाथि ३०-२७ को कठिन जित दर्ता गर्‍यो। लालीगुराँसले फ्लोरोसेन्टलाई ४३-३२ ले पाखा लगायो। यससँगै समूह चरणका सम्पूर्ण खेल सम्पन्न भएको छ।

युकेमा सरिनालाई स्वर्ण

काठमाडौं/ नेपालकी सरिना घलेले डब्लुएमएसी इंग्लिस ओपन च्याम्पियनसिपमा स्वर्ण जितेकी छिन्। 'डेब्यु' अन्तर्राष्ट्रिय प्रतियोगितामै सरिनाले स्वर्ण जितेकी हुन्। इंग्ल्यान्डको क्यानोकस्थित चेस लिजर सेन्टरमा भएको प्रतियोगिताको ट्रेडिसनल वेपन फममा सरिनाले स्वर्ण जितेको नेपाल उमा कुङफु संघका अध्यक्ष संजितकुमार राईले जनाएका छन्। तेस्रो डान सरिनाले ९.१ अंक जोडिन्। प्रतियोगितामा आठ सय खेलाडीको सहभागिता रहेको थियो। सरिना एक वर्षदेखि युकेमै अध्ययनरत छन्।

एफए कपबाट बाहिरियो लिभरपुल

लिभरपुल एफए कपको चौथो चरणबाट बाहिरिएको छ। प्रमुख खेलाडीलाई विश्राम दिएको लिभरपुल आइतबार राति एफए कपको चौथो चरणमा प्लाइमाउथसँग १-० ले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको हो। प्लाइमाउथका लागि अर्ने स्टलले एक मात्र गोल गरेका थिए। लिभरपुलले मोहम्मद सलाह, नुनेज, कोन्टो, कप्तान भान डिजिकसहित नौजना प्रमुख खेलाडीलाई आराम दिइएको थियो। लिभरपुलका प्रशिक्षक स्टलले आफूहरू च्याम्पियन्स लिग, लिग कप र प्रिमियर लिगमा केन्द्रित भएको बताए। तस्बिर : एजेन्सी

धरानमा कोशी प्रदेश प्रिमियर लिग सुरु

धरान/ कोशी प्रदेश प्रिमियर लिग फुटबल प्रतियोगिता सोमबारदेखि धरानमा सुरु भएको छ। धरान रंगशालामा भएका खेलमा विजयी हुँदै उदयपुरको गाईघाट फुटबल क्लब र ताप्लेजुङको प्रगतिशील युवा क्लब आ-आफ्नो समूहको शीर्ष स्थानमा उक्लिएका छन्। पहिलो खेलमा गाईघाट फुटबल क्लबले भोजपुरको लाइब्रेरी फुटबल क्लबलाई ३-० ले हराउँदै समूह 'बी'मा तीन अंक जोड्यो।

गाईघाटको जितमा प्रवीन राईले दुई र प्रितम चौधरीले एक गोल गरेका थिए। अर्को खेलमा प्रगतिशीलले सुनसरीको धरान फुटबल क्लबलाई २-१ ले हरायो। प्रगतिशील समूह 'डी'को शीर्ष स्थानमा रह्यो। प्रगतिशीलका सबिन तामाङ र अनुप सेन्दोङले समान गोल गरेका थिए। धरान फुटबलका सबिन राईले एक गोल फर्काए।

कोशी प्रदेश फुटबल संघको आयोजनामा ८ फागुनसम्म हुने लिगमा ११ जिल्लाका जिल्ला लिग च्याम्पियनहरूको सहभागिता रहेको कोशी प्रदेश फुटबल संघका अध्यक्ष किशोर राईले जानकारी दिएका छन्। प्रतियोगिताको विजेता र उपविजेता टिम राष्ट्रिय लिगका लागि छनोट हुनेछन्।

त्यसपछि अन्तरप्रादेशिक लिग खेल्न छनोट खेल आयोजना हुने आयोजकले जनाएको छ। प्रिमियर लिगको विजेताले दुई लाख, उपविजेताले एक लाख ५० हजार, तेस्रो हुनेले एक लाख २५ हजार रुपैयाँ पाउनेछन्। यसैगरी, चौथो हुने टोलीले एक लाख पुरस्कार प्राप्त गर्नेछ।

२४औँ आहारारा गोल्डकप

चर्च ब्वाइजसँग स्तब्ध साबिक विजेता आर्मी

कास्कीमा रोहितराज पराजुली

अन्तिम समयको केही सेकेन्ड सम्हालिन नसक्दा साबिक विजेता त्रिभुवन आर्मी क्लब २४औँ आहारारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलबाट बाहिरिएको छ। पोखरा रंगशालामा सोमबार भएको तेस्रो क्वार्टरफाइनमा आर्मी चर्च ब्वाइज युनाइटेडसँग १-० ले स्तब्ध हुँदै उपाधि दौडबाट समेत बाहिरिएको हो। 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजलाई सेमिफाइनल पुर्‍याउन निर्णायक एक मात्र गोल अतिरिक्त खेलाडी राज भुसालले गरेका थिए।

खेलको ९०औँ मिनेटमा भुसालले नवीन लामाको कर्नरमा उत्कृष्ट हेडिङ गोल गरेका हुन्। खेलको २५औँ मिनेटमा भुसाल रोहन कार्कीको स्थानमा मैदानभित्र छिरेका थिए। जितसँगै चर्च ब्वाइजले गत वर्ष आर्मीसँग हारको बदलासमेत लिएको छ। पछिल्लो संस्करणको सेमिफाइनलमा आर्मीले चर्च ब्वाइजलाई २-१ गोलअन्तरले पराजित गरेको थियो। यसअघि एनआरटीलाई सडनडेथमा हराएको चर्च ब्वाइजले सीधै बाई पाएर क्वार्टरफाइनल स्थान बनाएको आर्मीसँग प्रतिस्पर्धा गरेको हो। चर्च ब्वाइजले ३० माघमा फाइनल प्रवेशका लागि नेपाल पुलिस क्लबको सामना गर्नेछ। चर्च ब्वाइजका प्रशिक्षक चेतनारायण श्रेष्ठले दुवै टोलीबिच उत्कृष्ट भिडन्त भए पनि स्कोर नआउँदा जित निकाल्न कठिन भएको बताए। आर्मीका प्रशिक्षक मेघराज केसीले लिग च्याम्पियनलाई ९० मिनेटसम्म रोक्नु नै बहादुरी प्रदर्शन भएको बताए। 'हामीले नेपालको शीर्ष स्थानमा रहेको टोलीलाई अन्तिम समयसम्म रोक्यौँ, यही नै उत्कृष्ट प्रदर्शन हो,' केसीले भने।

गोलरक्षकद्वयको उत्कृष्ट प्रदर्शन

चर्च ब्वाइज र आर्मीबिच अन्तिम मिनेटमा गोल निस्किनुको पछाडि दुवै टोलीका गोलरक्षकहरूले उत्कृष्ट प्रदर्शन गरेका कारण हो। दुवै टोलीले प्राप्त राम्रा गोल अवसरलाई गोलरक्षकले विफल पारे। आर्मीका विकेश कुथू र चर्च ब्वाइजका टिकेन्द्रसिंह थापाले डिबक्समा असाधारण प्रदर्शन गर्न सफल रहे। खेलको १२औँ मिनेटमा चर्च ब्वाइजका समीर तमाङको सटिक प्रहारलाई कुथूले विफल पारे। खेलको २०औँ मिनेटमा दिनेश हेम्जनले डिबक्सभित्रको हेडिङ गोल प्रयासलाई चर्च ब्वाइजका गोलरक्षक थापाले गोल लाइनबाट मुस्किलले नियन्त्रणमा लिए। खेलको ३०औँ मिनेटमा नीराजन धामीले डिबक्सबाट हेडिङ गोल प्रयास क्रसबारनजिक हुँदै बाहिरियो। खेलको ४७ मिनेटमा आर्मीका दिशान्त राईको सशक्त प्रहारलाई गोलरक्षक टिकेन्द्रले सहजै नियन्त्रणमा लिए। खेलको ५८औँ मिनेटमा चर्च ब्वाइजका मिलन राईको हेडिङबारमा लागेर फर्किएको थियो।

आर्मीविरुद्ध फिनिसिङमा कमजोरी

● **चेतनारायण श्रेष्ठ**, प्रशिक्षक, चर्च ब्वाइज

दुवै टोलीले निकै राम्रो खेल प्रदर्शन गरेका थिए। यद्यपि, गोलका लागि धेरै प्रयास भए पनि सफल भएन। हामीले अन्तिम समयमा एक मौका पायौँ, त्यसमा स्कोर भयो। समग्रमा आर्मीको स्पिड र प्राविधिक पक्ष बलियो छ। हाम्रा कमजोरी अर्को खेलमा सुधार हुनेछ। विशेष चर्च ब्वाइजको प्राविधिक रूपमा देखिएको कमजोरीलाई अर्को खेलमा सच्याइनेछ।

आर्मीको हार स्वाभाविक हो

● **मेघराज केसी**, प्रशिक्षक, आर्मी

हारजित स्वाभाविक हो। घरेलु फुटबलकै शीर्ष टोलीलाई ९० मिनेटसम्म रोक्नु नै हाम्रो बलियो पक्ष रह्यो। खेल नतिजा आफनो पक्षमा नआउँदा केही खल्लो हुन्छ। प्रतिस्पर्धामा आर्मीका खेलाडीहरूले गोलका लागि धेरै प्रयास गरेका थिए। यसमा एक प्रशिक्षकको नाताले म निकै सन्तुष्ट छु। तर, हारलाई दुर्भाग्यका रूपमा लिएको छु।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com